
# लेखापरीक्षण प्रतिवेदन
# दाङ्ग
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# Serving the Nation and the People

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुर्‍याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुर्‍याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुर्‍याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१. | पुनरवेदन सरकारी वकिल कार्यालय | ३ |
| ३.२. | जिल्ला सरकारी वकिल कार्यालय | ३ |
| ३.३. | आयुर्वेद अध्ययन संस्थान डिनको कार्यालय | ३ |
| ३.४. | आन्तरिक राजस्व कार्यालय | ४ |
| ३.५. | केन्द्रिय आयुर्वेद विद्यापिठ | ५ |
| ३.६. | जिल्ला जनस्वास्थ्य कार्यालय | ७ |
| ३.७. | जिल्ला प्राविधिक कार्यालय | १० |
| ३.८. | जिल्ला विकास समितिको कार्यालय | ११ |
| ३.९. | जिल्ला शिक्षा कार्यालय | १८ |
| ३.१०. | नेपाल संस्कृत विश्वविद्यालय केन्द्रिय कार्यालय | २० |
| ३.११. | महेन्द्र बहुमुखी क्याम्पस | २१ |
| ३.१२. | मालपोत कार्यालय, घोराही | २२ |
| ३.१३. | मालपोत कार्यालय, तुल्सीपुर | २२ |
| ३.१४. | राप्ती अंचल अस्पताल | २३ |
| ३.१५. | राप्ती उपक्षेत्रीय अस्पताल | २४ |
| ३.१६. | स्थानीय विकास कोषको सचिवालय | २६ |
| ३.१७. | शैक्षिक तालिम केन्द्र | २६ |
| ३.१८. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | २७ |
| ३.१९. | मध्य पश्चिम सिंचाई विकास डिभिजन नं. १ | ३० |
| ३.२०. | घोराही नगर विकास समिति | ३३ |
| ३.२१. | जिल्ला पशुसेवा कार्यालय, घोराही | ३४ |
| ३.२२. | यातायात व्यवस्था सेवा कार्यालय | ३५ |
| ३.२३. | यान्त्रिक कार्यालय | ३६ |
| ३.२४. | कारागार कार्यालय तुलसीपुर | ३६ |
| ३.२५. | जिल्ला प्रहरी कार्यालय घोराही | ३७ |
| ३.२६. | अञ्चल प्रहरी कार्यालय राप्ती | ३८ |
| ३.२७. | जिल्ला भू–संरक्षण कार्यालय | ३८ |
| ३.२८. | डिभिजन सडक कार्यालय | ४० |
| ३.२९. | जिल्ला हुलाक कार्यालय | ४७ |
| ३.३०. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ४७ |
| ३.३१. | जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय, लमही | ५२ |

| | | |
|---|---|---|
| ३.३२. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. १८, लमही | ५५ |
| ३.३३. | नगर विकास समितिको कार्यालय, लमही | ५८ |
| ३.३४. | प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना, लमही | ६० |
| ३.३५. | प्रगन्ना तथा बड्कापथ सिंचाइ डिभिजन, लमही | ६३ |
| ३.३६. | भूमिगत जल सिंचाई व्यवस्थापन डिभिजन, लमही | ६४ |
| ३.३७. | जिल्ला वन कार्यालय | ६६ |
| ३.३८. | जिल्ला कृषि विकास कार्यालय | ७१ |
| ३.३९. | पुष्पलाल(मध्य पहाडी लोकमार्ग आयोजना)पश्चिम खण्ड, तुल्सीपुर | ७५ |
| ४. | आन्तरिक लेखापरीक्षण | ८४ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ८५ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ८७ |
| अनुसूची ३ : | जिम्मेवार पदाधिकारीको नामावली | ८९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबार(बक्यौता समेत)को लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरीने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ५० कार्यालयको विस्तृत र ३५ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखारीक्षण सम्पन्न गरीएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ८५ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.५ अर्ब ९६ करोड ७ लाख को लेखापरीक्षण सम्पन्न गरीएको छ। लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरीएको छ।

यस वर्ष ४९ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ८२९ र रु.१ अर्व ८१ करोड ३० लाख ३ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ३७ कार्यालयको प्रतिक्रिया फछ्र्यौट र समायोजन भएका ३०८ दफा र रु.२५ लाख १० हजार मिलान गरी ४८ कार्यालयको दफा ५२१ रु.१ अर्व ८१ करोड ४ लाख ९३ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियावाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.२ लाख ५१ हजार र प्रतिक्रियाबाट रु.७ लाख समेत रु.२ लाख ५८ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.१६ करोड ७५ लाख ८१ हजार, अनियमित रु.५४ करोड १५ लाख ७१ हजार र पेश्की रु.१ अर्व १० करोड १३ लाख ४१ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

नियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## पुनरावेदन सरकारी वकिल कार्यालय

१. **चौमासिक खर्च** : कार्यालयले चौमासिक रुपमा कार्यसञ्चालन गर्नुपर्दछ । यो वर्ष कार्यालयले पूँजीगत कार्यक्रमतर्फ यो वर्ष रु.१,२७,६७,२९७।-खर्च गरेकोमा दोश्रो चौमासिकमा रु.३५,४२,९२०।- र तेश्रो चौमासिकमा रु.९२,२४,३७७।- खर्च गरेको पाइयो । तेश्रो चौमासिकमा गरेको खर्चमध्ये रु.५४,७७,०८५।- अर्थात कुल खर्चको ४२.९० प्रतिशत खर्च आषाढ महिनामा मात्र गरेको देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## जिल्ला सरकारी वकिल कार्यालय

१. **अन्य सेवा शुल्क** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा खर्च रकम स्वीकृत बजेटभित्र पर्दछ र खर्च गर्न बाँकि छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यबस्था रहेको छ । यो वर्ष करारमा नियुक्त कर्मचारीको तलव अन्य सेवा शुल्क शीर्षकवाट भुक्तानी गर्नुपर्नेमा रु.१,१६,४००।- तलव शीर्षकवाट खर्च लेखेको नियम संम्मत देखिएन ।

२. **जिन्सी निरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम जिन्सी निरिक्षण प्रतिवेदन अनुसार विभिन्न सामानहरु मर्मत एवं लिलाम विक्रि गर्नुपर्ने साथै पुरानो मालसामानको मूल्य कायम गराई राख्नुपर्नेमा पुराना मालसामानको मूल्य नखुलाएको र मर्मत लिलाम विक्रीको कारवाही भएको देखिएन । नियमानुसार जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## आयुर्वेद अध्ययन संस्थान डिनको कार्यालय

१. **पूँजीगत सम्पत्ति** : सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी पूँजीगत खाता राखी वर्षेनी ह्रासकट्टी गरी पूँजीगत सम्पत्ति देखाउनु पर्नेमा अद्यावधिक सम्पत्ति खाता र ह्रासकट्टी वेगर रु.१७,७६,९०,७७५।- पूँजीगत सम्पत्ति देखाएकोले यथार्थ सम्पत्ति खुल्ने वासलात तयार गर्नुपर्दछ ।

२. **चल सम्पत्ति** : तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नुपर्नेमा र विश्वविद्यालयका पदाधिकारी, शिक्षक वा कर्मचारीको नाममा रु.२,२३,१६,९०९।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

३. **धरौटी तथा दायित्व** : विश्वविद्यालयले धरौटीमा राखेको रकम रु.१,०४,०९,७१२।- मध्ये आयकर बापत राजस्वमा दाखिला गर्नुपर्ने रु.१,४२,४७७।- समेत रहेकोमा नियमानुसार फरफारक गर्नुपर्दछ ।

४. **भवन निर्माण** : भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।९।१६ भित्र निर्माण सम्पन्न गर्ने गरी रु.२२,५१,८३,२९०।- को सम्झौता भएकोमा यस वर्षसम्म जम्मा रु.१५,८०,०१,५२२।- भुक्तानी भएको देखिन्छ। लेखापरीक्षण अवधिसम्म पनि भवन निर्माण कार्य सम्पन्न भएको देखिएन ।

५. **बीमाको म्याद थप** : निर्माण व्यवसायीले विल अफ क्वान्टिटी मूल्यमा समाबेश भएको कामदार कर्मचारी बीमा बापत रु.१८,००,०००।- को बीमा गरेकोमा सो को म्याद ३० जुन २०१६ मा समाप्त भएकोमा म्याद थप भएको छैन ।

६. **बैंक हिसाव मिलान** : श्रेस्ता र बैंकमा फरक परेको रकम रु.२,१६,६९६।- को हिसाव मिलान गरेको छैन ।

७. **रजिष्टेशन शुल्क** : नेपाल संस्कृत विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले पाउनुपर्ने शूल्क रु.१२,२५०।- पठाएको छैन ।

८. **बार्षिक शुल्क** : विश्वविद्यालयबाट सम्बन्धन प्राप्त एक कलेजबाट वार्षिक शुल्क प्राप्त भएको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

९. **बैठक भत्ता** : परीक्षा समितिका एकै दिन ३ बटा बैठक बसेको मध्ये कार्यालय समय अघि र पछि बसेको बैठकको भत्ता दिई कार्यालय समयमा बसेको वैठक भत्ता ४ पदाधिकारीवाट रु.१,७००।- असुल गर्नुपर्दछ ।

## आन्तरिक राजस्व कार्यालय

१. **आय विवरण** : आयकर ऐन, २०५८ को दफा ९६ अनुसार तीन महिनाभित्र आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने २६०७५ करदातामध्ये १७२९१ करदाताले मात्र आय विवरण पेश गरेको, तोकिएको समयमा आय विवरण दाखिला नगर्ने ८७८४ करदाताको आय विवरण दाखिला गर्न लगाउने कार्य भएको पाइएन ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ अनुसार महिना समाप्त भएको २५ दिनभित्र कर विवरण बुझाउनु पर्नेमा दर्ता भएका ३७९० करदाताहरुले विवरण बुझाउनु पर्नेमा ३३४ करदाताले डेविट विवरण, ८२९ करदाताले क्रेडिट विवरण, १४९४ करदाताले शून्य विवरण पेश गरेको र ११३३ ले विवरण पेश नगरेको देखिन्छ । विवरण बुझाउने करदाताको संख्या न्यून देखिएकाले अनुगमन गरी विवरणको छानवीन बढाउनु पर्दछ ।

२. **वक्यौता असुली** : आयकर ऐन, २०५८ को दफा १०९ मा कर वक्यौता राख्ने व्यक्तिलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ । कार्यालयले असुल गर्न बाँकी रु. १,२५,०३,७५९।- आगामी वर्षका लागि जिम्मेवारी सारेको छ ।

३. **कर परीक्षण** : आयकर ऐन, २०५८ अनुसार आय विवरण पेश गरेको मितिले चार वर्षभित्र कर परीक्षण गरी सक्नुपर्ने व्यवस्था अनुसार यो वर्ष १२४ करदाताको कर परीक्षण गर्नुपर्नेमा ७३ करदाताको मात्र परीक्षण गरेको छ ।

४. **ऋण पूँजीको अनुपात** : कर दायित्वमा प्रत्यक्ष असर गर्ने शेयर पूँजी र ऋण पूँजीको अनुपात अन्तर्राष्ट्रिय अभ्यास हेर्दा १:३ सम्म रहेको देखिए तापनि कार्यालयका क्षेत्राधिकारका ३ करदाताको अवस्था परीक्षण गर्दा १:४ देखि १:२४ सम्म देखिएकोले पूँजी न्यून सङ्कलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा प्रभाव परेको देखिन्छ । यस सम्वन्धमा कानूनी व्यवस्था नभएकोले ऋण र पूँजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गर्दै अन्तर्राष्ट्रिय मान्यता अनुरुप ऋण पूँजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

५. **शिक्षा सेवा शुल्क** : आर्थिक विधेयक, २०७२ बमोजिम निजी शिक्षण संस्थाले उठाउने भर्ना तथा शिक्षण शुल्कमा १ प्रतिशत शिक्षा सेवा शुल्क असुल गर्ने व्यवस्था वमोजिम यस्तो शुल्क रु.६३ लाख ५६ हजार आम्दानी गरेको छ । तर शैक्षिक सेवा प्रदान गर्ने करदातालाई स्थायी लेखा नम्बर प्रदान गर्दा शैक्षिक सेवा खुल्ने गरी स्थायी लेखा नम्बर नदिएकाले दर्ता भएका शैक्षिक संस्थाहरुले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण पेश गरे नगरेको अनुगमन गर्न सकिने अवस्था छैन । शिक्षा सेवा शुल्क नबुझाएको वा कम बुझाएको सम्बन्धमा कार्यालयबाट अनुगमन भएको देखिएन ।

६. **स्वास्थ्य सेवा शुल्क** : आर्थिक विधेयक, २०७२ अनुसार नेपाल सरकार र सामूदायिक अस्पतालहरु वाहेक अन्य व्यक्ति वा संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको विजक मूल्यमा ५ प्रतिशत स्वास्थ्य सेवा कर लगाउने व्यवस्था अनुसार कार्यालयले रु.३३ लाख ७९ हजार स्वास्थ्य सेवाकर प्राप्त गरेको छ । तर करदातालाई स्थायी लेखा नम्बर प्रदान गर्दा स्वास्थ्य सेवा खुल्ने गरी स्थायी लेखा नम्बर नदिएकाले दर्ता भएका स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले स्थायी लेखा नम्बर लिए नलिएको

र आय विवरण पेश गरे नगरेको अनुगमन गर्न सकिने अवस्था छैन । संस्थाहरुले बुझाउनु पर्ने स्वास्थ्य सेवा कर बुझाए नबुझाएको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन ।

७. **तेल खरिद र बिक्री** : पेट्रोलियम पदार्थको कारोबार गर्ने एक करदाताले रु.३०,९७,१६९ करयोग्य आय देखाई २०७१।७२ को विवरण पेश गरकोमा सो आय विवरण उपर कार्यालयवाट पूर्ण कर परीक्षण गरी संशोधित करयोग्य आय निर्धारण गरेको छ। तेल ढुवानी खर्च रु.२४,४०,२६०।- प्रत्यक्ष खर्च भनी बिक्री लागतमा समाबेश गरी कुल नाफा रु.६०,२०,०५७।- (३.७%) देखाएकोमा सो ढुवानी खर्च (प्रत्यक्ष) अलग गर्दा तेल खरिद र बिक्रीको कुल नाफा रु.८४,६०,३१७।- (५.५३%) हुन आउँछ। करदाताले आयल निगमबाट खरिद गरेको दर र उपभोक्तालाई बिक्री गर्ने दर निश्चित हुने भएकोले कुल नाफा ५.५३% हुनु अस्वभाविक देखिएको सम्बन्धमा कार्यालयले आयल निगमबाट खरिद र बिक्री दर लिई कुल नाफाको अनुपातिक नाफा प्रतिशतलाई विश्लेषण गरेको पाइएन । कर परीक्षणमा आयल निगमवाट खरिद र बिक्री दरको प्रमाण लिई विश्लेषण गर्नुपर्दछ ।

८. **अन्त:शुल्क** : अन्त:शुल्क ऐन, २०५८ को दफा ९ अनुसार कार्यालयको कार्यक्षेत्र अर्न्तगत अन्त:शुल्क लाग्ने कारोबार गर्ने इजाजत पत्रको अभिलेख परीक्षण गर्दा विगत वर्षसम्म रहेका इजाजत पत्रवालाहरु नवीकरण भए भएनन्, नभएकाहरुले इजाजत पत्र अनुसार कार्य गरिरहेको छ छैन कार्यालयले सोको नियमित निरीक्षण एवं अनुगमन गर्ने गरेको पाइएन ।

९. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। कार्यालयले मूल्य नखुलेको पुराना मालसामानको मूल्य कायम गराई नराखेको, कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी समेत खुलाई तोकिएको ढाँचामा कार्यविवरण तयार गरी दिने गरेको नपाइएकोले सुधार गर्नुपर्दछ ।

## केन्द्रीय आयुर्वेद बिद्यापीठ

१. **पूँजीगत सम्पत्ति** : सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी खाता राखी ह्रासकट्टी गरी पूँजीगत सम्पत्ति वासलातमा देखाउनु पर्नेमा ह्रासकट्टी वेगर देखाएको रु.७८ लाख २४ हजारले पूँजीगत सम्पत्तिको यथार्थ चित्रण गर्दैन ।

२. **धरौटी** : आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ अनुसार धरौटीमा राखेको रकमको प्रयोजन समाप्त भएपछि फरफारक गर्नुपर्नेमा रु.१० लाख ६४ हजार धरौटी बाँकी देखिएकोले फरफारक गर्नुपर्दछ ।

३. **चल सम्पत्ति** : विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ अनुसार तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नुपर्ने र तोकिएवमोजिम पेश्की फछ्र्यौट नगरी बाँकी राखेमा वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिइने व्यवस्था छ। पेश्की बाँकी विवरण अनुसार यस वर्षको अन्त्यसम्ममा विभिन्न पदाधिकारी, कर्मचारी एवं संघ संस्थाको नाममा जम्मा रु.१६,९३,२००।- फछ्र्यौट हुन बाँकी रहेकोले नियमावलीमा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **दरवन्दी र पदपूर्ति** : विद्यापिठको लागि आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरबन्दी स्वीकृत गरी दरबन्दी अनुसारका पदहरु पूर्ति गर्नुपर्दछ। तर यस विद्यापिठको लागि आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरवन्दी स्वीकृत गरेको देखिएन । हाल विद्यापिठमा कार्यरत रहेका उप प्रशासक, लेखा अधिकृत, सह प्रशासक र चौकीदार पदहरुमा स्थायी कर्मचारीहरु काजमा रहेको र अन्य पदहरुमा करारमा भर्ना गरी विद्यापिठ सञ्चालन गरेको देखिन्छ । यो वर्ष शिक्षक तथा

कर्मचारीहरुको तलब भत्तामा रु.९४०६७३२।- खर्च भएको देखिन्छ । दरवन्दी स्वीकृत गरी पदहरु पूर्ति गर्न विश्वविद्यालयले ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

५. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । कार्यालयले जिन्सी निरीक्षण गरी गराई प्रतिवदेन लिएको र सो माथि कारवाही नगरेको, वार्षिक खरिद योजना नबनाएको, चल्ति मेसिन सवारी साधन मर्मत गर्दा सोको अभिलेख नराखेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका बेरुजूहरु फ्रछ्र्यौट नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, तालुक कार्यालयबाट निरीक्षण हुने भएता पनि त्यसको अभिलेख राख्ने नगरेको र समयमा नै पेश्की फछ्र्यौट हुने नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गर्नुपर्दछ ।

६. **अग्रिम भाडा कर** : आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भाडा रकम भुक्तानी गर्दा भुक्तानी रकमको १० प्रतिशतले अग्रिम भाडा कर कट्टी गर्नुपर्दछ । विद्यापिठले निर्माणाधीन केन्द्रीय आयुर्वेद भवनको जग्गा सम्याउँन डोजर भाडामा लिई एक कन्ष्ट्रक्सन प्रा.लि.लाई भुक्तानी गरेको भाडा रकम रु.३०,८००।- मा रु.३,०८०।- भाडा कर कट्टी गर्नुपर्नेमा रु.४६२।- मात्र कट्टी गरेकोले नपुग कर रु.२,६१८।- असुल गर्नुपर्दछ ।

७. **निर्माण** : विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ अनुसार बिद्यापीठले अमानतबाट निर्माण एवं मर्मत सम्बन्धी काम गर्न केन्द्रीय कार्यालयको पूर्वस्वीकृती लिनुपर्दछ । केन्द्रीय कार्यालयको पूर्वस्वीकृति बेगर ओ.पि.डि. एवं फार्मेसी कक्ष निर्माण गरी रु.३,७४,६८२।- खर्च लेखेकोमा सो कामको लागत अनुमान, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार नगरेकोले उल्लिखित प्रमाण पेश गर्नुपर्दछ ।

८. **पुस्तक खरिद** : आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ अनुसार दोश्रो मुलुकबाट सामान खरिद गर्नु पर्दा वा एकपटकमा रु.२५,०००।- भन्दा माथिको सामान खरिद गर्नुपर्दा केन्द्रिय कार्यालयको पूर्वस्वीकृत लिएर मात्र खरिद गर्नुपर्दछ । साथै विद्यापिठको लागि आवश्यक पुस्तक खरिद गर्नुपर्दा पुस्तकालय सञ्चालन समितिको निर्णय गराई खरिद गर्नुपर्दछ । यस विद्यापिठले तालुक निकायको पूर्वस्वीकृति र पुस्तकालय सञ्चालन समितिको निर्णय बेगर विदेशबाट रु.२,२७,३०४।- को पुस्तक खरिद गरेको अनियमित देखिन्छ ।

९. **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार दर्ता भएको संस्थाले कारोवार गर्दा रित पूर्वकको कर विजक जारी गर्नुपर्दछ । तर ल्याव सामाग्रीहरु आपूर्ति गरे बापत एक सप्लायर्सले जारी गरेका ४ कर विजकको प्रिन्टेड विजक नम्बरलाई हातले सच्याई पेश गरेको छ । बिजक नम्बर हातले सच्याउँन नमिल्ने हुँदा ती विभिन्न विजकहरुबाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.१,६०,५५०।- आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको यकिन नभएकोले उक्त मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा दाखिला वा समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१०. **बजेट र खर्च** : आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ अनुसार विद्यापिठले विभिन्न बजेट शीर्षकमा विनियोजित बजेटभन्दा बढि खर्च गर्नुपर्ने भएमा केन्द्रीय कार्यालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्दछ । केन्द्रको स्वीकति वेगर विद्यापिठले यो वर्ष कृषि सम्बन्धी खर्च शीर्षकमा विनियोजन भएभन्दा बढी रु.१४,७६०।- खर्च गरेको अनियमित देखिन्छ ।

११. **धरौटी फिर्ता** : आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ अनुसार विद्यापिठमा रहेको धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण समायोजन गरेको प्रमाण पत्र पेश गरीपछि मात्र फिर्ता गर्नुपर्दछ। विद्यापिठले एक फर्निचर उद्योगलाई रु.२१,०५०।- धरौटी फिर्ता गरेकोमा मूल्य अभिवृद्धि.कर समायोजनको प्रमाण बेगर फिर्ता दिएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ। तर कार्यालयले यो बर्ष गरेका ३ ठेक्कामध्ये दुई ठेक्का दोश्रो चौमासिकमा र एक ठेक्का तेश्रो चौमासिकमा गरेको छ। समयमै ठेक्का प्रकृया शुरु गर्नुपर्नेतर्फ कार्यालयको ध्यान जानु जरुरी छ।

२. **चौमासिक खर्च** : कार्यालयले पूँजीगत कार्यक्रम तर्फको रकम खर्च गर्दा प्रत्येक चौमासिक अवधिमा समानुपातिक रुपमा खर्च गर्नुपर्दछ। यो वर्ष रु.१९,६५,८६४।- खर्च गरेकोमा दोश्रो चौमासिकमा रु.२,३८,५६०।- र तेश्रो चौमासिकमा रु.१७,२७,३०४।- खर्च गरेको पाइयो । तेश्रो चौमासिकमा गरेको खर्चमध्ये रु.१६,३५,७४४।- (८३.२० प्रतिशत) खर्च आषाढ महिनामा मात्र गरेको देखिन्छ। यसरी कुल खर्चको अधिकाँश खर्च बर्षान्तमा गर्दा कार्यको गुणस्तर कायम गर्न कठिन हुने भएकोले समानुपातिक खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ९५ अनुसार कार्यालयले सम्पादन गर्ने कार्यहरु मितव्ययी पारदर्शी र प्रभावकारी ढङ्गबाट सम्पादन गर्ने आफ्नो कार्य प्रकृति अनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । कार्यालयले कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी नदिएको, मूल्य नखुलेका मालसामानको मूल्य नखुलाएको, अनुसूची-१४ तयार नगरेको, मर्मत अभिलेख नराखेको, कर कट्टी दाखिला गरेको राजस्व भौचर गोश्वरा भौचर साथ संलग्न नगरेको, पेश्की लेजर अध्यावधिक नराखेको, मागफारममा फाँटवालाको हस्ताक्षर नगरेको र स्वीकृत नभएको, जिन्सी खाता पाना नम्बर र परिमाण उल्लेख नगरेको र बेरुजूको लगत नराखेको जस्ता व्यहोरा देखिएको छ। तसर्थ कार्यालयले नियमावलीले निर्दिष्ट गरेबमोजिमका विषयहरु कार्यान्वयन गरी आन्तरिक नियन्त्रण पद्धतिलाई मजबुत गर्नुपर्दछ ।

४. **कार्यक्रम सञ्चालन** : राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत डट्स सेन्टर स्तरमा एच.एम.आई.एस. प्रणालीमा डाटा समायोजन गर्न नियमित चौमासिक वर्कसपमा एक दिन थप गरी तालिम सञ्चालन गर्न रु.१४,०००।- का दरले बजेट बिनियोजन भएकोमा कर्मचारीले तेश्रो चौमासिकमा एकै दिन ३ वटा ग्रुपको तालिम सञ्चालन गरेको छ । समयमै तोकिए अनुसार कार्यक्रम सञ्चालन गरी कार्यप्रगति हासिल गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

५. **क्षयरोगीको पुनः उपचार** : स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको नर्म्स तथा निर्देशिकामा पुनः उपचारमा दर्ता भएका क्षयरोगका बिरामीहरुलाई रकम भुक्तानी गर्दा बिरामीको उपचार कार्ड, नागरिकताको फोटोकपी आदि समेत सँलग्न गरी उपचार खर्च लेख्नुपर्नेछ भन्ने उल्लेख छ। कार्यालयका क्षय तथा कुष्ठ सुपरभाईजरले उक्त कार्यक्रमको लागि रु.४,००,०००।- पेश्की लिई फछ्र्यौट गर्दा केवल बिरामीहरुलाई भत्ता बिरतण गरेको भरपाई मात्र संलग्न गरी रकम बितरण गरेको पाइयो। तोकिएको प्रकृया पूरा गरी खर्च गर्नुपर्दछ।

६. **कार्यक्रम र प्रगति** : स्वीकृत कार्यक्रम अनुसार कार्य सञ्चालन गरी तोकेको लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ। लक्ष्य प्रगति विवरण अनुसार केही कार्यक्रमहरु सञ्चालन नै नभएको र केहीमा

ज्यादै न्यून प्रगति देखिएको छ। तसर्थ तोकिएको लक्ष्य अनुसार यथा समयमै कार्य सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

७. **सेवा शुल्क खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२) मा एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एक लाख रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म, संस्थासंग खरिद गर्नुपर्ने उल्लेख छ। एक संस्थालाई रु.२,१०,०००।- र एक कम्पनीलाई रु.२,००,०००।- भुक्तानी गर्दा उक्त संस्थाले पेश गरेको रु.४,१०,०००।- को खर्चको विल भरपाई संलग्न गरी कार्यालयले सोधभर्ना दिई खर्च लेखेकोमा कर वीजक पेश भएन। नियमानुसार कर वीजक लिई भुक्तानी गर्नु पर्दछ।

८. **तलबी प्रतिबेदन** : स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ अनुसार तलवी प्रतिबेदन पारीत गरी तलब खर्च लेख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले तलबी प्रतिबेदनमा पारीत ग्रेड रकमभन्दा ३५ कर्मचारीलाई रु.१,३९,१६०।- बढी भुक्तानी गरेकाले उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ। त्यस्तै ८ जना कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएको नपाइएकोले तलवी प्रतिवेदन पारित गरी खर्च लेख्नुपर्दछ।

९. **अवकास पश्चातको तलब** : स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४५(१) अनुसार ६० बर्ष उमेर पूरा भएको बा दफा १९ बमोजिमको पदावधि पूरा भएर अवकास भएका कर्मचारीहरुलाई तलब भत्ता भुक्तानी दिन मिल्दैन। तर कार्यालयबाट ४ कर्मचारीहरुलाई अवकास मिति पश्चात पनि तलब भत्ता बापत रु.१९८६३।- भुक्तानी भएकोले असुल गरी दाखिला गर्नुपर्दछ।

१०. **तलब भुक्तानी** : कार्यालयका एक कर्मचारीलाई भुक्तानी दिन बाँकीको विवरण बेगर २०७२ आश्विन महिनाको तलब भुक्तानी गर्दा २०७२ बैशाख र जेष्ठ समेतको छुट तलब भनी भुक्तानी दिएको रु.५०,७२०।- अनियमित देखिन्छ।

११. **खर्च शीर्षक** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा खर्च रकम स्वीकृत बजेटभित्र पर्दछ र खर्च गर्न बाँकी छ भने निकासा दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले करारमा कार्यरत कर्मचारीहरुको आश्विन महिनाको पारिश्रमिक भुक्तानी गर्दा अन्य सेवा शीर्षकबाट भुक्तानी गर्नुपर्नेमा तलब शीर्षकबाट रु.२,०९,२९६।- खर्च लेखेकोले अनियमित देखिन्छ।

१२. **पर्व खर्च : स्वास्थ्य** सेवा ऐन, २०५३ को दफा ४२(१) मा कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्पराअनुसार मनाइने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउने र यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एकपटक भुक्तानी लिन सक्ने उल्लेख छ। कार्यालय अन्तर्गतको एक स्वास्थ्य चौकीमा कार्यरत एक सि.अ.हे.ब लाई सरुवा भई आएको स्थानबाट चाडपर्ब खर्च नलिएको व्यहोरा उल्लेख गरी चाडपर्ब खर्च रु.२६,९६०।- भुक्तानी गरेकोमा रमाना पत्र तथा अन्य प्रमाण कागजात पेश नभएको हुँदा प्रमाण पेश गर्नुपर्दछ।

१३. **विल भरपाई** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्दछ। तर कार्यालयले विभिन्न स्वास्थ्य संस्थाहरुको इन्धन बापत रु.१,१४,०००।- खर्च लेख्दा बिल भरपाई सँलग्न गरेको छैन।

१४. **कार्यस्वीकार प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार कार्यालयले गरेको खरिद सम्झौता बमोजिमको काम सम्पन्न गरी सोको कार्यस्वीकार प्रतिवेदन पेश गरेपछि मात्र कामको अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले कार्यस्वीकार प्रतिवेदन बेगर एक निर्माण व्यवसायी र एक उद्योगलाई रु.९,४४,८२९।- भुक्तानी दिएको छ। ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना नगरी गरेको भुक्तानी कार्य नियमसम्मत् देखिएन।

१५. **धरौटी कट्टी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार खरिद सम्झौता बमोजिम निर्माण काम गर्ने निर्माण व्यवसायीले सम्झौता अनुसारको काम गरेपछि रनिङ विल भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बाहेकको भुक्तानीमा ५ प्रतिशतले धरौटी रकम कट्टा गरेर मात्र भुक्तानी दिनुपर्दछ । कार्यालयले दुई निर्माण व्यवसायीसंग गरेको खरिद सम्झौता बमोजिम धरौटी बापत रु.५२,३०१।- कट्टी नगरी भुक्तानी गरेको छ ।

१६. **बचत रकम** : तालुक निकाय एवं दातृ संघ संस्थाबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न प्राप्त भएको बजेटमध्ये कार्यक्रममा खर्च गरी वषान्तमा बाँकी रहन गएमा त्यसरी बाँकी भएको रकम फिर्ता गर्नुपर्ने निर्देशन भएमा फिर्ता गर्ने अन्यथा सञ्चित कोष दाखिला गर्नुपर्दछ। यस कार्यालयलाई जिल्लामा हात्तीपाइले रोग नियन्त्रण सम्बन्धी औषधि खुवाउने लगायतका कार्यक्रम सञ्चालन गर्न प्राप्त भएको रु.८९,६४,६४४।- मध्ये कार्यक्रममा खर्च गरी बाँकी रहन गएको रु.६,८३,११३।- लेखापरीक्षण अवधि (२०७३।१०।१८) सम्म खातामै मौज्दात देखियो । उक्त रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।.

१७. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार लिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म प्रमाण पेश गरी फछ्र्यौट गर्नुपर्दछ । बैंक नगदी किताव अनुसार बजेट उप-शीर्षक नम्वर ३७०८०४३ मा वर्ष भरमा रु.२,४१,६६,७३२।- पेश्की गएको र रु.२,३२,५६,९३९।- फछ्र्यौट भई वर्षान्तमा रु.९,०९,२५३।- बाँकी रहेको देखिएकोमा पेश्की फछ्र्यौट बाँकी विवरण अनुसार रु.११,३७,८८३।- बाँकी रहेको देखाएबाट रु.२,२८,६३०।- फरक परेको देखिन्छ । कार्यालयले सफ्टवेयरबाट लेखा राखेकोमा सोबाट पेश्की बाँकी विवरण लगायत सवै प्रकारका अन्तिम प्रतिवेदन तयार हुने भएकोमा के कारणबाट पेश्की बाँकी रकम फरक पर्न गएको हो यकिन गर्नुपर्ने देखिन्छ । कार्यालयले ३ उप-शीर्षकहरुबाट दिएको पेश्की रकम आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नगरी बाँकी नै देखियो । तसर्थ फछ्र्यौट गर्न बाँकी पेश्की रु.१३,४१,०८३।- आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

१८. **कर कट्टी** : एक कर्मचारीले लिएको कार्यक्रम सञ्चालन सम्वन्धी पेश्की फछ्र्यौट गर्दा सामान खरिद बापतको भुक्तानी रु.९०,०७०।- मा घटी अग्रिम कर कट्टी गरेको रु.१,३५१।- र अर्को कर्मचारीले पेश्की फछ्र्यौट गर्दा विल भरपाईभन्दा रु.२,१५२।- बढी फछ्र्यौट गरेको समेत रु.३,५०३।- दाखिला गर्नुपर्दछ ।

१९. **हर्जाना** : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार आपूर्तकसंग भएको सम्झौतामा तोकिएको अवधिभित्र सामान आपूर्ति नभई ढिला भएमा ढिला अवधिको दैनिक ०.०५ प्रतिशतले हर्जाना असुल गर्नुपर्दछ । न्यानो झोला आपूर्ति गर्ने एक आपूर्तकले सम्झौता अनुसार २०७२।११।१७ भित्र आपूर्ति गर्नुपर्नेमा २०७२।१२।७ मा मात्र आपूर्ति गरेकोले २० दिनको हर्जाना रु.६,३२०।- असुल गर्नुपर्दछ ।

२०. **बिल भरपाई** : भिटामिन ए क्याप्सुल खुवाउने कार्यक्रम अन्तर्गत ९२५ स्वयम्सेवकको २०७२ फाल्गुण २० र २१ गते दुई दिनको रु.८००।- ले रु.७,४०,००० ।- विभिन्न स्वास्थ्य संस्थाको बैक खातामा निकासा दिंदा तुलसीपुर नगरपालिकाको नामको रु.४०,०००।- सम्बन्धित निकायको खातामा रकम जम्मा गरेको वा बुझेको भरपाई पेश भएको छैन ।

२१. **औषधि उपचार** : कार्यालयले स्वास्थ्य संस्था मार्फत वितरण गर्नुपर्ने औषधि सिधै वितरण गर्न हुँदैन । एक आपूर्तकको विभिन्न मितिका १० थान बिल अनुसार रु.४७,८७६।- को औषधि खरिद गरी सेवा ग्राहिलाई सिधै उपलव्ध गराएको देखिएको छ । यसमा नियन्त्रण हुनुपर्दछ ।

२२. **सञ्चित कोष फिर्ता** : वचत रकम रु.१३,०२३।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता देखाई दुई कर्मचारीको पेश्की फछ्र्यौट गरेकोमा उक्त रकम फिर्ता भएको नपाइएकोले सर्वसञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

## जिल्ला प्राबिधिक कार्यालय

१. **सम्पन्न आयोजना र हस्तान्तरण** : कार्यालयले यो वर्ष १०९ योजना सञ्चालन गरेकोमा ८६ योजना सम्पन्न गरी १ योजना मात्र हस्तान्तरण भएको छ । सञ्चालित आयोजनाहरु समयमै सम्पन्न गरी हस्तान्तरण गर्नुपर्दछ ।

२. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस बर्ष गरेका २० ठेक्कामध्ये ४ ठेक्का दोश्रो चौमासिकमा र १६ ठेक्का तेश्रो चौमासिकमा गरेको छ । समयमै ठेक्का प्रकृया शुरु गर्नुपर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३. **आषाढको खर्च** : कार्यालयले स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च गर्नुपर्दछ । यस वर्ष केन्द्रीय शीर्षक अर्न्तगत ८ पूँजीगत शीर्षकहरुको कुल खर्च रु.२१,६५,३६,८९९।- मध्ये तेस्रो चौमासिकमा ५६.५७ प्रतिशत र आषाढ महिनामा मात्र ३३.१० प्रतिशत खर्च भएको पाइयो । आर्थिक वर्षको अन्तिम महिनामा अत्यधिक मात्रामा खर्च गरी हतारहतारमा योजना र कार्यक्रम सञ्चालन गर्दा गुणस्तरीय रुपमा काम हुन गाह्रो पर्दछ । तसर्थ समयमै योजनाहरु सञ्चालन गरी समानुपातिक रुपमा खर्च गर्नुपर्दछ ।

४. **अधुरा आयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार खरिद सम्झौता भई कार्य प्रारम्भ भएका आयोजनाहरुको सम्झौतामा तोकिएको अवधिमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ । राष्ट्रिय यातायात सुधार कार्यक्रम अन्तर्गतको कालाकाटे–गढबा–बेला–राजपुर सडक खण्ड स्तरोन्नती गर्न रु.१०,३३,१६,१७२।- को ठेकअङ्कमा २०७३।७।१४ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२।३।३० मा सम्झौता गरी मोबिलाइजेशन पेश्की रु.४५,००,०००।- भुक्तानी भएकोमा काम अधुरो राखेकोले उक्त ठेक्काको म्याद थप गरेको एवं ठेक्का तोड्ने सम्बन्धी कारबाही गरेको पाइएन । अतः सो सम्वन्धमा कारबाही गरी योजना सम्पन्न गर्नुपर्दछ ।

५. **कन्टिन्जेन्सी खर्च** : कार्यालयले राखेको अभिलेख अनुसार यो वर्ष २ बजेट उप शीर्षक नम्बरहरुमा गरेको खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्च गर्न पाउने रकमभन्दा बढी खर्च गरेको देखिन्छ । यसरी बढी खर्च गरेको रकम रु.४,५५,२६०।- नियमसम्मत् देखिएन ।

६. **झोलुङ्गेपुल निर्माण** : ओदालेघाट र बास्कोटेघाट पुलका लागि ठेक्का प्रकृयाबाट एक आपूर्तक मार्फत स्टिल पार्टस क्रमशः रु.२,६०,२६३।- र रु.१८५९८४५।- को खरिद गरी प्रयोग बेगर मौज्दातमा राखी पुल निर्माण कार्य सुरु गरेको पाइएन । निर्माण कार्य सुरु नगरी सामान मात्र खरिद गरी मौज्दात राख्नु मनासिब देखिएन ।

७. **नापी किताव** : सार्बजनिक खरीद नियमाबली, २०६४ को नियम १२५(२) अनुसार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । कार्यालयले एक प्रा.लि.को कर विजक अनुसार ५ बटा झोलुङ्गे पुलको लागि फेव्रिकेटेड स्टिल पार्टस खरिद गरी रु.३१,६०,३३६।- खर्च लेखेको छ । खरिद भएका सामग्रीहरु नापी कितावमा प्रविष्ट भएको पाइएन । पुलको लागि खरिद भएका स्टील पार्टस, सिमेन्ट लगायत निर्माण सामग्री खरिद, सेवाप्रदायक सँस्थालाई भुक्तानी दिएको रकम, लट्ठा मूल्य तथा ढुवानी बापतको रकम समेत स्पष्ट देखिने गरी सम्बन्धित झोलुङ्गेपुलको नापी कितावमा प्रविष्ट गरी पुल निर्माणको कुल खर्च देखिने गरी तयार गर्नुपर्दछ ।

८. **सेवा खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) अनुसार कुनै बस्तु वा सेवा खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने उल्लेख भएकोमा एक संस्थासँग प्यान तथा भ्याट बिल बेगर सोझै रु.४,९१,२६९।- को परामर्श सेवा खरिद गरेको अनियमित भएको देखिन्छ ।

९. **योजना सञ्चालन** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले स्वीकृत कार्यक्रम अनुसारका योजनाहरुमा खर्च गर्नुपर्दछ । यो वर्ष स्वीकृत भएको कार्यक्रम अन्तर्गत लमही नगरपालिका ३ नं.वडा कार्यालय भवन निर्माणको लागि छुट्याएको रु.१०,००,०००।- खर्च भएको पाइएन । योजनाको छनौट गर्दा आवश्यकता र औचित्यता विचार गरी छनौट गर्न ध्यान दिनुपर्दछ ।

१०. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसारको भुक्तानीमा १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्नेमा आई.पि.एम कृषक पाठशाला तालिम सञ्चालनमा तालिम सामग्री एबं खाजा खर्च बापतको भुक्तानीमा ३ फर्मसंग रु.६,४०३।- अग्रिम कर कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्दछ ।

११. **आनुपातिक कट्टी** : सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ९७ अनुसार कार्यालयले तयार गरेको कार्य सम्पन्न प्रतिवेदनमा सम्झौता अनुसार उपभोक्ता समितिले गर्नुपर्नेभन्दा कम जनसहभागिता जुटाएको अबस्थामा समेत अनुदानमा अनुपातिक कट्टी नगरी पुरै रकम भुक्तानी गरेकोले ७ उपभोक्ता समितिलाई रु.४२,१०७। सम्झौताभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१२. **बढी भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) अनुसार एक निर्माण व्यवसायीलाई वीमा रकम रु.५०,०००।- भुक्तानी गर्दा रु.२७,८००।- को मात्र विल पेश भएकोले वढी भुक्तानी भएको रु.२२,२००।- असुल गर्नुपर्दछ ।

१३. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार खरिद तथा निर्माण सम्बन्धी कार्य गरे बापत राखेको धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण लिएर मात्र फिर्ता दिनुपर्दछ । कार्यालयले ७ वटा निर्माण व्यवसायीलाई रु.२१,७५,४८९।- धरौटी फिर्ता गरेकोमा उक्त प्रमाण बेगर धरौटी फिर्ता दिएको नियमसम्मत् देखिएन ।

१४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२(१) अनुसारको प्रावधान पूरा नगरी तिन बजेट शीर्षक र कार्यक्रमहरुबाट दिएको पेश्की रु.२,५८,२८,६९६।- आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभई बाँकी रहेकोले फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **विगतको जिम्मेवारी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार गत वर्षको धरौटी समेत रु.८,७९,१२,९१०।- अन्तिम मौज्दात जिम्मेवारी सार्नु पर्नेमा रु.८,७९,३२,१९४।- जिम्मेवारी सारेकोले रु.१९,२८४।- बढी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी सार्दा धरौटीमा रु.१९,२८४।- बढी जिम्मेवारी सारेको कारण बढी हुन गएकोमा स्पष्ट गरी जिम्मेवारी हिसाव मिलान गर्नुपर्दछ ।

२. **धरौटी मौज्दात** : धरौटीको आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु.७१,५६,९९४।- मा यस वर्षको आम्दानी रु.३४,९६,४२५।- थप गर्दा जम्मा आम्दानी रु.१,०६,५३,४१९।- वाट फिर्ता खर्च रु.२७,८५,६६२।- घटाउँदा श्रेस्ता अनुसार बाँकी रु.७८,६७,७५७।- हुनुपर्नेमा रु.६४,७८,६०५।- देखाएकोले रु.१३,८९,१५२।- घटी मौज्दात देखाएको प्रमाण पेश गर्नुपर्दछ ।

३. **अन्तिम मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । आय-व्यय विवरणमा स्रेस्ता बमोजिम रु.१०,५७,९१,९१५।- र बैंक

स्टेटमेन्ट अनुसर रु.१३,२३,०८,३८१।- मौज्दात देखिएको छ । बैंकमा रु.२,६५,१६,४६६।- बढी मौज्दात देखिएकोले सोको बैंक समायोजन गरी प्रमाण पेश गर्नुपर्दछ ।

४. **उपभोक्ता समिति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(२) मा उपभोक्ता समितिको सूचीकृत गरी लगत राख्नुपर्नेमा कार्यालयले अधिकाँश कार्यक्रमहरु तदर्थ रुपमा गठित उपभोक्ता समितिद्वारा गराएको छ । त्यस्तै नियम १५५(३) बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेमा सूचना प्रकाशन गरेको छैन । नियम १५५ को (५)घ बमोजिम खर्चको विल भर्पाई सहित पूरा ज्याला, कम ज्याला र विना ज्यालामा काम गरेको छुट्टा छुट्टै अभिलेख राख्नुपर्नेमा सो समेत राखेको पाइएन ।

५. **आयोजना हस्तान्तरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ज) बमोजिम आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा सम्पन्न हुन बाँकी ८ योजना सम्पन्न गरी हस्तान्तरण गर्नुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएबमोजिम कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन मूल्याङ्कन गर्दा समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने गरेको, खर्च भएका बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, आन्तरिक लेखापरीक्षण शाखाले बेरुजूको लगत नराखको, अनुगमन नगरेको, दैनिक आम्दानी खाता र बैंक दाखिला खाता नराखेको, सम्परीक्षण गर्ने र असुलको लागि ताकेता गर्ने कार्यहरु नभएको आन्तरिक लेखापरीक्षकले औंल्याएका बेरुजूहरु फछ्र्यौट गरी सोको लगत कट्टा तथा सुझाव कार्यान्वयन नगरेको बैंक ग्यारेन्टिको अभिलेख खाता, डोर हाजिरी नियन्त्रण खाता, नापी किताब नियन्त्रण खाता र आइटमवाइज कार्य अभिलेख खाता अद्यावधिक गरी राख्नुपर्नेमा नराखेको विभिन्न सामानको लिलाम नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार हुनुपर्दछ ।

७. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (३) मा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गरीसक्नु पर्ने व्यवस्था छ । तर कार्यालयले यस वर्ष सम्झौता गरेका ५ करोड ९५ लाख १७ हजारको विभिन्न २४ ठेक्काहरु तेस्रो चौमासिकमा मात्र गरेको छ । समयमै ठेक्का प्रकृया शुरु गर्नुपर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, को नियम १९२ र १९५ को प्रावधान पूरा नगरी जिल्ला विकास कोषतर्फ दिएको पेश्की रु.११,२६,७४६।- आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बाँकी रहेकोले पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

९. **लेखापरीक्षण** : जिल्ला स्थित विभिन्न ३१ गाउँ विकास समितिको कार्यालयको २०७१।७२ को लेखापरीक्षण गरी प्रतिवेदन प्राप्त भइसकेको देखियो । प्राप्त प्रतिवेदनहरुमध्ये केही गाउँ विकास समितिको प्रतिवेदन अध्ययन गर्दा प्रतिवेदनको ढाँचा फरक फरक देखिएको, लगती एवं सैद्धान्तिक व्यहोराहरु स्पष्ट नछुटिएको, लेखापरीक्षण ऐनमा उल्लिखित नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यताका विषयहरुलाई पूर्णरुपमा ग्रहण गर्न नसकेको आदि जस्ता व्यहोराहरु देखिएको छ । आगामी दिनमा तत्तत् विषयहरुमा सुधार गर्नुपर्दछ ।

१०. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा ऐनको दफा २२२ को उपदफा(७) को प्रयोजनको लागि जिल्ला विकास समितिले गरेको आन्तरिक आयको पच्चीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाइने व्यबस्था रहेको छ ।

यस कार्यालयमा यो वर्ष आन्तरिक आयबाट रु.४,७६,५४,८९८।- आम्दानी भएकोमा सोही अनुरुप २५ प्रतिशतले रु.१,१९,१३,७२५।- खर्च गर्नुपर्नेमा रु.१,२७,७९,७२०।- खर्चगरी रु.८,६५,९९६।- बढी खर्च गरेको देखियो । तोकिएको सीमाभन्दा बढी खर्च गरेको नियमित देखिएन ।

११. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यपस्थापन कार्यविधि, २०६९ को दफा ४८ को उपदफा ६ अनुसार स्थानीय निकायको आन्तरिक लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ बमोजिम कार्य योजना बनाई गर्नुपर्दछ भनी तोकिएको छ । यस जिल्ला विकास समितिको आन्तरिक लेखापरिक्षण कार्य योजना बनाई मासिक रुपमा नभई चौमासिक रुपमा हुने गरेको देखियो । कार्यविधिले तोकिदिए बमोजिम मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ ।

१२. **किस्ता असुल** : यस वर्षको सिमेन्ट जिल्ला निकासी कर असुलीका एक ठेकेदार र कार्यालयवीच भएको सम्झौता अनुसार ठेकेदारले यो वर्ष बुझाउनु पर्ने ठेक रकम रु.४१,२१,००००।- मध्ये दोस्रो किस्ता बापतको रु.२०,६०,५००।- बुझाउन बाँकी रहेको देखियो । ठेकेदारबाट असुल हुन बाँकी किस्ता र मूल्य अभिवृद्धि कर समेतको बैंक जमानी लिनुपर्नेमा लिएको देखिएन । बैंक जमानी नलिई ठेक्का सञ्चालन गर्न दिएको कारण आर्थिक वर्ष भुक्तान भएको ६ महिनासम्म पनि बुझाउन बाँकी किस्ता र मूल्य अभिवृद्धि करको रकम असुल नभई जोखिममा पर्न गएकोले दोस्रो किस्ता बापतको रु.२०,६०,५००।- र सोको मूल्य अभिवृद्धि कर रु.२,६७,८६५।- गरी जम्मा रु.२३,२८,३६५।- असुल गर्नुपर्दछ ।

१३. **सेवा शुल्क** : आन्तरिक स्रोत पूँजीगत शीर्षक अन्तर्गत मूल्य अभिवृद्धि करमा दर्ता नभएका ३ संस्थाहरुलाई सेवा शुल्क बापत रु.३,४७,८००।- भुक्तानी गर्दा १५ प्रतिशतले करकट्टी नगरी घटी हुने गरी कट्टी गरेको देखिदा घटी भएको कर रु.१९,८२१।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१४. **अनुगमन** : कार्यालयले अनुगमन गरेको अवधि २०७३।३।२३ देखि ऐ. २५ सम्म ३ दिनको मात्र खर्च भुक्तानी दिनुपर्नेमा २०७३।३।२२ देखि २५ सम्म गरी ४ दिनको अनुगमन खर्च भुक्तानी दिएकोले अनुगमन खर्च (गाडी भाडा) बापत रु.४,९५०।- (रु.५,५००।- मा भाडा कर रु.५५०।- कटाई) भुक्तानी दिएकोले अनुगमन नभएको अवधिको उक्त रकम असुल गर्नुपर्दछ ।

१५. **बढी खर्च** : यूनिसेफतर्फ धर्ना र सौडियार गाउँ विकास समितिका बालमैत्री स्थानीय शासनका सूचकहरुको अवस्था विश्लेषण गरी प्रतिवेदन तयार गरे बापत एक परामर्शदातालाई रु.८५,८००।- भुक्तानी दिदा घटी कर कट्टी गरेको रु.२,७००।- र नर्म्स अनुसार ६ वटा ग्रुप मिटिङ गरेको रु.१२,०००।- मात्र खर्च लेख्नुपर्नेमा रु.२०,०००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.८,०००।- समेत जम्मा रु.१०,७००।– असुल गर्नुपर्दछ ।

१६. **बक्यौता असुली** : जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा, रोयल्टी आदि रकमहरु तोकिएको समयभित्रै असुल गर्नुपर्दछ । यो वर्षको अन्तमा विभिन्न व्यक्ति, संस्था वा फर्मबाट विगत वर्ष २०३३।३४ देखि २०७१।७२ सम्मको असुल गर्न बाँकी रु.३१,९५,६०५।- मा यस वर्षको रु.२०,६०,५००।- थप गर्दा जम्मा रु.५२,५६,१०५।- असुल गर्न बाँकी रहेको देखिन्छ । उक्त रकम असुल गर्नुपर्दछ ।

१७. **जमानत जफत** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ अनुसार आन्तरिक आयको ठेक्कापट्टा प्रक्रियाबाट सबैभन्दा बढी अङ्क कबोल गर्ने निर्माण व्यवसायीले ठेक्का सकार नगरेमा निजको जमानत जफत गरी दोस्रो बढीवाला निर्माण व्यवसायीको कवोल अङ्क स्वीकृत गर्नुपर्दछ । यस वर्षको सिमेन्ट जिल्ला निकासी ठेक्कापट्टा प्रक्रियामा सबैभन्दा बढी अङ्क रु.४१,३४,४४४।- कवोल गर्ने एक निर्माण व्यवसायीले ठेक्का सकार नगरेकोले निजको जमानत

बापतको रु.२,०६,७२२।- जफत गर्नुपर्नेमा जफत नगरी अर्को निर्माण व्यवसायीसंग सम्झौता गरेकाले उक्त रकम असुल गर्नुपर्दछ ।

१८. **भ्रमण खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ अनुसार कर्मचारीले भ्रमण गर्दा किफायती तवरबाट भ्रमण गरी खर्च गर्नुपर्दछ । दुई कर्मचारी कार्यालयको ४९२१ नं. को गाडीवाट काठमाडौ जानु भएको थियो । काठमाडौबाट घोराही फर्कदा एक कर्मचारी सरकारी गाडीवाट फर्केकोमा अर्को कर्मचारी काठमाडौबाट नेपालगञ्ज हवाई जहाजवाट आई हवाइ भाडा खर्च बापत रु.६,५००।- खर्च भएको छ । हवाई जहाजबाट फर्कने कर्मचारीलाई नेपालगञ्ज लिन जानु परेको भनी बा.३ च.१०७४ नं. को गाडीमा इन्धन राखेको भनी रु.२,२६५।- खर्च भएको देखिएको छ । गाडीबाट नफर्कदा अनावश्यक रुपमा रु.८,७६५।- बढी व्ययभार पर्ने गरी खर्च गरेको देखिएको छ ।

१९. **प्रोत्साहन भत्ता** : स्थानीय स्वायत्त शासन नियमावली, २०६४ बमोजिम थप सुविधा दिनु पर्दा नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको स्वीकृति नलिई यस वर्ष कर्मचारीहरुलाई प्रोत्साहन भत्ता बापत जम्मा रु.१३,८१,८२३।- खर्च लेखेको छ ।

२०. **कन्टिन्जेन्सी खर्च : स्थानीय** निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि, २०६९ अनुसार पूँजीगत लगानीको रकमबाट अनुसूची–९ बमोजिम ५ प्रतिशत कन्टिन्जेन्सी बापत छुट्याइको रकम पूँजीगत प्रकृतिका काममा समेत खर्च गरी अभिलेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार यो बर्ष पूँजीगत शीर्षकहरुवाट कट्टि गरेको रु.६०,५८,८६९।- र गत बर्षको जिम्मेबारी सरी आएको रु.३,१८,६९१।- समेत जम्मा रु.६३,७७,५६०।- मध्येबाट कार्यालयको प्रशासनिक खर्च र सवारी इन्धन लगायतका चालु प्रकृतिका कार्यहरुमा रु.६३,४३,६६०।- खर्च गरेको पाइयो । कार्यालयले कन्टिजेन्सी खर्चको हिसावलाई तोकेको ढाँचामा अभिलेख राखेको देखिएन । कार्यालयले पूँजीगत प्रकृतिका कार्यहरुमा खर्च गरी नियमले तोकेको ढाँचामा अभिलेख राखी कन्टेन्जेन्सी खर्च गर्नुपर्दछ ।

२१. **भ्रमण आदेश** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ अनुसार स्थानीय विकास अधिकारीको जिल्ला बाहिरको भ्रमण आदेश एक तहमाथिको अधिकारीबाट स्वीकृत गर्नुपर्ने उल्लेख छ । स्थानीय विकास अधिकारीको जिल्ला बाहिरको २ वटा भ्रमण आदेश आफैले स्वीकृत गरी रु.२७,३५०।- खर्च लेखेको देखिदा उक्त खर्च नियमसम्मत् भएको छैन ।

२२. **अनुगमन प्रतिवेदन** : विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु १६ जना मार्फत जिल्लास्थित विभिन्न योजनाहरु अनुगमन गरेको भनी निजहरुलाई दैनिक रु.१,०००।- का दरले जम्मा रु.८०,०००।- अनुगमन भत्ता बापत भुक्तानी दिएको देखियो । उक्त टोलीले जिल्लाका योजना अनुगमन गर्दा देखिएको अवस्था र त्यसका समाधानका उपायहरु समेत समावेश गरी अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेमा त्यस्तो प्रतिवेदन बेगर भत्ता खर्च लेखेको देखिदा सोको प्रमाण पेश गर्नुपर्दछ ।

२३. **कम लागतका आयोजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११(२) अनुसार पूंजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूंजीगत शीर्षकबाट रु.५ लाखभन्दा कम लागतका आयोजना छनौट तथा सञ्चालन गरी विभिन्न योजनाको लागि रु.७१,९०,०००।- खर्च गरेको पाइयो । कार्यविधिले व्यवस्था गरेबमोजिम रु.५ लाखभन्दा ठुला योजनाको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । जिल्ला अन्तरगतको आन्तरिक स्रोत, साधन अवैध व्यापार, भोग चलन तथा निकासी गर्ने व्यक्ति र साधन जिल्ला प्रहरी कार्यालय

र सो अन्तर्गतका चौकीहरुको सहयोगमा पक्डी सो मुद्दाबाट असुल भएको जरिवाना रकमको २० प्रतिशत प्रोत्साहन स्वरुप भनी जिल्ला स्थित २ सुरक्षा निकायलाई रु.७८,०००।- खर्च लेखेको पाइयो । उक्त रकम सम्बन्धित कार्यालयको सम्बन्धित खातामा आम्दानी भएको प्रमाण लिएको पाइएन । तसर्थ सम्बन्धित संस्थामा आम्दानी भएको प्रमाण पेश हुनुपर्दछ ।

२५. **सेवा शुल्क खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने, व्यवस्था छ । कार्यालयले तालिम, सेमीनार तथा गोष्ठिको नर्मस तयार नगरेको, लागत अनुमान तयार नगरेकोमा सम्बन्धित संस्थाले पेश गरेको प्रस्तावलाई नै आधार बनाई सम्झौता गरेको छ । एकै प्रकृतिका तालिम, गोष्ठी, योजना अध्यावधिक, प्रभाव मूल्याङ्कन जस्ता कार्यक्रम सञ्चालन गरेकोमा एक कर्मचारीबाट एक कार्यक्रम, चार संघ सस्थाबाट ६ कार्यक्रम (खर्चका विल भरपाई पेश गरी) र दुई संघ संस्थाबाट दुई कार्यक्रम, दुई प्रा.लि.बाट तीन कार्यक्रम (वीजक पेश गरी) र एक कन्सल्ट्यान्सीबाट एक कार्यक्रम (प्यान बिलबाट) सञ्चालन गरी कूल रु.१४,२८,३४६।- खर्च गरेको देखिन्छ । तसर्थ नियमानुसार सेवा खरिद गर्दा रु.१ लाखसम्मको स्थायी लेखा दर्ता प्रमाण भएकोसंग र सोभन्दा माथि मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायकको छनौट गरी विल, विजक लिई एकरुपता अपनाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२६. **आषाढको खर्च** : कार्यालयले स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च गर्नुपर्दछ । यस वर्ष केन्द्रीय बजेट शीर्षक अन्र्तगत कार्यालयले ४ पूँजीगत शीर्षकको कूल खर्चको तुलनामा तेस्रो चौमासिकमा ९७.१६ प्रतिशत र आषाढ महिनामा ७५.४९ प्रतिशत खर्च गरेको देखिन आएको छ । आर्थिक वर्षको अन्तिम महिनामा अत्यधिक मात्रामा खर्च गरी हतारहतार योजना र कार्यक्रम सञ्चालन हुने हुनाले गुणस्तरीय रुपमा काम हुन गाह्रो पर्दछ । तसर्थ कार्यालयले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा अनुपात मिलाई खर्च गर्नुपर्दछ ।

२७. **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले प्रापकलाई अनुसूची–५ र ५(क) बमोजिमको ढांचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको जस्ता कैफियत देखिएका ६ फर्मबाट जारी कर वीजकको रु.३,००,३४८।- मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोले उक्त मूल्य अभिवद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

२८. **बजेट बाँडफाँड** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(ज) मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७२।७३ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी रु.६६,५०,०००।- बजेट व्यवस्था गरेको र उल्लिखित रकमहरुलाई पटक पटक एकल बोर्ड बैठकवाट योजनाको नाम नामेसि सहित रकम बाँडफाँड गरेको देखिन्छ । नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ ।

२९. **कार्यक्रम र खर्च** : वार्षिक कार्यक्रम पुस्तिकामा आन्तरिक स्रोततर्फ शीर्षक नं.६.०४ मा रु.२० लाखको ह्यूम पाइप खरिद गर्न वार्षिक बजेट विनियोजन गरेको देखिन्छ । २०७२।१२।२५ को बोर्ड बैठकको निर्णयले जिल्ला विकास समिति अनुदान कार्यक्रमवाट रु.५ लाखको ह्यूम पाइप, रु.५ लाखको ग्याविन जाली, रु.५ लाखको पोलीथिन पाइप र रु.३ लाखको विद्युत पोल समेत रु.१८ लाखका वितरणमूखी जिन्सी सामान खरिद गर्ने र आगामी परिषद्बाट समर्थन गराउने निर्णय गरेको देखिन्छ । कार्यालयले आर्थिक वर्षको अन्तमा एक आपूर्तकबाट २०७३।३।२२ मा विभिन्न

साइजका ६३ थान ह्यूम पाइप खरिद गरी (लेखापरिक्षण समयसम्ममा पनि मौज्दात रहेको) रु.९,६३,०९९।- खर्च लेखेको छ । उक्त खरिद कुन वार्षिक कार्यक्रमबाट भएको हो स्पष्ट भएको छैन । नेपाल सरकारको सःशर्त निकासा अनुदान रकम फ्रिज नगराउने उद्देश्यले वार्षिक कार्यक्रम बेगर खर्च लेख्न मिल्ने देखिदैन ।

३०. **जनसहभागिता** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि, २०६९ को दफा ३० को उपदफा (२) अनुसार कम्तीमा १० प्रतिशत जनसहभागिता हुने गरी योजना छनौट गर्नुपर्ने व्यवस्था छ । विभिन्न ५ योजनाको उपभोक्ता समूहसंग सम्झौता गर्दा १० प्रतिशतभन्दा कम अर्थात ६.७० देखि ८.०० प्रतिशतसम्म मात्र जनसहभागिता हुने गरी सम्झौता गरी निर्माण कार्यसम्पन्न गरेको देखिन्छ । तसर्थ कार्यविधिले व्यवस्था गरेबमोजिम न्यूनतम १० प्रतिशत जनसहभागिता जुटाई सम्झौता गरी कार्य गर्नुपर्दछ ।

३१. **सोझै खरिद** : जिल्ला विकास समिति कोष पूँजीगत अन्तर्गतको बिनियोजित रकमबाट आपतकालीन सामग्री तारजाली ह्यूमपाईप खरीदको लागि जिल्ला विकास समिति बोर्डले २०७२।१०।२६ मा निर्णय गरे अनुसार उक्त सामग्रीहरु खरिद गर्न जिल्ला प्राबिधिक कार्यालयको नाममा निकासा दिएको छ । प्राबिधिक कार्यालयले बोलपत्र बेगर रु.१२,८९,७२१।- सोझै खरिद गरेकोमा सामानको जिन्सी दाखिला भने जिल्ला विकास समितिमै गरिएको पाइयो । तसर्थ उक्त खरिद कार्य नियमसम्मत् देखिँदैन ।

३२. **योजना सञ्चालन** : यस वर्ष स्वीकृत कार्यक्रममध्ये रामचोक गढी मन्दिर जिर्णोद्धारका लागि रु.३ लाख र मध्यपश्चिमाञ्चल सांस्कृतिक संस्थानलाई अनुदानस्वरुप रु.१ लाख बजेट विनियोजन भएकोमा ती दुबै योजनामा उपभोक्तासंग सम्झौता नै गर्न नसकेकोले योजना सञ्चालन भएको पाइएन । प्रगति हुन नसक्नाको मनासिव कारण पेश हुनुपर्दछ ।

३३. **खाजा खर्च** : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमतर्फ ५ स्थानमा तालिम सञ्चालन गर्दा सहभागीहरुलाई खाजा खर्च बापत स्वीकृत नर्म्समा उल्लेख भएभन्दा बढी दरले खर्च लेखेको रु.३,४०५।- असुल गर्नुपर्दछ ।

३४. **लागत अनुमान** : सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १०(१) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्नेछ । जिल्ला विकास समितिबाट उपभोक्ता समिति मार्फत भएको ४ सडक योजनाको लागत अनुमान तयार गर्दा ८ आइटममा नर्म्सभन्दा बढी दर राखी लागत अनुमान बनाई रु.२,३६,०२०।- बढी भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

३५. **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १८ मा गाउँ विकास समिति/नगरपालिकाले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक/बार्षिक विवरण अद्यावधिक गर्नुपर्ने, भत्ता वृत्ति वितरण प्रक्रियाको निरीक्षण, अनुगमन गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरी अनुगमन गर्नुपर्ने उल्लेख छ । यस वर्ष सामाजिक सुरक्षा भत्ता बापत रु.१९,३८,५८,१८७।- खर्च गरेको देखियो । कार्यविधि अनुसूचीको विवरण अध्यावधिक गरेको तथा अनुगमन गरेको देखिएन । त्यस्तै पञ्जीकरण शाखाबाट सामाजिक सुरक्षा वृत्ति प्रयोजनको लागि गाउँ विकास समिति/नगरपालिकागत तथ्याङ्क लगत किताव अद्यावधिक नगरेकोले सामाजिक सुरक्षा वृत्ति पाउनेको नामनामेसी भिडान हुन सकेन । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रत्येक गाउँ विकास समितिको लगत बमोजिम चौमासिक रुपमा गाउँ जिकास समितिबाट माग गरेको तथ्याङ्कगत मागफाराम समेत पेश हुन आएन ।

३६. **जेष्ठ नागरिक औषधि उपचार** : नेपाल सरकारले राज्यका ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई औषधी उपचार खर्चको रुपमा रकम उपलब्ध गराउने निर्णय गरेकोमा कार्यालयले

यो वर्ष औषधि उपचार बापतको रकम वितरण गर्दा उमेर पुगेका प्रत्येक गाउँ विकास समिति तथा नगरपालिकाको सबै ज्येष्ठ नागरिकहरुको छुट्टै लगत खडा गरी राखेको पाइएन । यसले गर्दा स्पष्ट लक्षित समूहको वर्गीकरण गरी ७० वर्ष उमेर समूहका सबै नागरिकलाई जेष्ठ नागरिकमा अद्यावधिक गरी लगत खडा गर्नुपर्ने देखिन्छ ।

३७. **बालसंरक्षण अनुदान :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार लक्षित समूहको विवरणको आधारमा निश्चित रकम अनुदान उपलब्ध गराउनु पर्ने र त्यस्तो रकम सम्बन्धित गाउँ विकास समिति/नगरपालिकालाई चौमासिक अनुदान पेश्कीका रूपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले बालसंरक्षण अनुदान अन्तर्गतको रकम चौमासिक रुपमा उपलब्ध नगराई आर्थिक बर्षको अन्तमा असार २१ गतेमात्र पेश्कीको रुपमा उपलब्ध गराएको पाइयो । उक्त पेश्की लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको छैन । जसले गर्दा अनुदान बितरण प्रभावकारी नहुनुका साथै निर्देशिकाको परीपालना भएको देखिएन ।

३८. **योजनाको छनौट** : निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि नियमावली, २०५८ को नियम ४ मा राजनीतिक दल र गैरसरकारी संघ संस्थालाई आर्थिक सहायता दिन नपाउने व्यवस्था छ । कार्यालयद्वारा स्मृति प्रतिष्ठान भवन, गैरसरकारी संस्थाको भवन निर्माण, भौतिक सुधार र लागत साझेदारीमा विषयगत क्षेत्रको योग्यता, जनशक्ति र उपकरण साथै भौतिक पूर्वाधार नभएका क्षेत्राधिकारभन्दा बाहिरका १८ संस्थालाई कार्यक्रम सञ्चालन गर्नका लागि रु.२५,७२,०००।- खर्च गरेको पाइएकोले नियमसम्मत् देखिँदैन ।

३९. **कार्यक्रम छनौट :** निर्वाचन क्षेत्र पूर्बाधार बिशेष कार्यक्रम सञ्चालन कार्यविधि नियमावली, २०७१ को नियम ५(११) मा कार्यक्रम छनौट गर्दा एक आर्थिक बर्षमा बढीमा १० कार्यक्रम छनौट गर्न सकिने र रु.७ लाखभन्दा कम लागत भएका आयोजना छनौट गर्न नसकिने व्यवस्था रहेको छ । यस कार्यक्रम अन्तर्गत एकै निर्वाचन क्षेत्रमा बढीमा १९ बटासम्म र रु.७ लाखभन्दा साना ८ योजना समेत छनौट गरी सञ्चालन गरेको पाइयो । जसले गर्दा कार्यबिधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४०. **टुक्रे योजना :** निर्बाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत क्षेत्र नं.४ मा बिनियोजित बजेटमध्ये रु.५६,००,०००।- गाउँ विकास समिति तथा नगरपालिकामा निकासा दिई त्यसबाट रु.१ लाखदेखि ३ लाखसम्मका बिभिन्न २७ योजनामा रु.५५,९९,७९९।- निकासा दिएकोमा योजनाहरुको कार्यसम्पन्न प्रतिबेदन तथा कार्यप्रगति विवरण समेत पेश हुन आएन । निर्देशिका अनुसार जिल्ला विकास समितिबाट नै सञ्चालित हुनुपर्ने रकम स-साना टुक्रे योजना बनाई खर्च गरेको नियमसम्मत् देखिएन ।

४१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ अनुसार विभिन्न संघ संस्था, व्यक्तिहरुलाई केन्द्रीय बजेटतर्फबाट रु.७,९३,८५,६२२।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बाँकी रहेकाले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

४२. **सम्परीक्षणबाट कायम व्यहोरा** : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमतर्फ २०७१।७२ को पेश्की बेरुजू सम्परीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार छन् :

४२.१. जिल्ला जनस्वास्थ्य कार्यालयलाई दिएको रु.३,३०,०००।- पेश्की फछ्र्यौट गर्दा कार्यक्रम अनुसार २५ वटा स्टेचर रु.३५,३९८।- मा खरिद गरेकोमा १० थान हस्तान्तरण गरेको प्रमाण पेश भएन ।

४२.२. जिल्ला पशु सेवा कार्यालयको रु.११,३९,०००।- पेश्की फछ्र्यौट गर्दा भ्याक्सीनेशन कार्यक्रमको लागि रु.२०,०००।- खर्च भएकोमा बिल भरपाई तेरीज सहित कार्यक्रम खुल्ने गरी प्रमाण पेश भएको छैन । प्रमाण पेश हुनुपर्दछ ।

४२.३. गोठ सरसफाई तथा गोठेमल सुधार तालिम सञ्चालनका क्रममा प्रशिक्षकहरुलाई उपलब्ध गराएको भत्तामा कट्टी भएको रु.३,६००।- अग्रिम कर दाखिला गर्नुपर्दछ ।

४२.४. राँगा तथा बोका खरिद गरी बितरणको लागि गाडि भाडामा लिई रु.६०,०००।- भाडा भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार १० प्रतिशत भाडा कर रु.६,०००।- कट्टी गर्नुपर्नेमा नगरिएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

४२.५. जिल्ला वन कार्यालयको रु.२३,९५,०००।- पेश्की फछ्र्यौट भएकोमा आगो नियन्त्रण कार्यक्रमको लागि रु.२,७०,०००।- को सामग्री खरिद गरेकोमा उक्त सामग्री सामुदायिक वन उपभोक्ता समिति हांसीपुर र वेलालाई हस्तान्तरण गरेको प्रमाण पेश हुन आएन ।

## जिल्ला शिक्षा कार्यालय

१. **चौमासिक खर्च** : कार्यालयले पूँजीगत कार्यक्रमतर्फको रकम प्रत्येक चौमासिक अवधिमा समानुपातिक हुने गरी काम गरी खर्च गर्नुपर्दछ। यो वर्ष पूँजीगततर्फका दुई बजेट उप शीर्षकको कुल खर्च रु.४८ लाख ८७ हजारमध्ये दोश्रो चौमासिकमा रु.३ लाख ३१ हजार र तेश्रो चौमासिकमा रु.४५ लाख ५६ हजार खर्च गरेको छ। तेश्रो चौमासिकमा भएको खर्चमध्ये आषाढ महिनामा मात्र रु.४४ लाख ५२ हजार (९१.०९ प्रतिशत) खर्च गरेको देखिन्छ। आर्थिक वर्षको अन्तमा अत्यधिक बजेट खर्च गर्दा कामको गुणस्तर कायम गर्न कठिन हुने भएकोले समानुपातिक रुपमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण कार्यविधी तयार गरेको देखिएन। आन्तरिक नियन्त्रणको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना नबनाएको, कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी नदिएको, मूल्य नखुलेका पुराना सामानको मूल्य खुलाई नराखेको, बैंक मार्फत विद्यायालयलाई निकासा दिएकोमा बैंकले पत्र बुझेको भरपाई संलग्न नगरेको, नगदी रसिद नम्वरवाइज सिलसिलेवार रुपमा दैनिक आम्दानी खाता म.ले.प.फा.नं. १०८ प्रविष्ट नगरेको र सिसहनिया सामुदायिक अध्ययन केन्द्रको भवन प्रहरीले प्रयोग गरेकोले अध्ययन केन्द्रको भौतिक तथा व्यवस्थापकीय पक्ष सवल नरहेको जस्ता व्यहोराहरु देखिएका छन्। नियमावलीको पालना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३. **ठेक्का व्यवस्थापन**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । यस वर्ष सवारी साधन खरिद सम्बन्धी १ ठेक्का तेश्रो चौमासिकमा सम्झौता गरी खर्च गरेको देखियो। नियमावलीमा तोकिएको समयमै ठेक्का प्रकृया शुरु गर्नुपर्नेतर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

४. **बिद्यालय रकम निकासा** : विद्यालयहरुलाई तलब भत्ता, मसलन्द बापत निकासा दिंदा विद्यालयगत निकासा अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । कार्यालयले यस बर्ष प्राथमिक विद्यालयतर्फ रु. ४६,७२,४३,०७६।- माध्यमिक विद्यालय र निम्न माद्यामिक विद्यालयतर्फ रु.२२,३७,६४,३२६।- तलब भत्ता निकासा खर्च लेखेको छ । यसरी दिएको निकासा रकमको विद्यालयगत निकासा खाता राख्नुपर्नेमा कार्यालयले निकासा खाता राखेको देखिएन । निकासा खाता नराखेकोले विद्यालयलाई दिएको निकासा भिडान गर्न सकिएन ।

५. **विद्यार्थी शिक्षक अनुपात** : शिक्षा मन्त्रालयले तोकिदिएको मापदण्ड अनुसार आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म ५० जना विद्यार्थी बराबर १ जना शिक्षक हुनुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार यस जिल्लामा आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित ५२

विद्यालयका ७,८०० विद्यार्थीको लागि तोकिएको मापदण्ड अनुसार १५६ जना शिक्षक भए पुग्नेमा २०५ जना शिक्षकहरु रहेकोले ४६ जना शिक्षक मापदण्डभन्दा बढी संख्यामा रहेको देखियो । यसरी तोकिएको मापदण्डभन्दा बढी संख्यामा रहेका शिक्षकहरुको समायोजन गर्नुपर्दछ ।

६. **कार्यक्रम र प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार अनुसूची–२ मा तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ । कार्यालयले सो अनुसार कार्यक्रम, बजेट खर्च र प्रगति विवरणमा सामञ्जस्य हुने गरी कार्य गरेको देखिएन । यस सम्बन्धी थप व्यहोराहरु देहाय अनुसार छन् :

६.१. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ को छात्रबृत्ती नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६, अनुसार गर्नु, गराउने पर्ने र द्वन्दका अवधिमा मृत्यु भएका मृतकका बढीमा ३ जना १८ वर्ष उमेरसम्मका सन्तानहरु (छोरा वा छोरी) लाई निःशुल्क छात्रबृत्तिको रकम निकासा गर्नुपर्नेमा निर्देशिका विपरीत वैठक भत्ता बापत रु.१७,०००।- भुक्तानी गरेको भरपाई समेतको आधारमा एक खरिदारको पेश्की फछ्र्यौट गरेको छ ।

६.२. वार्षिक कार्यक्रममा तोकिए बाहेकको रु.७९,२००।- अन्य कार्यक्रमको रकम यसै कार्यक्रमवाट खर्च लेखेको पाइयो । अन्य कार्यक्रममा खर्च लेख्नुपर्ने रकम कार्यक्रमको खर्च भएको भनी प्रगति प्रतिवेदनमा रु.३,४०,४६,६७०।- खर्च भएको देखाएकोले कार्यक्रमको वास्तविक खर्चभन्दा प्रगतिमा रु.२,२८,५२८।- बढी खर्च देखाएको छ । एक कार्यक्रमको खर्च अर्को कार्यक्रममा प्रगति देखाउँदा प्रगति विवरण यथार्थ भएको पाइएन ।

६.३. यो कार्यक्रमको लागि रु.३,८३,४८,०००।- बजेट व्यवस्था भएकोमा प्रगति विवरण अनुसार कार्यक्रममा रु.३,०३,५६,१५०।- खर्च भएको उल्लेख गरे तापनि गोश्वारा भौचर अनुसार रु.३,०३,४५,८५०।- खर्च भएको देखिन्छ । प्रगति प्रतिवेदनमाभन्दा रु.१०,३००।- कम खर्च देखिएको यकिन हुनपर्ने देखिन्छ ।

६.४. विद्यालय आवत जावत गर्ने मुक्त कम्लहरीलाई वार्षिकरुपमा १० महिनाको तोकिएको दर अनुसार छात्रबृत्ति कार्यक्रम कार्यान्वयन पुस्तिकामा उपलव्ध गराउने व्यवस्था छ । यस वर्ष सो कार्यक्रमको लागि १,७९३ विद्यार्थीको लागि रु.७४,२७,०००।– बजेट व्यवस्था भएकोमा प्रगति विवरणमा रु.७४,९५,६००।– खर्च भएको उल्लेख गरी बजेटभन्दा रु.६८,६००।– बढी खर्च भएको समेत रु.८४,७०,४००।– खर्च गरेको देखिएको छ । यो कार्यक्रमको लागि शुरुमा रु.८४,२७,०००।- विनियोजन भएकोमा २०७३ जेष्ठमा कार्यक्रम संशोधन गरी रु.७४,२७,०००।- बजेट कायम गरेकोले यसो हुन गएको कार्यालयले जनाएको छ । यसरी एक कार्यक्रममा भएको खर्च अन्य कार्यक्रको प्रगति विवरणमा खर्च देखाउनु वार्षिक कार्यक्रमको उद्देश्य र बजेट सिद्धान्त विपरीत छ । बजेटभन्दा बढी खर्च रु.१०,४३,४००।- अनियमित भएकोले नियमित गर्नुपर्दछ ।

६.५. कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रावास सञ्चालनको लागि प्रतिसमूह वार्षिक रु.१,४९,०००।- निकासा दिनुपर्दछ । वार्षिक बजेट अनुसार २७४ जनाको लागि रु.१६,४४,०००।- बजेट व्यवस्था गरेको र प्रगति विवरण अनुसार रु.१६,४०,६००।- खर्च भएको छ । कार्यालयले उक्त कार्यक्रममा रु.८,६५,६००।- मात्र निकासा दिएकोमा प्रगति प्रतिवेदनमा वास्तविक खर्चभन्दा रु.७,७५,०००।- बढी खर्च देखाएको छ ।

६.६. फिडर छात्रवास सञ्चालन गर्न २० जनाको लागि रु.२,००,०००।- बजेट व्यवस्था भए तापनि उक्त कार्यक्रममा रु.१४४,३००।- मात्र निकासा दिएकोमा प्रगति विवरणमा रु.२,००,०००।- खर्च देखाई निकासाभन्दा रु.५५,७००।- बढी खर्च देखाएको छ ।

६.७. फिडर छात्रवासका २० विद्यार्थीको छात्रवृत्तिका लागि प्रतिविद्यार्थी मासिक रु.४,०००।- ले १० महिनाको लागि रु.८,००,०००।- बजेट व्यवस्था भए तापनि उक्त कार्यक्रममा रु.६,८०,०००।-

मात्र निकासा दिएकोमा प्रगति विवरणमा रु.८,००,०००।- खर्च देखाई निकासाभन्दा रु.१,२०,०००।- बढी खर्च देखाएको छ ।

७. **जनश्रमदानको अंश कट्टा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ अनुसार भौतिक सुधार विस्तार कार्यक्रम अन्तर्गत निर्माणको सम्पुर्ण कार्य सम्पन्न भइसके पछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको बाँकी रकम निकासा दिने उल्लेख छ । भौतिक निर्माण भएका विद्यालयहरुको लागत अनुमानभन्दा कम काम गरेको पाइएकोमा कार्यालयले सो अनुपातमा जनश्रमदानको अंश रु.२,१४,३२३।- कट्टा नगरी सम्झौता अनुसार २० विद्यालयलाई पुरै रकम निकासा दिएको पाइयो । पूरै रकम भुक्तानी दिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाले गरेको व्यवस्था अनुसार गर्नुपर्दछ ।

८. **ल्याव सामग्री व्यवस्थापन** : प्राविधिक तथा व्यवसाययिक शिक्षा तथा डिप्लोमा सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालयहरुलाई ल्याव सामग्री व्यवस्थापन गर्न रु.१,०३,४०,०००।- सशर्त अनुदान स्वरुप उपलव्ध गराएको छ । यसरी दिएको अनुदान रकमबाट भएको खर्चको पुष्ट्याई गर्ने कागजात संलग्न गर्नुपर्ने तथा शिक्षा विभागले तोकिदिए अनुसारका ल्याव व्यवस्थापन सम्वन्धी सामग्रीहरु खरिद गरी विद्यालयको जिन्सी खातामा आम्दानी गरी ल्याव सञ्चालन गर्नुपर्दछ ।

अनुदान पाएका विद्यालयहरुले ल्याव सामग्रीहरु खरिद गरी ल्याव व्यवस्थापन गरे नगरेको सम्बन्धमा सम्बन्धित स्रोत व्यक्तिहरु र जिल्ला शिक्षा कार्यालय समेतबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गरेको समेत नदेखिँदा अनुदान खर्चको सदुपयोग यकिन गर्न सकिएन ।

९. **सवारी साधन खरिद** : कार्यालयले जीप खरिद गर्न रु.३८,००,०००।- को अख्तियारी प्राप्त भएकोमा १ थान जीप खरिद गरी बचत भएको रकमबाट अर्थ मन्त्रालयको स्वीकृत बेगर रु.२,४६,६००।- को १ थान मोटरसाइकल खरिद गरेको छ ।

## नेपाल सँस्कृत विश्वविद्यालय, केन्द्रीय कार्यालय

१. **पूँजीगत सम्पत्ति** : केन्द्रीय कार्यालयले पूँजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राखी वर्षेनी ह्रासकट्टी समेत गर्नुपर्दछ । वासलातको अनुसूची-१ अनुसार २०७३ आषाढ मासान्तसम्मको पूँजीगत सम्पत्ति रु.१६,०८,२६,४६८।- रहेकोमा ह्रास कट्टी सहितको सम्पत्ति खाता राखेको छैन ।

२. **धरौटी तथा दायित्व** : कार्यालयले धरौटीमा राखेको रकमको प्रयोजन समाप्त भएपछि फरफारक गर्नुपर्नेमा लेखापरीक्षणमा प्राप्त आर्थिक विवरणको अनुसूची-२ अनुसार वर्षान्तमा रु.२०,८२,३३,५१६।- धरौटी तथा दायित्व बाँकी रहेकोले सोको फरफारक गर्नुपर्ने देखिन्छ ।

३. **चल सम्पत्ति** : नेपाल संस्कृत विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नुपर्ने र विश्वविद्यालयका विभिन्न पदाधिकारी, कर्मचारी एवं संघ संस्थाको नाममा जम्मा रु.१६,४७,३२९।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

४. **ईन्धन र मर्मत खर्च** : विश्वविद्यालयका पदाधिकारीहरुलाई सवारी सुविधा सम्बन्धी नीति बेगर ईन्धनमा रु.५,६२,८४४।- र मर्मतमा रु.१४,४७,३८२।- खर्च गरेको छ ।

५. **जग्गाको उपयोग** : विश्वविद्यालयको स्वामित्वमा रहेको देउखुरी स्थित १३३६ विगाहा जग्गाबाट गतविगत वर्षमा झैं यस वर्ष पनि कुनै आयआर्जन गर्न सकेको देखिएन । उक्त जग्गाको मालपोत शुल्क बापत मात्र यस वर्ष रु.२,६४,६८४।- खर्च भएको देखियो । यस विषयमा छलफल गर्दा करिव ५०० विगाहा जग्गामा मोही रहेको र बाँकी ८३६ विगाहा जग्गामा समेत विभिन्न व्यक्तिहरुवाट अतिक्रमण भएको जनाएको छ ।

६. **जग्गा ठेक्का** : विश्वविद्यालयको स्वामित्वमा रहेको स्थित जग्गा लिजमा दिन विश्वविद्यालय र एक प्रा.लि.वीच भएको सम्झौता अनुसार जग्गाको लिज रकम ढिला वुझाएकोले हर्जाना समेत रु.१,२२,४६०।- असुल गर्नुपर्दछ ।

७. **बार्षिक शुल्क** : अस्थायी सम्बन्धन लिएका ३ क्याम्पसबाट लिन बाँकी शुल्क **रु.५३,१२५।-** असुल गर्नुपर्दछ ।

८. **बिल भरपाई** : विश्वविद्यालयको डिन आबास, सहायक डिन आवास भबन मर्मत, सेफ्टीट्याङ्की निर्माण, कम्पाउण्ड वाल निर्माण आदि कार्यहरु अमानत प्रकृयाबाट गराई रु.८,९८,३३०।- खर्च लेख्दा निर्माण कार्यको कार्यसम्पन्न प्रतिबेदन तयार नगर्नुको अतिरिक्त रु.५,०१,६०५।- खर्चको विलभरपाई नभएवाट प्रमाण पेश गर्नुपर्दछ ।

९. **जग्गा भाडा** : नेपाल संस्कृत विश्वविद्यालयले एक व्यक्तिसंग जग्गा ठेक्का सम्झौता अनुसार लिनुपर्ने बाँकी रु.४,९१,७०८।- असुल गर्नुपर्दछ ।

१०. **कर वीजक** : एक सेक्युरीटीसंग भएको सम्झौता अनुसार रु.३,८०,०००।- भुक्तानी गर्दा कर विजक जारी गरेको छैन । मूल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

११. **विगतको विल** : मुद्रण विभाग, सिंहदरबारको बिल नं.२२८९ मिति २०५८।३।२१ को १००० थान संकृति-नेपाली बृहत शव्द कोष छपाई गरेको रु.५,८४,०३०।- को बिल र पत्र अनुसार विभागको रु.३,००,०००।- पेश्की फछ्र्यौट गरी रु.२,८४,०३०।- धरौटीमा राखेको पाइयो । यसरी १५ वर्ष अघिको बिलको रकम भुक्तानी गरेकोमा छानबिन गर्नुपर्दछ ।

१२. **आर्थिक सहायता** : विश्वविद्यालयले विभिन्न समितिलाई रु.६५,०००।- चन्दा तथा आर्थिक सहायता दिएको छ ।

१३. **व्याज आम्दानी** : सञ्चयकोष महाशाखाले एक फाइनान्स कम्पनी लि.मा रु.१,९७,३६,०००।- लगानी गरेको देखिन्छ । सो खाताको २०७३ जेष्ठ २० (सन् २ जुन २०१६) गतेसम्मको बैंक स्टेटमेन्ट अनुसार यस वर्ष रु.१२,९२,८८५।- व्याज आम्दानी बाँधेको छ । सो अवधि पछिको बैक स्टेटमेन्ट लिई असार मसान्तमा प्राप्त हुनुपर्ने व्याज आम्दानी गरेको पाइएन ।

१४. **व्यक्तिगत धरौटी खाता** : यस वर्षको अन्तमा रु.१,९९,७७७- धरौटी दायित्व रहेकोमा सोको व्यक्तिगत खाता राखेको छैन ।

१५. **बढी खर्च** : यो वर्ष नेपाल सरकारको अनुदान रु.४१,००,००,०००।-, आम्दानी रु.२,६१,९८,५९७- र गत वर्षको बचत रु.१३७८१३९।- समेत रु.४३,७५,७६,७३६।- मात्र खर्च गर्न मिल्नेमा रु.४४,७१,२२,७३६।- खर्च गरेको छ । आम्दानीभन्दा रु.९५,४६,०००।- बढी खर्च गरेको रकम नियमसम्मत् देखिँदैन ।

## महेन्द्र बहुमुखी क्याम्पस

१. **नगद तथा बैंक मौज्दात** : क्याम्पसले तयार गरेको आम्दानी खर्च किताव अनुसार बैंक मौज्दात रु.८२,०७,६२९।- भएकोमा बैंक स्टेटमेन्ट अनुसार बैंक मौज्दात रु.९१,४२,५११।- देखिई रु.९,३४,८८२।- बैंकमा बढी देखिन आएकोमा समायोजन गरी आम्दानी वाध्नु पर्दछ ।

२. **धरौटी तथा दायित्व** : त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० अनुसार प्रयोजन समाप्त भई धरौटी फिर्ता लिने म्याद गुज्रिसकेका धरौटीलाई सदरस्याहा गरी आम्दानी समेत जनाउनु पर्दछ । प्राप्त वासलात अनुसार यस क्याम्पसमा यस वर्षको अन्त्यसम्ममा विभिन्न व्यक्ति एवं संस्थाका नाममा जम्मा रु.१,८१,४६,३६२।- धरौटी तथा दायित्व बाँकी रहेको देखिन्छ । यसरी बाँकी रहेकोमध्येबाट प्रयोजन समाप्त भएको धरौटी यकिन गरी त्यसलाई आम्दानी गरेको देखिदैन । यसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण पद्धति फितलो हुन जान्छ ।

३. **विनियोजित बजेट र खर्च** : त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० अनुसार विनियोजन गरेको विभिन्न शीर्षकको बजेट रकमभन्दा बढी खर्च गर्नु हुँदैन । यो वर्ष क्याम्पसले तीन बजेट शीर्षकहरुमा पूर्व स्वीकृति बेगर विनियोजित बजेटभन्दा रु.१७,०८,३०१।- बढी खर्च गरेको देखिँदा उक्त बढी खर्च रकम नियमित गराउनु पर्दछ ।

४. **भ्रमण खर्च** : शिक्षकहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा नियमानुसार पाउनेभन्दा रु.६,२००।- बढी भुक्तानी दिएको भनी आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औंल्याएकोले उक्त बढी खर्च भएको रकम असुल गर्नुपर्दछ ।

५. **शुल्क फिर्ता** : एक विद्यार्थीले विविध कारणले अध्ययन गर्न नसकेको व्यहोरा जनाई शुल्क फिर्ता गरीदिन दिएको निवेदन अनुसार निजको शुल्क रु.२,७३०।- फिर्ता खर्च लेखेको देखियो । यसरी फिर्ता गर्न नमिल्ने रकम असुल गर्नुपर्दछ ।

६. **अग्रिम कर** : विश्वविद्यालय अनुदान आयोग मार्फत प्राप्त रकमबाट सञ्चालित गोष्ठीका प्रशिक्षकलाई भुक्तानी दिएको भत्ता रकममा कट्टी गरेको अग्रिम कर रु.२,४३८।- र प्रतिवेदन तयारी बापतको भुक्तानीमा कट्टी कर रु.१,२००।- समेत जम्मा कट्टी कर रु.३,६३७।- राजस्वमा दाखिला गरेको भौचर श्रेस्तासाथ नभएको र गोष्ठीमा सहभागीहरुको हाजिरी विवरण समेत संलग्न नभएकोले पेश गर्नुपर्दछ ।

## मालपोत कार्यालय, घोराही

१. **लेखापरीक्षण** : लेखापरीक्षणमा प्रेशित कार्य सञ्चालन कोष (विविध खाता) को आय-व्यय विवरण अनुसार गुठी संस्थानतर्फको यस वर्षको आय रु.१३,५६,३००।- व्यय रु.१२,३३,१६२।- र बाँकी रु.१,२३,१३८।- को श्रेस्ता कागजातको लेखापरीक्षण गुठी संस्थानबाट भएको भनी लेखापरिक्षणमा पेश नभएकोले उक्त कारोबारको लेखापरीक्षण भएको छैन ।

२. **संस्थागत सुदृढिकरण रकम** : यस वर्ष कार्यालयले राजस्व बाँडफाँड गरी स्थानीय निकायलाई पठाउनु पर्ने रु.४,८१,५१,६९१।- मा संस्थागत सुदृढिकरण बापत रु.२२,८६,४८०।- (गत वर्षको ५ र यस वर्षको ७ प्रतिशतले) स्रोतमै कट्टी गरेर मात्र पठाउने गरेको पाइयो । स्थानीय निकायलाई नियमानुसार पूरै रकम पठाई तोकिए अनुसार रकम प्राप्त गर्नुपर्दछ ।

३. **आम्दानी** : राजस्व आम्दानीको दैनिक गोश्वारा खाता म.ले.प.फा.नं.१०८ (अ.सू.१०.६) अनुसार यस वर्ष घरजग्गा रजिष्ट्रेशनमा कुल रु.१४,६४,३१,१९२।- आम्दानी भएकोमा वार्षिक आर्थिक विवरण अनुसार रु.१४,३५,७५,०८२।- मात्र आम्दानी देखाएकोले श्रेस्तामाभन्दा आर्थिक विवरणमा रु.२८,५६,११०।- कम आम्दानी देखाएकोमा स्पष्ट व्यहोरा सहित प्रमाण पेश हुनुपर्दछ ।

४. **रजिष्ट्रेशन दस्तुर** : कार्यालयले लिखत ३२ को न्यूनतम मूल्याङ्कनभन्दा घटी मूल्याङ्कन गरेको देखियो । तसर्थ छुट मूल्याङ्कन रकमको रजिष्ट्रेशन शुल्क रु.३,६४,१२७।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

## मालपोत कार्यालय, तुल्सीपुर

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार कार्यालयले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण कार्यविधि तयार गरेको देखिएन । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कनका लागि भरिएको अनुसूची-३० को चेकलिष्ट अनुसार कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी नदिएको र नगद आम्दानीको गोश्वरा भौचर उठाई बैंक नगदी किताबमा अभिलेख नराखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गर्नुपर्दछ ।

२. **खर्च शीर्षक** : आर्थिक विवरण अनुसार अन्य सेवा शुल्क खर्च शीर्षकमा रु.११,४६,३००।- खर्च लेखेको पाइयो । आर्थिक वर्षको शुरुमा प्रत्येक महिना ५ करारका कर्मचारीलाई मासिक रु.७६,५४०।- खर्च लेखेको आधारमा वर्षिक रु.९,१८,४८०।- खर्च हुने देखिन्छ । तर १९० वाटको सोलर ४ सेट, भ्याकुम क्लिनर १ थान, विभिन्न कार्यालय सामान र बैठक भत्ता जस्ता नमिल्ने खर्च पनि यसै शीर्षकवाट लेखि रु.१,९१,०१९।- खर्च गरेको अनियमित देखिएकोले नियमित गराउनु पर्दछ ।

३. **मालपोत सुदृढिकरण** : आर्थिक विवरण अनुसार मालपोत सुदृढिकरण बापत नगरपालिकाबाट रु.५,९३,८१२।- प्राप्त भएको उल्लेख गरेको देखिन्छ । कार्यालयले भूमि व्यवस्थापन विभागमा रु.१२,६९,१६३।-, नापी कार्यालयमा रु.२,१०,०००।- र भूमिसुधार कार्यालयमा रु.६०,०००।- समेत रु.१५,३९,१६३।- पठाई खर्च लेखेको छ । मालपोत सुदृढिकरण बापत स्थानीय निकायबाट प्राप्त भएको रकमको लेखा राखेको पाइएन । यसरी आम्दानीभन्दा रु.९,४५,३५१।- वढी खर्च लेखेको प्रमाण पेश हुनुपर्दछ ।

४. **रजिष्ट्रेशन दस्तुर बाँडफाँड** : आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु.२८,७४,३६४।- र यस आर्थिक वर्षको घरजग्गा रजिष्ट्रेशन दस्तुर रु.९,५२,००,४२६।- समेत रु.९,८०,७४,७९०।- प्राप्त भएको देखिन्छ । सोमध्ये यस वर्ष बाँडफाँड गरी आर्थिक वर्षको अन्तमा रु.९२,०८,९०८।- बाँडफाँड हुन बाँकीमध्ये राजस्व खातामा रु.६७,४३,५२३।- र स्थानीय निकायमा रु.२४,६५,३८५।- दाखिला तथा पठाउन बाँकी देखिएको छ । बाँडफाँड गर्न वाकी रकम नियमानुसार समयमै राजस्व दाखिला गर्नुपर्ने र स्थानीय निकायमा पठाउनु पर्दछ ।

५. **बैंक मौज्दात** : आर्थिक विवरण अनुसार वर्षको अन्तमा श्रेस्ता अनुसार रु.८२,६३,५५७।- बाँकी रहेकोमा बैंक अनुसार रु.३,३०,०००।- मात्र बाँकी रहेकोले यस सम्वन्धमा राष्ट्रिय वाणिज्य बैंक तुल्सीपुरको २५ थान ड्राफ्ट रकम रु.७९,३३,५५७।- ने.बै.ली. मा जम्मा भई नसकेको कार्यालयले उल्लेख गरेकोमा सोको प्रमाण पेश गर्नुपर्दछ ।

६. **सञ्चित कोष दाखिला** : आर्थिक विवरण अनुसार घरजग्गा रजिष्ट्रेशन दस्तुरमा रु.६,३४,३८,८९३।- सञ्चित कोष दाखिला भएको देखाइएकोमा राजस्व आर्थिक विवरण अनुसार रु.२,१०,९१,३३५।- मात्र राजस्व दाखिला गरेको पाइएकोले रु.४,२३,४७,५५८।- फरक परेको सम्बन्धमा स्पष्ट कारण सहित प्रमाण पेश गर्नुपर्दछ ।

७. **रजिष्ट्रेशन दस्तुर** : कार्यालयले १६ लिखतहरुको न्यूनतम मूल्याङ्कनभन्दा घटी मूल्याङ्कन गरेको कारणवाट छुट हुन गएको रजिष्ट्रेशन शुल्क रु.१,७२,८६१।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

## राप्ती अञ्चल अस्पताल

१. **अक्सीजन ग्यास प्लान्ट** : कार्यालयले बोलपत्रको माध्यमबाट छनौट भएका आपूर्तक एक प्रा.लि. मार्फत मेडिकल अक्सीजन ग्यास प्लान्ट विथ रिफिलिङ सिस्टमको जडान गरी रु.८०,८०,०००।- भुक्तानी दिएको छ । उक्त ठेक्का पट्टा सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन :

१.१. कार्यालयले रु.१,७९,०००।- कम बैक ग्यारेन्टी लिई ठेक्का पट्टा सम्झौता गरेकोमा थप बैंक ग्यारेन्टी लिनुपर्दछ ।

१.२. आपूर्तक र अस्पतालबीच २०७३।२।५ मा भएको सम्झौता अनुसार आपूर्तकले मूल्य अभिवृद्धि कर रु.९,२९,५५७।- समेत रु.८०,८०,०००।- को ठेक अङ्कमा आपूर्ति गर्ने उल्लेख भएकोमा आपूर्तकले बिजकमा मूल्य अभिबृद्धि कर रु.१६,२५०।- मात्र देखाई बाँकी मूल्य अभिबृद्धि कर रु.९,१३,३०७।- मूल्य अभिवृद्धि कर महलमा नदेखाई बिल मूल्यमा नै समाबेश गरी २०७३।०३।२८ मा कर बिजक नं. १०१ जारी गरेको देखियो । यसरी मूल्य अभिवृद्धि करको रकम मूल्य अभिवृद्धि कर महलमा नदेखाई बिल मूल्यमा नै समाबेश गरेको देखिन्छ । सो रकम र त्यसमा मूल्य अभिवृद्धि कर ऐन,

२०५२ र नियमाबली, २०५३ अनुसार लाग्ने जरिबाना समेत हिसाब गरी रु.९,१३,३०७।- असुल गर्नुपर्दछ ।

२. **पारीश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कट्टी गर्नुपर्नेभन्दा कार्यालयले घटी कर कट्टी गरेको रु.१३,७३५।- असुल गर्नुपर्दछ ।

३. **बढी निकासा :** आमा सुरक्षा कार्यक्रम अर्न्तगत दोहोरो निकासा भएको रकम रु.३,६६,५००।- फिर्ता लिई सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४. **दोहोरो खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली अनुसार खर्च गर्दा खर्चको विलभर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । सेवाग्राही महिलालाई यातायात खर्च रु.५००।- र ४ पटक गर्भ परीक्षण बापत रु.४००।- वुझाएको भरपाई अनुसार एक कर्मचारीलाई सोधभर्ना दिई खर्च लेख्ने गरेको पाइयो । निजलाई २०७२ माघ महिनाको सेवाग्राहीको लागि भनी २०७२।११।२० बाट रु.१,१७,५००।- र २०७२।०१।२० वाट रु.१,१४,५००।- समेत रु.२,३२,०००।- भुक्तानी दिएको छ । २०७२ माघ महिनाको सेवाग्राहीको विवरण अनुसार रु.१,१६,५००।- मात्र खर्च लेख्नुपर्नेमा रु.१,१५,९००।- वढी भुक्तानी भएकोमध्ये रु.१,१४,५००।- मात्र दाखिला भएको प्रमाण पेश भएकोले नपुग रु.१,४००।- असुल गर्नुपर्दछ ।

५. **यातायात खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । श्रावण महिना र वैशाख महिनामा २७२ जनाको भरपाई र गर्भ परीक्षण कार्ड संलग्न भएकोमा २८० जनाको खर्च देखाएकोले बढी ८ जनाको रु.४००।- ले रु.३,२००।- र १ जनाको रु.५००।- को भरपाई कार्ड नभएको र एक जनाको दोहोरो नाम समावेश भएकोले सो समेत रु.४,२००।- असुल गर्नुपर्दछ ।

६. **कम आम्दानी :** प्रस्तुत आर्थिक विवरणमा यो वर्ष प्रसुतीतर्फ र एम्वुलेन्सतर्फको एकमुष्ट रु.५६,०७,०१०।- आम्दानी भएको देखिएकोमा श्रेस्ता तथा बैक नगदी किताव अनुसार रु.५७,०१,८४५।- आम्दानी हुनुपर्ने देखिन्छ । यसरी श्रेस्तामाभन्दा आर्थिक विवरणमा रु.९४,८३५।- कम आम्दानी देखाएकोले हिसाव मिलान गरी प्रमाण पेश हुनुपर्दछ ।

७. **एम्बुलेन्स सञ्चालन** : एम्बुलेन्स चलाउने विषयमा एक व्यवसायीसँग भएको सम्झौता अनुसार लिन बाँकी रु.१,९०,०००।- असुल गर्नुपर्दछ ।

८. **आम्दानीको अभिलेख :** आश्विन महिनाको आम्दानी विश्लेषण गर्दा उक्त महिनामा रु.८,१३,१८०।- आम्दानी बाँधेको छ । बिभिन्न सेवाबाट भएको आम्दानीको छुट्टै अभिलेख राखिएको छैन ।

९. **निः शुल्क औषधि :** भण्डार निरीक्षण गर्दा **"नेपाल सरकारबाट निःशुल्क वितरणका लागि"** भन्ने लोगो लगाएको देखिएन । लोगो लगाउन पर्नेमा नलगाई औषधि वितरण गर्दा आन्तरिक नियन्त्रण कायम नहुने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## राप्ती उप-क्षेत्रीय अस्पताल

१. **कार्यक्रम स्वीकृति** : स्वास्थ्य तथा जनसख्या मन्त्रालयको २०७२।४।१५ को पत्र अनुसार ब.उ.शी.नं ३७००२२३ अन्तर्गत खर्च शीर्षक २६४१२ र २६४२२ को रकम खर्च गर्दा मन्त्रालयबाट कार्यक्रम स्वीकृति गराएर मात्र खर्च गर्नुपर्ने भन्ने निर्देशन रहेको छ । तर सो विपरीत शीर्षक २६४१२ अन्तर्गत रु.२१,००,०००।- बिपन्न बर्गको स्वास्थ्य परीक्षण र २६४२२ अन्तर्गत रु.८,५७,०८३।- पूँजीगत सुधारमा खर्च गर्ने र स्वीकृतिको लागि स्वस्थ्य मन्त्रालयमा लेखि पठाउने निर्णय लिई रु.२८,५७,०८३।- खर्च गरेकोमा सोको स्वीकृति तालुक निकायबाट प्राप्त भएको देखिएन ।

२. **औषधि खरिद :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची-५ र ५(क) बमोजिमको ढांचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साझा स्वास्थ्य

सेवावाट औषधि खरिद गरी रु.२१,००,०००।- भुक्तानी दिई खर्च लेखेको पाइयो । उक्त संस्थाले हातले बिल नं. लेखी विजक जारी गरेको देखियो । मूल्य अभिवृद्धि करमा दर्ता भएको साझा संस्थाले नियमानुसार कर विजक जारी नगरी हातले विजक नं. लेखी जारी गर्नु नियमसम्मत् देखिएन । तसर्थ नियमको पालना हुनुपर्दछ ।

३. **कार्य सम्पन्न प्रतिवेदन** : अस्पतालको ईमरजेन्सी बार्डको मर्मत कार्य एक निर्माण व्यवसायीबाट गराइएकोमा सोको नापी किताब, कार्यसम्पन्न प्रतिबेदन सँलग्न नगरी रु.२,६२,४७७- भुक्तानी दिइएकोले प्रमाण कागजात पेश हुनुपर्दछ ।

४. **पेश्की :** कार्यालयले एक निर्माण सेवालाई दिएको पेश्की रु.२,३०,०००।- आर्थिक बर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

५. **तलवबाट खर्च** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा खर्च रकम स्वीकृत बजेटभित्र पर्दछ र खर्च गर्न बाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यबस्था रहेको छ । कार्यालयले स्वीकृत दरवन्दी अनुसार  बिभिन्न पदमा करारमा भर्ना गरी दुई बजेट उपशीर्षकबाट तालुक निकायको स्वीकृति बेगर तलव शीर्षकवाट रु.५५,०३,६८५।- खर्च लेखेको देखियो । यसरी अन्य सेवा शुल्क बजेट रकमबाट खर्च लेख्नुपर्नेमा नियम विपरीत तलबबाट खर्च लेख्न मिल्ने देखिदैन । यस सम्बन्धमा कार्यालयले अन्य सेवामा रकम नपुग भई खर्च हुन गएको जनाएको छ। तसर्थ यसरी नियम विपरीत लेखेको खर्च नियमित गरी प्रमाण पेश हुनुपर्दछ ।

६. **कार्यक्रम खर्च** : वार्षिक कार्यक्रम अनुसार गर्भवती तथा सुत्केरी उत्प्रेरण सेवामा २३०० जनाको लागि रु.४००।- ले रु.९,२०,०००।- बजेट व्यवस्था भएकोमा प्रगति प्रतिवेदनमा सोही अनुसार पुरै खर्च देखाई शतप्रतिशत कार्य भएको देखाएको छ । कार्यालयले संलग्न गरेको मासिक सेवाग्राही महिलाको विवरण अनुसार १८८६ जनाको रु.४००।- ले रु.७,५४,४००।- मात्र खर्च गर्न पाउने देखिएकोमा प्रगतिमा रु.९,२०,०००।- खर्च भएको देखाई वास्तविक खर्चभन्दा रु.१,६५,६००।- बढी खर्च भएको उल्लेख गरेको देखिन्छ ।

७. **वढी निकासा** : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अस्पतालले तयार गरेको मासिक विवरण अनुसार स्वास्थ्य संस्था (अस्पताल विकास समिति) लाई ३६९९ वटा प्रसुतीको विभिन्न दरमा कुल रु.९५,०६,०००।- मात्र इकाई मूल्य (युनिट कष्ट) निकासा दिन पाउनेमा रु.९९,०७,०००।- निकासा दिई खर्च लेखेको छ । आर्थिक वर्षको अन्तमा विवरण संलग्न नगरी बढी निकासा दिएको रु.४,०१,०००।- अस्पताल विकास समितिबाट सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

८. **अग्रीम कर** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार गोष्ठिको भत्ता भुक्तानीमा १५ प्रतिशतले अग्रिमकर कट्टि गर्नुपर्ने व्यबस्था रहेको छ । विभिन्न बजेट रकममा रु.३,९३,०००।- खर्च लेखि एक कर्मचारीको पेश्की फछ्र्यौट गर्दा एम.पि.डि.आर कार्यक्रमको डाटा कम्पुटरमा इन्ट्री गरे बापत रु.१२,०००।- पारिश्रमिक भुक्तानी गर्दा रु.१,८००।- कर कट्टी गर्नुपर्नेमा कर कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

९. **हर्जाना** : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार खरिद सम्झौतामा उल्लिखित अवधिभित्र सामान आपूर्ति नगरी ढिला गरेमा ढिला अवधिको भुक्तानी रकममा दैनिक ०.०५ प्रतिशतले हर्जाना रकम असुल गर्नुपर्दछ । औषधि एवम् सर्जिकल सामानको एक आपूर्तक र कार्यालयबीच २०७२।१०।५ मा भएको सम्झौतामा सामानको खरिद आदेश भएको मितिले १० दिनभित्र सामान जिन्सीमा दाखिला भई सक्नुपर्ने व्यवस्था छ । तर उक्त आपूर्तकले ढिला गरी आपूर्ति गरेको देखिँदा ढिला अवधिको सम्झौता अनुसार भुक्तानी रकमको दैनिक ०.०५ प्रतिशतले लाग्ने हर्जाना रु.७,३३९।- असुल गर्नुपर्दछ ।

१०. **कार्य सञ्चालन कोष** : गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार यस कार्यालयको कार्य सञ्चालन कोषमा बाँकी रु.८४,३७,१२१।- देखाएकोमा यस वर्षको उक्त कोषको आम्दानी खर्च र बाँकीको श्रेस्ता कागजात माग गर्दा यस कार्यालयमा उक्त कोष सञ्चालनमा नै नभएको जवाफ दिएकोले लेखापरीक्षण भएको छैन । यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

११. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा कर विवरण (मूल्य अभिवृद्धि कर समायोजन गरेको विवरण) पेश गरेको प्रमाण कागजात पेश गरेपछि नियम १२३(४) अनुसार कट्टा गरेको धरौटी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नियमानुसार आन्तरिक राजस्व कार्यालयमा कर विवरण ( मू.अ.कर समायोजन गरेको विवरण) पेश गरेको प्रमाण बेगर चार फर्म तथा कम्पनीलाई रु.८,८४,६०९।- धरौटी फिर्ता खर्च लेखेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **आन्तरिक लेखापरीक्षण** : कार्यालयले गरेको सबै आर्थिक कारेबारको आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षकले गरीवी निवारण कार्यक्रम, प्रशासनिक खर्च, पूँजीगत खर्च खाता समेत ४ कार्यक्रमको मात्र आन्तरिक लेखापरीक्षण गरेकोमा बाँकी १३ कार्यक्रमको आम्दानी र खर्चको आन्तरिक लेखापरीक्षण भएको पाइएन । सवै आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्दछ ।

२. **आर्थिक विवरण** : सचिवालयले मुख्य कार्यक्रम अनुसार आर्थिक विवरण बनाउनु पर्नेमा १४ बैंक खाता अनुसार १७ शीर्षकहरुमा आर्थिक विवरण तयार गरेकोले प्रमुख कार्यक्रम तथा खर्च शीर्षक अनुसार श्रेस्ता राखी आर्थिक विवरण तयार गर्नुपर्दछ । अनावश्यक बैंक खाता बन्द गरी एकै बैक खातावाट मात्र आर्थिक कारोबार गर्नुपर्ने देखिन्छ । प्रस्तुत आर्थिक विवरणमा निकासा, अनुदान र बैंक व्याज खुलाई तयार गरेको देखिएन ।

३. **लगानी** : सचिवालयले आर्थिक विवरणमा ऋण पूंजी लगानी, असुली र बाँकी देखिने गरी आर्थिक विवरण तयार गरेको पाइएन । प्रस्तुत विवरण अनुसार ७ कार्यक्रमको मूल ऋण पूँजी रु.३,७६,१६,१५७।- भएको मध्ये रु.२,३२,०१,५६७।- हस्तान्तरण भई रु.१,४४,१४,५९०।- लगानीमा रहिरहेको देखाएको छ ।

४. **लगानी व्याज** : ऋण पूँजी लगानीबाट व्याज, हर्जाना असुली भए नभएको सम्बन्धमा स्पष्ट देखिने विवरण तयार गरेको छैन ।

५. **सापटी** : आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार स्थानीय विकास कोषबाट रु.३,५०,०००।- सापटी लिएकोमा सापटी फिर्ता गरेको नपाइएकोले सम्बन्धित खातामा सापटी फिर्ता गर्नुपर्दछ ।

## शाखा तथ्याङ्क कार्यालय

१. **दरवन्दी र पदपूर्तिः** : यस कार्यालयको बिभिन्न पदको स्वीकृत दरवन्दी ९ मध्ये ८ पूर्ति भई १ रिक्त रहेको देखियो । तसर्थ स्वीकृत दरबन्दी अनुसारका पदहरु पूर्ति गर्न सम्बन्धित निकायले यथासमयमै ध्यान दिनुपर्दछ ।

२. **जिन्सी निरीक्षण** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्रतिवेदन दिने र सोको कारबाहीको व्यवस्था छ । प्रतिवेदनमा मूल्य नखुलाइएको, लिलाम गर्नुपर्ने र मर्मत गर्नुपर्ने सामानहरु रहेको उल्लेख भएको देखिन्छ । नियमानुसार मालसामानहरुको मूल्य खुलाई मर्मत तथा लिलाम गरी मालसामान दुरुस्त राख्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृदि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, नापी नियन्त्रण खाता नराखेको, त्रुटि सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, विड डकुमेन्ट र इ विडिङ्गको अभिलेख नराखेको, भ्रमण प्रतिवेदन लिने नगरेको लगायतका व्यहोरा देखिएका छन् । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत तथा कार्यक्रम खर्च** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्च रु.१०९९३५०००।– खर्च गरेकोमा तेस्रो चौमासिकमा रु. ८५९५२०००।– (७८ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.६२३९५०००।– (५७ प्रतिशत) खर्च गरेको पाइयो । तेश्रो चौमासिक तथा आषाढ महिनामा मात्र वढी खर्च हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य प्रगति** : वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार ८ बजेट उपशीर्षक अन्तर्गत यस बर्ष ५९ कार्यक्रम रहेकोमा २५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रम १, ५० प्रतिशतसम्म प्रगति भएका कार्यक्रम ३ र ७५ प्रतिशत प्रगति भएका कार्यक्रम ३ रहेका छन् । प्रगति न्यून हुनुमा समयमा ठेक्का व्यवस्था नहुनु, सम्झौता अनुसार कार्य सुचारु नगर्नु, निरन्तर अनुगमन नहुनु आदि कारण रहेका छन् ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थानुसार लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष कार्यालयले रु.४१ लाख ४ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट निर्माणसंग सम्बन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

५. **पूर्वनिर्धारीत क्षतिपूर्ति** : लेक पोखरा प्राथमिक स्वास्थय चौकी सल्यानको भवन निर्माण गर्न एक कन्स्ट्रक्सनसंग २०६८।३।२६ मा प्रोभिजनल सम समेत रु.४९३२९१८७/- को ठेक्का सम्झौता भएको थियो । सम्झौता बमोजिम कार्य सम्पन्न नभएकोले २०७२।३।३० मा महानिर्देशकबाट २०७२।६।१५ पछि पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप भएको छ मा पुनः महानिर्देशकबाट २०७३।६।३० सम्म म्याद थप गर्दा पूर्ववत् निर्णय अनुसार पूर्वनिर्धारीत क्षतिपूर्ति लिने गरी २०७३।३।१६ मा म्याद थप गरिएको देखियो । डिभिजनले तोकिएका समयमा कार्य सम्पन्न नगरेका निर्माण व्यवसायीलाई आठौ रनिङ बिलको रकम भुक्तानी गर्दा २०७२।६।१५ पश्चात २७८ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति सम्झौता रकमको अधिकतम १० प्रतिशतले हुने रु.३७१३६७१/- असुल गर्नुपर्नेमा रु.२,७८,५३५/- असुल गरेको देखियो । घटी असुल भएको रु.३४,३५,१३६/- दाखिला हुनुपर्छ ।

६. **मूल्य समायोजन** : एक निर्माण व्यवसायीसंग भएको निर्माण सम्झौताको दफा ४२.२ मा उल्लेख भएको सूत्र अनुसार बि.सि. र ई. को अलग अलग प्रतिशत र आधार मूल्य तोक्नुपर्नेमा तोकेको पाइएन । डिभिजनले सम्झौतामा लेखेको सूत्र प्रयोग नै नगरी फरक सूत्र प्रयोग गरी मूल्यवृद्धि बापतको रकम रु.५८०७१६/- भुक्तानी दिएको छ । सम्झौताभन्दा फरक सूत्र प्रयोग भएकोले तोकिएको अवधिमा कार्य नगरेका निर्माण व्यवसायीलाई भुक्तानी दिएको रु.५,८०,७१६/- कानून सम्मत् देखिएन ।

७. **लागत अनुमान** : एकै प्रकारको भवनको लागत अनुमान बनाउँदा लिईने आधारमा कुनै भिन्नता हुनु हुँदैन । डिभिजनले लेक पोखरा प्राथमिक स्वास्थय चौकीको मुख्य भवनको आर.सि.सि. ढलानको प्रतिघनमिटर १.५९२ प्रतिशतबाट हुने परिमाणलाई ७८५० ले गुणन गरी फलामे डण्डीको तौल हिसाब गरेको पाइयो भने स्यूजा प्राथमिक स्वास्थ्य केन्द्र भवनको लागत अनुमान बनाउँदा आरसिसि ढलानको प्रतिघनमिटर २.०६ प्रतिशतले लाग्ने उल्लेख गरी ६७१.३५ घनमिटरमा १०८९९० के.जी. फलामे डण्डी लाग्ने गरी परिमाण निकालेको देखियो । लेख पोखराको तुलनामा ०.४६८ प्रतिशत बढाई ६७१.३५ घनमिटर आरसिसिमा कामको लागि २४६६४ के.जी. बढी फलामे डण्डी लाग्ने गरी लागत अनुमान तयार गरेको देखियो । निर्माण व्यवसायीको दर रु.७५।- अनुसार मूल्य अभिवृद्धि कर समेत रु.२०९०२७४/- थप व्ययभार पर्ने गरी लागत अनुमान बनाएको छ । यस प्रकारको लागत अनुमान तर्जुमा गर्ने कार्यमा नियन्त्रण गर्न कार्यालय तथा तालुक निकायले ध्यान दिनुपर्ने देखियो ।

८. **कार्य सम्पादन** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्झौता रकमको ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत रकम लिनुपर्दछ । एक निर्माण व्यवसायीसंग रु.१०७८४०६/- बराबरको काम भेरिएसनबाट थप सम्झौता गरेकोमा ५ प्रतिशतले हुने रु.५३,९२०/- कार्य सम्पादन जमानत लिएको पाइएन ।थप कार्य सम्पादन जमानत लिनुपर्दछ ।

९. **बढी परिमाणको सम्झौता** : स्वीकृत लागत अनुमानको आधारमा बोलपत्र आह्वान भई ठेक्का सम्झौता हुनुपर्नेमा डिभिजनले मेडिकल स्टोर भवन निर्माण कार्यको लागि स्वीकृत भएको लागत अनुमानमा सिभिल, सेप्टिट्याङ्क सोकपिट र साईट डेभलपमेण्ट वर्कको परिमाण निकाली सकेपछि पुनः साईट डेभलपमेन्ट वर्कको सोही परिमाण दोहोरो हुने गरी थप गरेको देखियो । लागत अनुमानको परिमाण दोहोरो हुने गरी थप गरेको आधारमा ठेकेदारसंग सम्झौता भएकोमा भेरीएसन तथा संशोधित लागत अनुमान समेत स्वीकृत भएको नपाईएकोले रु.१०,१६,३३९/- नियम सम्मत देखिएन ।

१०. **बढी ल्यापिङ परिमाण** : भवनको डिजाईन नक्सामा पिलरमा लाग्ने रडको संख्याको आधाभन्दा बढी नहुने गरी ल्यापिङको परिमाण नापजाँच गर्न सक्ने उल्लेख छ । डिभिजनले स्यूजा प्राथमिक स्वास्थ्य चौकी निर्माण गर्ने निर्माण व्यवसायीलाई चौथो रनिङ बिलको भुक्तानी दिदा पिलरमा रडको लम्बाई बराबर नै ल्यापिङ दिएको पाइयो । रडको हिसाबमा ५० प्रतिशतभन्दा बढी नहुने गरी ल्यापिङ दिनुपर्नेमा ५० प्रतिशतभन्दा बढी ल्यापिङ दिएकोकारणले बढी भुक्तानी भएको रु.९८,७८१/- असुल हुनुपर्छ ।

११. **घटी कर कट्टी** : गढवा स्वास्थ्य चौकीका निर्माण व्यवसायीलाई प्रोभिजनल समबाट गाडी भाडामा लिए बापत रु.२८२९००/- भुक्तानी भएकोमा आयकर ऐन, २०५८ बमोजिम १० प्रतिशतले हुन आउने कर असुल गर्नुपर्नेमा १.५ प्रतिशतमात्र असुल गरेकोले नपुग कर रु.२४,०४७/- असुल हुनुपर्छ ।

१२. **जिन्सी दाखिला** : फोटोकपी मेशिन खरिद बापत रु.१४५०००/- भुक्तानी भएकोमा जिन्सी दाखिला भएको नपाइएकोले जिन्सी दाखिला प्रमाण पेश हुनुपर्छ ।

१३. **कर बीजक** : फोटोकपी बिलको आधारमा एक निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर रु.२,९८,८६८/- भुक्तानी भएको छ । रितपूर्वकको कर बीजकको आधारमा मूल्य अभिबृद्धि कर भुक्तानी हुनुपर्नेमा रितपूर्वकको कर बीजक बेगर भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्छ ।

१४. **भेरीएसन** : थारमारे सल्यानमा अस्पतालको स्टाफ क्वाटर निर्माण गर्न एक निर्माण व्यवसायीसंग भएको सम्झौताको बिल अफ क्वान्टिटीमा नभएका ३ आईटम थप गरी अन्तिम बिलको रु.३७५४९३९/- भुक्तानी भएको छ डिभिजनले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार भेरीएशन आदेश जारी नै नगरी मूल्य अभिबृद्धि करसहित रु.२,४९,७३३/- भुक्तानी दिएको नियमसम्मत् देखिएन ।

१५. **घटी असुली** : सोही ठेक्कामा गाडी भाडा र अफिस भाडा बापत रु.३१८९००/- भुक्तानी भएकोमा आयकर ऐन, २०५८ बमोजिम भाडा कर १० प्रतिशतले असुल गर्नुपर्नेमा १.५ प्रतिशतले हुने रकम मात्र कर असुल भएकोले घटी असुल भएकाले नपुग रु.२७,१०६/- असुल गर्नुपर्दछ ।

१६. **पेश्की भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम मोबिलाईजेशन पेश्की भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर र प्रोभिजनल समको रकम घटाई हुन आउने सम्झौता रकमबाट २० प्रतिशतले हुने रकम भुक्तानी गर्नुपर्नेमा २ निर्माण व्यवसायीलाई बढी पेश्की भुक्तानी भएको रु.२,५४,५१२/- असुल गर्नुपर्दछ ।

१७. **स्वीकृत कार्यक्रम बेगर खर्च** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको अधीनमा रही तोकिएको कार्यमा मात्र खर्च गर्न पाउने व्यवस्था छ । डिभिजनले यो वर्षको स्वीकृत कार्यक्रममा नभएको भवन वरीपरी सफा गर्ने कार्यको लागि एक निर्माण व्यवसायीको बिलबाट रु.३८५२९३/- खर्च लेखेको छ । कार्यक्रममा नभएको कार्यमा भएको खर्च नियमसम्मत् देखिएन ।

१८. **बिल बेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को उपनियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायीलाई प्रोभिजनल सम अन्तर्गत खर्चका बिल भरपाई संलग्न गरेर मात्र भुक्तानी दिनुपर्नेमा बिल भरपाई बेगर रु.१,४५,२९४/- भुक्तानी दिएको पाइयो । उल्लिखित रकमको सक्कल बिल भरपाई पेश हुनुपर्छ । त्यस्तै एक निर्माण व्यवसायीलाई एज बिलट ड्रइङ पेश नगरेको अवस्थामा समेत रु.२८,२१५/- भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

१९. **बढी खर्च** : नयाँ नगरपालिकाहरुको पूर्वाधार विकास कार्यक्रम अनुसार सल्यान, खलंगामा बसपार्क तथा सिंढी निर्माण कार्यका लागि बार्षिक कार्यक्रममा रु.१५,००,०००/- बजेट व्यवस्था भएकोमा स्वीकृत सीमाभन्दा बढी खर्च भएको रु.९,३२,२७४/-नियमित देखिएन ।

२०. **जोखिममा परेको पेश्की** : निर्माण व्यवसायीलाई सम्झौता बमोजिम बैंक ग्यारेण्टी लिई निर्माण कार्यका लागि दिएको पेश्की तोकिएको समयमा कार्य सम्पन्न नभएमा तथा बैंक ग्यारेण्टीको म्याद समाप्त भएको अवस्थामा फिर्ता माग गरी आम्दानी बाँध्नुपर्दछ । एक निर्माण ब्यबसायीलाई दिएको अग्रिम पेश्कीको बैंक ग्यारेण्टीको म्याद २०७३।९।२९ मा समाप्त भएको पाइयो । अतः निर्माण व्यवसायीसँग बाँकी रहेको पेश्की रु.२३,५०,०००/- जोखिममा परेकोले असुल गरी दाखिला हुनुपर्दछ ।

२१. **बढी भुक्तानी** : कार्यालयले एक निर्माण व्यवसायीलाई रनिङ्ग बिलको रकम भुक्तानी दिंदा नापी कितााबको जोड जम्मा फरक पारी रु.२,०१,७०५/- वढी भुक्तानी गरेको तथा एक निर्माण व्यवसायीलाई सम्झौता दरभन्दा फरक दरले भुक्तानी दिएको हुँदा रु.४१,२२२/- बढी भुक्तानी भएको

पाइएको छ । अन्य भुक्तानीमा समेत यस्तो अवस्था भए नभएको कार्यालयबाटै छानबिन गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२२ **भेरीएशन** : एक निर्माण ब्यवसायीलाई निर्माण कार्यको भुक्तानी दिँदा बि.ओ.क्यू.मा समाबेश नभएको कार्यहरुको भेरिएशन आदेश समेत स्वीकृत नगराई भुक्तानी दिएको छ । बि.ओ.क्यू.मा उल्लेख नभएका आईटमवाईज कार्यको भुक्तानी भएको रकम रु.१,०९,९७५।- असुल हुनुपर्दछ ।

२३ **दोहोरो भुक्तानी** : कार्यालयले एक निर्माण ब्यबसायीलाई अटो भिलेज घोराहीमा तार जाली ग्याबियन कार्यको भुक्तानी दिँदा दोहोरो मूल्य अभिवृदि कर भुक्तानी दिएको रु.९,६७७/- असुल हुनुपर्दछ ।

२४ **प्रोभिजनल समको भुक्तानी** : एक निर्माण ब्यबसायीलाई ठूला शहर कोरिडोर पूर्बाधार विकास गर्ने कार्य (लमही-घोराही, तुल्सीपुर-ईमेलिया) को रनिङ्ग बिल भुक्तानी दिदा बिल भरपाई बेगर भुक्तानी दिएको रु.१८,००३/-असुल हुनुपर्दछ ।

२५ **पेश्की** : आर्थिक वर्षको अन्त्यसम्म ११ निर्माण व्यवसायीलाई गएको पेश्की फछ्र्यौट गरेको नदेखिएको रु.२,४०,३२,०००/- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## मध्य पश्चिम सिंचाई विकास डिभिजन नं. १

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा तोकिएको समयमा अख्तियारी प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, वातावरणीय लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृदि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, नापी नियन्त्रण खाता नराखेको, कार्य प्रगतिको सूचना लिने नगरेको, भुक्तानी भएको छाप नलगाएको, त्रुटी सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, मर्मतको अभिलेख नराखेको, विड डकुमेन्ट र इ विडिङ्गको अभिलेख नराखेको, सम्झौता कार्यान्वयनको अवस्था देखिने गरी अभिलेख नराखेको, खर्च भएर नजाने प्रकृतिका सामान खर्च भएर जाने जिन्सी खातामा आम्दानी वाधेको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । डिभिजनले कुल पूँजीगत तथा कार्यक्रममा रु.२२ करोड १२ लाख ३२ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.१९ करोड ३४ लाख ९२ हजार (८७.८६ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा रु.१२ करोड ५४ लाख ८५ हजार (५६.७२ प्रतिशत) खर्च गरेको पाइयो । आषाढ १ महिनामा मात्र ५६.७२ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन पर्ने देखिएको छ ।

३. **कार्यस्वीकार प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । रानीघाट सिचाई योजनाका निर्माण व्यवसायीलाई कार्य स्वीकार प्रतिवेदन बेगर रु.४४,६१,९३३/- भुक्तानी दिएको देखियो । नियमावलीमा भएको व्यवस्था पूर्णरुपमा पालना हुनुपर्दछ ।

४. **गुणस्तर परीक्षण** : ठेक्का सम्झौताको शर्तबमोजिम गुणस्तर परीक्षण गरेर रकम भुक्तानी गर्नुपर्नेमा ३ निर्माण कार्यमा हेभी कोटेड जि आई तार प्रयोग गरी जालीमा ढुङ्गा भर्ने काम गराएकोमा

गुणस्तर परीक्षण नै नगरी हेभी कोटेड जि.आर.तारको रु.५,३५,७९२/- भुक्तानी गरेको छ । स्पेशिफिकेशन अनुसार गुणस्तरीय सामान उपयोग भए नभएको परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

५. **ठेक्का स्वीकृति** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ मा बोलपत्र सारभूत रुपमा अप्रभावकारी हुने, मूल्याङ्कनमा समावेश नगरीने बोलपत्रको मूल्याङ्कन गर्दा उपदफा ५ अनुसार बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने छ र त्यसरी मूल्याङ्कन गर्दा प्रत्येक बोलपत्रको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसँग तुलना गरी न्यूनतम बोल अङ्क कवुल गर्ने बोलपत्रदाता छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ठेक्का सम्झौता गरेका ठेक्का मध्ये लागत अनुमान रु १,५१,६७,१७५/- भएकोमा ३१ प्रतिशत घटी रु.१,०४,६४,७२४/- कबोल गरेका निर्माण व्यवसायीलाई छनौट नगरी लागत अनुमानभन्दा २७.३६ अर्थात रु.१,१०,१६,९५८/- घटी गरेका निर्माण व्यवसायीसँग सम्झौता गरेको पाइयो । ठेक्कामा टर्न ओभर नपुगेको भनी सारभूतरुपमा अप्रभावग्राही भएको मानी न्यून कवोल गर्ने एक निर्माण सेवासँग सम्झौता गरेको छ । सारभूतरुपमा अप्रभावकारी भएको पुष्ट्याई हुने नदेखिएकोले बढी कवोलको ठेक्का स्वीकार गर्दा रु.५,५२,२३४/- थप व्ययभार परेको देखिन्छ ।

६. **परामर्श सेवा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा नियमावलीको नियम ७२ अनुसार परामर्शदाताबाट लिखित रुपमा प्राविधिक वा आर्थिक प्रस्ताव माग गरी परामर्श सेवा लिन सकिने व्यवस्था छ । कार्यालयमा उपलव्ध जनशक्तिबाट काम हुन सक्ने नसक्ने बिश्लेषण नगरी परामर्श सेवा लिइ रु.४,३५,०५०।- भुक्तानी गरेको छ ।

७. **सम्झौताको शर्त** : कार्यालयबाट भएका ठेक्का सम्झौता अनुसार मोबिलाइजेशन पेश्की शुरु ठेक्का सम्झौताको १० प्रतिशत दिन सकिने सोमध्ये पहिलो ५ प्रतिशत सम्झौता भएपछि दिने र दोश्रो ५ प्रतिशत साइटमा काम शुरु भएपछि निर्माण सामग्री किनेको बिल, बीमा गरेको डकुमेण्ट र कार्यतालिका पेश गर्नुपर्ने दायित्व निर्माण व्यवसायीले पूरा गरेपछि दिन सकिने उल्लेख छ । सम्झौतामा उक्त व्यवस्था भए तापनि कार्यालयले दोश्रो मोबिलाइजेशन पेश्की सम्झौतानुसार पेश गर्नुपर्ने बिल तथा प्रमाण बेगर बैक ग्यारेण्टीको आधारमा दुई ठेक्कामा रु.३४५७०००/- भुक्तानी गरेको देखियो । सम्झौताको शर्तअनुसार पेश्की भुक्तानी नभएकोले उक्त पेश्की निर्माण सामग्री तथा ठेक्कामा परिचालन मा प्रयोग भएको आश्वस्त हुने अवस्था देखिएन ।

८. **कार्यक्रमभन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कार्यालय प्रमुखले बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले २ ठेक्कामा स्वीकृत बजेटभन्दा बढी खर्च गरेको देखियो । स्वीकृत कार्यक्रमभन्दा बढी खर्च गरेको रु.७५,८८,२५२/- नियमसम्मत् देखिएन ।

९. **मूल्य अभिवृद्धि कर भुक्तानी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा विक्रेताले मिति, बीजक नं. स्पष्ट खुलेको रितपूर्वकको बीजक जारी गर्नुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायीलाई रानीघाट सिचाई योजनाको अन्तिम बिल रु.१५,४१,४१०/- (मूल्य अभिवृद्धि कर समेत) भुक्तानी भएको बिलमा बीजक नम्बर उल्लेख भएको पाइएन । रितपूर्वक जारी नभएको बिलबाट भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.१,७७,३३०/- आन्तरिक राजस्व कार्यालय दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

१०. **नापी किताब परीक्षण**

१०.१ एक निर्माण व्यवसायीलाई अन्तिम किस्ता बापत रु.१५४१४१०/- भुक्तानी भएको छ । अन्तिम भुक्तानीको नापी किताब परीक्षण गर्दा ७३३।३८ वर्गमिटर खरिद बुनाइ बापत रु.२१३ को दरले

रु.१५५५९९६/- भुक्तानी भएकोमा ढुङ्गा १४६.०७ घनमिटर मात्र भरेको देखियो । ढुङ्गा भरेको हिसाबमा जालीको साइज अनुसार ४३ मात्र भए पुग्ने देखियो। उक्त अवस्थामा कार्यालयले भुक्तानी गरेको ५० जालीमध्ये ७ जालीको खर्च रु.२६,५३६/-बढी देखिन्छ । बढी खर्च लेखेको जालीको पुष्ट्याँइ नभएकोले पुष्ट्याँइ पेश हुनुपर्छ ।

१०.२ गाँसे सत्तैया कुलो सिचाइ योजनाको आपतकालिन नदी नियन्त्रण कार्य सम्पन्न गरेको आधारमा एक निर्माण सेवालाई सम्झौता बमोजिम रु ४६४५२२/- भुक्तानी भएको छ। सोही स्थानको अन्य ठेक्काको लागत अनुमानमा ढुङ्गा भर्ने कार्यको लागि प्रतिघनमिटर रु.१८९१/- लागत अनुमान स्वीकृत भई ठेक्का सम्झौता भएको देखियो भने सिधै खरिद गरीएको यस सम्झौतामा प्रतिघनमिटर रु.२३४०.२३ लाग्ने गरी लागत अनुमान स्वीकृत गरी सोही अनुसार भुक्तानी भएको पाइयो । यस सम्झौतामा प्रतिघनमिटर रु.४४९.२३ बढी हुने गरी लागत अनुमान तयार गरी १०७.३२ घनमिटरको ढुङ्गा भर्ने काममा रु.४८,२११/- र सोको मूल्य अभिवृद्धि करसमेत रु.५४,४७९/- आर्थिक भार पार्ने गरी लागत अनुमान बनाउनु उपयुक्त देखिएन ।

१०.३ एक निर्माण व्यवसायीलाई लव्ली सिंचाइ योजनाको चौथो रनिङ बिलको रु.१२,९०,५८२/- भुक्तानी भएकोमा गेवीयन वर्क कार्य गराउन १०४ वटा जाली प्रयोग भएकोमा तारजालीको संख्या र साइज अनुसार २९०.०२५ घनमिटर मात्र ढुङ्गा भर्ने कार्य हुनेमा ३०३.४७ देखाएकोले बढी घन मिटर १३.४४५ को बढी भुक्तानी रु.९,९५१/-असुल हुनुपर्दछ ।

१०.४ एक निर्माण व्यवसायीलाई दोश्रो रनिङ बिलको रु.६६,३१,५६०/- भुक्तानी भएकोमा ३४३ वटा जाली बुनेकामा जालीको संख्या अनुसार ७७१.७५ घनमिटर ढुङ्गा भर्ने कार्य गरेबापत भुक्तानी गर्नुपर्नेमा ७८६.७५ घनमिटर नापी देखाई १५ घनमिटरको बढी भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर समेत रु.३०,५१०/- बढी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

१०.५ एक निर्माण सेवालाई लरेणा सोता मछाइ कुलोको दोश्रो रनिङ बिलको रकम रु.५७,४९,७४८/- भुक्तानी गरेकोमा ८२ वटामा ३२५.८ घनमिटर जाली बुनेकोमा ढुङ्गा भर्ने कार्य २१२.११ घन मिटरमा मात्र गरेको देखियो । ढुङ्गा भर्ने कार्य गरेभन्दा ५१ वटा जालीको बढी भुक्तानी भएकोले रु.१,५५,६०१/- खर्चको प्राविधिक पुष्ट्याइ पेश नभएकोले असुल हुनुपर्छ ।

११. **मूल्य अभिबृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले अनुसूची-५ बमोजिमको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण ब्यवसायीलाई रु.३,००,६०६/- मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा कर बीजक जारी गरेको पाइएन। कर बीजक जारी नगरी भुक्तानी भएको रु.३,००,६०६/- असुल हुनुपर्दछ। त्यस्तै सिचाई योजनाको एक निर्माण व्यवसायीलाई सातौ तथा अन्तिम बिलको रु.३५,९८,८६९/- (मूल्य अभिवृद्धि कर बाहेक) मा रु.४,६७,८५३/- मूल्य अभिवृद्धि कर समावेश गरी रु.४०,६६,७२२/- भुक्तानी दिनुपर्नेमा रु.४०,७६,४७२/- (मूल्य अभिवृद्धि कर सहित) भुक्तानी दिएको हुँदा बढी भुक्तानी हुन गएको रु.९,७५०/- असुल हुनुपर्दछ ।

१२. **भेरिएसन आदेश** : सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११८(१) मा खरिद सम्झौता बमोजिम १५ प्रतिशतसम्म विभागीय प्रमुखले भेरिएसन आदेश दिने व्यवस्था छ। लागत अनुमान स्वीकृत गर्ने अधिकारीभन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न नमिल्ने व्यहोरा सार्वजनिक खरिद ऐनको दफा ५४.३ मा उल्लेख छ । डिभिजन कार्यालयले सिचाई बिभागका महानिर्देशकबाट स्वीकृत भएको लागत अनुमानको अङ्क रु.११,६९,६७,०००/- लाई टुक्राई ठेक्का ब्यबस्था गरेको पाइयो । यसरी टुक्राइएका ठेक्काको १२ प्रतिशतसम्म भेरिएशन भएकोमा सोको भेरिएशन आदेश शुरु लागत आनुमान स्वीकृत गर्ने विभागीय प्रमुखबाट हुनुपर्नेमा क्षेत्रिय प्रमुखबाट स्वीकृत भएकोले भेरिएशन आदेश नियमसम्मत् देखिएन ।

१३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष योजनाले रु.४६ लाख ७० हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो। उक्त खर्च नियममा उल्लेख भएअनुसार यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु खर्चमा बजेट व्यवस्था भएको देखिन्छ। त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको नियमसम्मत् देखिएन ।

१४. **पेश्की** : आर्थिक वर्षको अन्त्यसम्म ५ निर्माण व्यवसायीको नाममा बाङकी रहेको पेश्की फछ्र्यौट गरेको नदेखिएको रु.५९,७९,११९/- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## घोराही नगर विकास समिति

१. **वित्तीय विवरण** : नगर विकास समितिले आय-व्यय बाहेक अन्य वित्तीय विवरणहरु तयार गर्ने नगरेकोले समितिको चल अचल सम्पती र दायित्व, नगद प्रवाहको स्थिति यकिन गर्न सकिएन । वित्तीय विवरणमा सम्पत्ति र दायित्व नदेखाएकोले समितिको आर्थिक कारोवारले वास्तविक चित्रण गर्न सक्ने देखिएन ।

२. **आन्तरिक लेखापरीक्षण** : समितिले आथिंक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबारको शुद्धता कायम गर्नु गराउनु पर्नेमा समिति स्थापना कालदेखि नै आन्तरिक लेखापरीक्षण नगराएकोले आन्तरिक लेखापरीक्षणमा गराउनु पर्दछ ।

३. **समितिको बैठक** : नगर विकास ऐन, २०४८ को दफा ६.१ मा समितिको बैठक कम्तीमा २ महिनामा एक पटक बस्ने व्यवस्था भएकोमा यस वर्ष २ पटक बैठक भएको देखियो । समितिको वैठक नियमित रुपमा वस्नुपर्ने देखियो ।

४. **नगद मौज्दात** : समितिले विभिन्न शीर्षकमा उठेको आम्दानीमध्ये रु.५,६१,६९०/- लामो समयसम्म पनि नगदमै राखेको देखियो । समितिको आम्दानी लामो अवधिसम्म नगदै राख्नु उचित देखिएन । नगद राखिएको रु.५,६१,६९०/- व्याज सहित बैंक दाखिला हुनुपर्दछ ।

५. **बक्यौता असुली** : समितिले विभिन्न व्यक्तिसंग उठाउँन बाँकी कोठा भाडा तथा जग्गाको रकम सम्झौताको शर्त अनुसार रु.२५,५७,९३२/- असुल गरी समितिको खतामा दाखिला गर्नुपर्दछ ।

६. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-६ को नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा, त्यसको लगत, संरक्षण तथा बरबुझारथ सम्बन्धमा व्यवस्था छ। समितिले जिन्सी मालसामानको आम्दानी तथा खर्च जनाउनका लागि जिन्सी खाता राखेको भए तापनि अद्यावधिक गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्ने गरेको पाइएन । जिन्सी स्रेस्ता अद्यावधिक गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्नेदेखिन्छ ।

७. **वार्षिक प्रतिवेदन** : समितिले आफ्नो कार्यक्रम सञ्चालनको वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको नदेखिएकोले उक्त प्रतिवेदन तयार गर्नुपर्दछ ।

८. **प्रगति प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार प्रगति विवरण बनाएको देखिएन । समितिले उक्त व्यवस्था अनुसारको प्रगति विवरण बनाउनु पर्ने देखिन्छ ।

९. **विवरण नराखेको** : समितिसंग जग्गा प्राप्ति, विकास, वितरण र बाँकीको लगत किताव रहेको देखिएन । लगत किताव खडा गरी सम्पत्तिको सुरक्षाको उचित व्यवस्था गर्नुपर्ने देखियो ।

१०. **पेश्की** : समितिले २०७२।११।१९ मा एक व्यक्तिलाई दिएको पेश्की रु.१,००,०००/- र विगत वर्षहरुमा विभिन्न व्यक्तिहरुलाई दिएको पेश्की रु.३३,३४,३३७/- हालसम्म फछ्र्यौट भएको नदेखिएकोले असुल फछ्र्यौट हुनुपर्दछ ।

११. **नियम** : समितिले आवश्यक विनियमावली र निर्देशिका तयार गरेको देखिएन । विनियम तथा निर्देशीका तयार गरी लागु गर्नुपर्दछ ।

## जिल्ला पशुसेवा कार्यालय

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भुक्तानी भएको छाप नलगाएको, लगायतका व्यहोरा देखिएका छन् । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत तथा कार्यक्रम** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्दछ । कार्यालयले पूँजीगत तथा कार्यक्रम खर्च रु.४ करोड २ लाख ७६ हजार गरेकोमा तेस्रो चौमासिकमा रु.२ करोड ५ लाख ९ हजार (५०.९२ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१ करोड ५ लाख २९ हजार (२६.१४ प्रतिशत) खर्च गरेको पाइयो । आषाढ १ महिनामा मात्र २६.१४ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन जोड दिनुपर्ने देखिएको छ ।

३. **मर्मत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाख रुपैया लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने तथा नियमावलीको नियम १४ मा २५ हजार रुपैया देखि माथिको मालसामान सेवा तथा निर्माण कार्य गर्दा लागत अनुमान तयार गरी तोकिएको पदाधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । कार्यालयले लागत अनुमान तथा सिलबन्दी दरभाउपत्र बेगर एक वर्कसपलाई गाडी मर्मत गराएको भनी रु.६,३७,७०४/- भुक्तानी गरेको देखियो । नियमावलीको प्रावधान बमोजिम मर्मत कार्य नभएकोले नियम सम्मत देखिएन ।

४. **शीर्षक फरक पारी खर्च** : सार्वजनिक निकायले स्वीकृत बजेटको परिधि भित्र रही अर्थ मन्त्रालयबाट प्रकाशित खर्च शीर्षकको वर्गिकरण व्याख्या बमोजिम तोकिएको शीर्षकबाट खर्च गर्नु तथा निकासा दिनुपर्दछ । कार्यालयले खर्च शीर्षक फरक पारी रु.६,८२,०२०/- खर्च लेखेको देखियो । शीर्षक फरक पारी खर्च लेखेकोमा रकमान्तर स्वीकृत तथा खर्च समर्थन भएको नपाइएकोले नियमसम्मत् देखिएन ।

५. **कार्यक्रम बेगर खर्च** : यस वर्षको स्वीकृत कार्यक्रममा निर्माणधिन भवनमा झ्याल तथा जस्ता राख्ने कार्य देखिएन । कार्यालयले स्वीकृत कार्यक्रम बेगर भवन निर्माण गर्दा ठेक्का पट्टाबाट वचत रकमबाट रु.३,३४,०००/- को अलग्गै लागत अनुमान बनाइ एक निर्माण सेवालाई झ्याल तथा जस्ता कार्य गरेको भनी रु.३,३४,०००/- भुक्तानी भएको छ । आर्थिक ऐन, नियममा भएको व्यवस्था बमोजिम कार्यक्रम स्वीकृत नगराई गरीएको खर्च नियमसम्मत् देखिएन ।

६. **कार्य सम्पन्न प्रतिवेदन** : पशु सेवा कार्यक्रम सञ्चालन निर्देशिका कार्यविधि तथा नर्म्स पुस्तिकामा उल्लेख भएको स्पेशिफिकेशन अनुसार तोकिएको कार्य सम्पादन भए पछि मात्र गुणस्तरीय कार्य भएको प्रमाणित गरी कार्य सम्पादनको आधारमा स्वीकृत बजेटको रकम खर्च गर्नु पर्दछ ।

कार्यालयले विभिन्न १२ वटा कार्य गर्न सार्वजनिक सूचना प्रकाशन गरी ३२ वटा कृषक समुह छनौट गरेको र समूहले पेश गरेको बिलको आधारमा रु.१६,३५,०००/- भुक्तानी खर्च लेखेको छ । प्राविधिक मूल्याङ्कन समेत नगरी भुक्तानी भएबाट लक्ष्य अनुसार काम भएको छ भन्न सक्ने अवस्था देखिएन ।

७. **सीमाभन्दा बढी खर्च :** मभ्फौला ब्यबसायिक गाई फार्म सञ्चालन कार्यक्रम अन्तर्गत छनौट भएका पशु फार्महरुलाई गोठ निर्माण सुधार,आहारा ब्यबस्थापन वा अन्य सुदृढीकरणका लागि प्रतिफार्म रु.१,००,०००/- का दरले ३ वटा फार्महरुका लागि रु.३,००,०००/- अनुदान दिन सकिने गरी बजेट व्यबस्था भएकोमा कार्यक्रममा तोकिएको सीमा नघाई एक गाई तथा कृषि फार्मलाई रु.२,२५,०००/- भुक्तानी दिएको पाईयो । यसरी कार्यक्रममा भएको ब्यवस्थाभन्दा फरक तरिकाले कार्यक्रम संसोधन नगरी तोकिएको सीमाभन्दा रु.१,२५,०००/- बढी अनुदान दिएकोले थप व्याभार पारेको देखिन्छ ।

८. **व्ययभार :** कार्यालयले उन्नत गाई भैंसी श्रोत केन्द्र विकास कार्यक्रम सञ्चालनका लागि कार्यालय र फार्मसँग २०७०।७१ मा सम्भ्फौता सम्पन्न भई कार्यालयले अनुदानको रकम कृषक सहकारीको खातामा जम्मा गर्दै आएको पाइयो । कार्यालयले २०७२।७३ मा सम्भ्फौताको शर्त अनुसार बढीमा रु.४,००,०००/- अनुदान रकम भुक्तानी दिनुपर्नेमा सम्भ्फौताको शर्त विपरीत रु.८,००,०००/- भुक्तानी दिएको हुँदा रु.४,००,०००/- बढी भुक्तानी भइ थप व्ययभार पारेको देखिन्छ ।

९. **संख्या छनौट :** कार्यालयले पाडा हुर्काउने कार्यक्रमका लागि भैंसी श्रोत केन्द्रको रुपमा दर्ता भई कार्य गर्दै आएको प्रमाण र भैसीहरुको बीमा गरेको प्रमाण पेश गर्न सक्ने संस्थाहरु मध्येबाट छनौट गरी कार्यक्रम सञ्चालनको लागि अनुदान दिनु पर्नेमा उक्त प्रमाणहरु संलग्न नराखी घाँसको बिउ उत्पादन सम्बन्धी कार्य गर्दै आएको एक घाँसको बिउ उत्पादक संघसँग सम्भ्फौता गरी रु.२,००,०००/- अनुदान दिएको पाईयो । यसरी लक्षित कृषक समुहलाई अनुदान नदिई अन्य समुहलाई अनुदान दिएको हुँदा यस्ता क्रियाकलापमा नियन्त्रण गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **कर असुली :** कार्यालयले घाँसको बीउ कोष स्थापना कार्यक्रम सञ्चालन गर्नका लागि एक घाँस तथा बीउ उत्पादन कृषक समूहलाई रु.१,००,०००/- अनुदान उपलब्ध गराउँदा सम्भ्फौता अनुसार रु.२,००,०००/- को बिल भरपाई पेश गरेकोमो कृषकलाई खेत जोत्ने उपकरणको भाडा रु.१,२०,०००/- भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार १० प्रतिशतका दरले हुन आउने भाडा कर रु.१२,०००/- असुल नगरेको तथा सोही ऐनअनुसार पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने कट्टी नगरेको समेत रु.१६,६९५/- राजस्व दाखिल दाखिला हुनुपर्छ ।

## यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ

१. **ऐन नियमको पालना :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, मूल्य अभिवृदि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **राजस्व दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ अनुसार कार्यालयले दशहजार रूपैया सम्मको नगदै बुभिलिई त्यस्तो राजस्व रकम दैनिक रूपमा उपनियम (१) बमोजिमको खातामा जम्मा गर्नुपर्ने र नगद आम्दानी भोली पल्टै बैङ्क दाखिला गरी राजस्व आम्दानीको हिसाव अद्यावधिक गर्नुपर्दछ । दैनिक रूपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण

उल्लेख गरी सात दिनभित्र त्यस्तो नगद बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले श्रावण महिनामा अशुल भएको रु.७१,८८६/- राजस्व भाद्र १६ गते मात्र दाखिला गरेको देखियो । नियममा व्यवस्था भए बमोजिम समयमै राजस्व दाखिला हुनुपर्दछ ।

३. **करार** : विभागीय स्वीकृति विना तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ अनुसारको प्रकृया पुरा नगरी सहायक कम्प्युटर अपरेटर पदमा कामकाजमा लगाई खर्च लेखेकोले नियम सम्मत देखिएन ।

## यान्त्रिक कार्यालय

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, वार्षिक प्रतिवेदन तयार नगरेको, फछ्र्योट हुन बाँकी पेश्कीको विवरण तयार नगरेको, मूल्य नखुलेको सामानको मूल्य खुलाई नराखेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका सामानको लिलाम तथा मर्मत गरी नराखेका लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **खर्चको तुलनामा न्यून आर्जन** : कार्यालयले प्रभावकारी योजना तर्जुमा गरी आफ्नो लागत उठाउने गरी आर्जन गर्नेतर्फ प्रयास गर्नुपर्दछ । यस वर्ष मेशिन, उपकरणको मर्मत, सम्भारमा २ वटा बजेट उप शीर्षकबाट रु.१७ लाख खर्च भएकोमा रु.९ लाख ३१ हजार अर्थात् ५४.७६ प्रतिशत मात्र आर्जन गर्न सकेको देखियो ।

३. **भाडा असुली** : कार्यालयले यान्त्रिक उपकरण भाडामा दिदा आइडल टाइम समेतको भाडा असुल गर्नुपर्ने व्यवस्था छ । तर उपकरण भाडामा दिदा लग सिटमा आइडल टाइम उल्लेख नगरी भाडा असुल गरेको पाइएकोले आइडल टाइमको समेत भाडा असुल गर्न कार्यालय तथा तालुक निकायले ध्यान दिनुपर्ने देखियो ।

## कारागार कार्यालय, तुलसीपुर

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, म.ले.प.फा.नं.-२ अनुसारको बिवरण तयार नगरेको, लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **करसमायोजन** : कार्यालयले बिभिन्न निर्माण व्यवसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मूल्य अभिवृद्धि करसहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर बीजक जारी नगरेकोमा मूल्य अभिवृद्धि कर बापत रु.३२,८०५/- भुक्तानी गरेको छ । सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि करसमायोजन गरेको वा बुझाएको प्रमाण बेगर भुक्तानी गरेको रकम असुल हुनुपर्छ ।

३. **खरिद प्रकृया** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट सार्बजनिक निर्माण कार्य गर्नपर्नेमा कार्यालयले दरभाउपत्र वा बोलपत्र बेगर सार्बजनिक निर्माण कार्यलाई खण्डीकरण गरी रु.५ लाखभन्दा कमका टुक्रा टुक्रा बनाई कार्यक्रम समेत स्वीकृत नगराई रु.१५,८९,८१७/- को निर्माण कार्य सञ्चालन गरेको पाइएको हुँदा प्रकृया नियमित देखिएन ।

४. **पेश्की** : एक निर्माण व्यवसायीलाई गएको पेश्की रु.२६,१३,५००/- आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोलेसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्छ ।

## जिल्ला प्रहरी कार्यालय

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, भ्रमण अभिलेख खाता नराखेको, जिन्सी अध्यावधिक नभएको, चौमासिक प्रगति विवरण तयार नगरेको लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **भेरिएसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएसन आदेश गर्न सक्ने उल्लेख छ । यस कार्यालयले गढवाको भवन निर्माण गर्न एक निर्माण व्यवसायीसंग मूल्य अभिवृद्धि कर समेत रु.१,३३,८३,८०६।- मा निर्माण कार्य गर्न २०७१/१२/१० मा सम्झौता भएको देखिन्छ । लागत अनुमान तथा सम्झौतामा मेस भवन निर्माण गरी परिमाण समावेस नभएकोमा उक्त कार्य समेत गराई अन्तिम बिलसम्म रु.१,४८,९०,८७६/- खर्च भएको देखियो । सम्झौता रकमभन्दा रु.१५,०७,०७१/- बढीको काम अर्थात १२.७२ प्रतिशत वृद्धि भएकोमा संशोधित लागत अनुमान स्वीकृत गरी भेरिएशन आदेशबाट सम्झौता गरी थप निर्माण कार्य गराउनु पर्नेमा सो अनुसार नगरेकोले सम्झौताभन्दा बढी र अलग्गै मेसभवन निर्माणको कार्यबाट थप भएको खर्च नियमसम्मत् देखिएन ।

३. **ठेक्का व्यवस्था** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने उल्लेख छ । यस कार्यालयबाट २०७१।८।६ को बोलपत्र सूचना मार्फत बोलपत्र आव्हान भएकोमा ४ वटा मात्र व्यवसायीले बोलपत्र पेश गरेकोमा २ निर्माण व्यवसायीले क्रेडिट लाइन पेश नगरेको कारण र एक निर्माण व्यवसायीले बोलपत्रमा उल्लिखित बिल अफ क्वान्टिटीका केही आइटम मात्रको दररेट भरेकोले तीनवटा नै रितपूर्वक नभएको भनी प्रतिस्पर्धाबाट हटाइ १ वटा मात्र निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गरी २०७१/१०/७ मा रु १,७७,७८,४४१/- (मूल्य अभिवृद्धि कर बाहेक) को सम्झौता गरेको देखियो । सम्झौता रकम लागत अनुमानको तुलनामा २.४८ प्रतिशत मात्र घटी देखिन्छ । उक्त कार्य मितव्ययी रुपमा भएको छ भन्न सक्ने अवस्था देखिएन ।

४. **नयाँ दर सम्झौता** : वडा प्रहरी कार्यालयको भवन निर्माण कार्यकालागि निर्माण व्यवसायीसंगरु १,७७,७८,४४१/- मा सम्झौता भएकोमा कार्यालयको माग बमोजिम फिनिसिङ कार्य गर्नुपर्ने भै थप कार्य गराउन नयाँ ठेक्का गर्नुभन्दा भेरिएसनबाट गराउँदा किफायत हुने प्राविधिक पुष्ट्याइ गरी मूल्य अभिवृद्धि कर समेत २,२६,२३,७२६/- को संशोधित लागत अनुमान तयार गरी थप काम गराएको देखियो । निर्माण व्यवसायीसँग भएको सम्झौताको कुनै आइटममा शुरु सम्झौताको २५ प्रतिशत, शुरु सम्झौताको अंकको २ प्रतिशत वृद्धि हुने भएमा दर सम्झौता गर्नुपर्ने र १० प्रतिशत भन्दा बढी वृद्धि भएमा माथिल्लो निकायबाट पूर्व अनुमति लिइ नयाँ दर सम्झौता मार्फत कार्य गराउनु पर्ने उल्लेख भएकोमा सो गराएको पाइएन । यस प्रकार सम्झौतामा भएको व्यवस्था पूर्ण पालना गर्नुपर्नेमा नगरेको कारण निर्माण कार्य मितव्ययी भएको छ भन्न सकिएन ।

५. **फिल्ड निरीक्षण** : वडा प्रहरी कार्यालयको भवन सम्पन्न भई प्रयोगमा आएको देखियो । प्रयोगमा आएको भवनको फिल्ड निरीक्षण गर्दा व्यारेक भवनको पहिलो तलामा निर्मित कोठाको विम चर्केको अवस्थामा रहेको पाईयो । भवनको मर्मत सम्भार अवधि नसकिएकोले सम्बन्धित निर्माण व्यवसायीबाट चर्केको उक्त विम सुधार गराउनु पर्ने देखिन्छ ।

६. **भवन निर्माण** : इलाका प्रशासन कार्यालय हेकुली को भवन निर्माण गर्न एक निर्माणव्यवसायी संग २०७० कार्तिक ९ गतेसम्म कार्य सम्पन्न गर्नुपर्ने गरी २०६९।१०।९ सम्झौता भएको देखियो । समयमा

काम सम्पन्न नभएकोले २०७१।९।३० सम्म म्याद थप भएको देखियो । उक्त भवन निर्माण कार्य निज ठेकेदारको खर्चमा निर्माण सम्पन्न भएतापनि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम ठेक्का तोडी कार्य सम्पादन जमानत रु.८,७७,३००/-तथा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्नेमा लिएको देखिएन । कार्यालयले २०७२/६/२९मा छैठौं बिल मार्फत रु.१६,३३,४९५/- र २०७३/७४ मा रु.४,२५,२६१/- को अन्तिम बिलको भुक्तानी गरेको छ । सम्झौता बमोजिमको हर्जाना १० प्रतिशतले हुने रु.९,५७,५९२/- असुल हुनुपर्छ ।

## अञ्चल प्रहरी कार्यालय

१. **नगद कारोबार :** सार्वजनिक निकायले स्वीकृत बजेटभित्रको रकम खर्च गर्दा प्राप्त बिल भर्पाइको आधारमा सम्बन्धित व्यक्ति तथा संस्थालाई तोकिएको सीमासम्म वाहेक चेक र सो भन्दा बढी एकाउण्टपेयी चेक मार्फत भुक्तानी गर्नुपर्दछ । आर्थिक वर्षभरी लेखामा कार्यरत कर्मचारीको नाममा सम्पूर्ण कर्मचारीको तलब, भत्ता तथा राशन लगायतको व्यक्ति तथा संस्थालाई भुक्तानी हुने रकम वितरण गर्ने गरेको देखियो । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन बैक मार्फत भुक्तानी गर्नुपर्ने देखिन्छ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१. **ऐन नियमको पालना :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम मर्मत गर्नुपर्ने भनी उल्लेख भएका मालसामानहरुको मर्मत तथा लिलाम बिक्री नगरेको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च :** स्वीकृत वार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयले पूँजीगत खर्च रु.२ करोड ५९ लाख ३६ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.१ करोड ८९ लाख ४ हजार खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.८३ लाख ८९ हजार खर्च गरेको पाइयो । तेस्रो चौमासिकमा ७२.८९ प्रतिशत र आषाढ महिनामा मात्र ३२.३४ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **कार्यक्रम संशोधन :** स्वीकृत बजेट भित्रको रकम, तोकिएको कार्यक्रम र स्थानमा किटान भएको रकम सोही स्थान र कार्यक्रममा खर्च गर्नुपर्दछ । स्वीकृत कार्यक्रमा उल्लेख भएको स्थानभन्दा फरक पारी यो वर्ष पानी मुहान संरक्षण र रन अफ हार्मेष्टिङ ड्याम कार्यक्रममा स्वीकृत भएको स्थानभन्दा फरक पारी कार्यक्रम सञ्चालन गरी खर्च गरेकोमा कार्यक्रम संशोधन गरेको पाइएन । अतः कार्यक्रम संशोधन नगरी खर्च लेखेको रु.५,५६,३५०/- नियमसम्मत् देखिएन ।

४. **कार्यक्रमभन्दा बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६.१ मा कार्यालय प्रमुखले स्वीकृत बजेटको सीमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले विरुवा वितरण र पानी मुहान संरक्षण कार्यक्रममा तोकिएको बजेटभन्दा बढी हुने गरी खर्च गरेको पाइयो । कार्यक्रममा स्वीकृत बजेटभन्दा बढी खर्च गर्न नमिल्नेमा बढी खर्च गरेको साथै कार्यक्रम संशोधन भएको नदेखिएकोले वढी खर्च गरेको रु.३,७४,६४३/- नियमसम्मत् देखिएन ।

५. **सम्झौता :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सार्वजनिक निकायले तोकिएको कार्यक्रम सञ्चालन गर्न तोकिएको बजेटको सीमाभित्र रही उपभोक्ता समिति वा निर्माण व्यवसायीसंग खरिद निर्माण कार्यगर्न लागत अनुमान स्वीकृत गर्ने, सम्झौता गर्ने र सो पश्चात कार्यादेश दिइ कार्य

गराउनुपर्ने व्यवस्था छ। यो वर्ष सञ्चालन गरेका ७ कार्यक्रममा लागत अनुमान स्वीकृत तथा ठेक्का सम्झौता नै नभै उपभोक्ता समितिलाई कार्यक्रम गर्न कार्यादेश दिई रु.३२,१५,५२९/- खर्च लेखेको छ। यस्ता कार्यमा नियन्त्रण गर्न तालुक निकायले ध्यान दिनुपर्ने देखियो।

६. **बढी भुक्तानी** : नदी तथा खोला किनारा व्यवस्थापन गर्न एक सामुदायिक वन उपभोक्ता समूहलाई विभिन्न साइजका जालीमा १६८.७५ घनमिटर ढुङ्गा भर्ने कार्य गरे बापत रु.६,२०,२४०/- भुक्तानी भएको छ। जालीमा ढुङ्गा भर्ने कार्यको लागि प्रतिघनमिटर रु.२,७६८.७५ का दरले भुक्तानी गर्नुपर्नेमा रु.३,६७५.५० का दरले भुक्तानी गरेको पाइयो। स्वीकृत दर विश्लेषणका आधारमा एउटै काम एकै स्थानमा फरक दरले नहुने गरी भुक्तानी गर्नुपर्नेमा कार्यालयले रु.९०६।६५ प्रतिघनमिटरमा बढी हुने गरी फरक दर राखी भुक्तानी गरेकोले बढी भुक्तानी गरेको १६८.७५ घन मिटरको रु १,५३,०१४/- थप व्ययभार परेको देखियो।

७. **फरक परिमाण कार्य** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले गल्छी पहिरो, तालतलैया संरक्षण र पानी मुहान संरक्षण कार्यक्रममा तोकिएको संख्याभन्दा घटी परिमाण कार्य गराएकोमा, बढी परिमाणको लागि छुट्टयाइएको बजेट अनुसार नै खर्च गरेको देखियो। तोकिएको परिमाणको लागि छुट्टयाइएको बजेटभन्दा बढी खर्च गरेको तथा थप कार्यकोलागि कार्यक्रम संशोधन नगरी गरेको खर्च रु.११,७३,०००/- नियमसम्मत् देखिएन।

८. **वायो इन्जिनियरिङ कार्य** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। २०७२।७३ को राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत वायो इन्जिनियरिङ स्पर तथा डाइक गुरुङ खोला, अर्जुन खोला र महातिती नदी नियन्त्रण एरियाको १ किलोमिटर क्षेत्रमा कार्य गर्न रु.७७ लाख बजेट व्यवस्था भएकोमा कार्यालयले अर्जुन खोला क्षेत्रमा मात्र स्पर तथा डाइक निर्माण गरेबापत रु.५८,९७,०५४/- खर्च गरेको छ भने अन्य २ स्थानमा रु.१३,७४,२३२/- मात्र खर्च गरेको देखियो। कार्यक्रमको हिसावमा ३ स्थानमा बराबर पर्ने गरी खर्च गर्नुपर्ने तथा वायो इन्जिनियरिङ कार्यक्रम नै नगरी सम्पूर्ण रकम खर्च गर्नु उपयुक्त देखिएन।

९. **काममा फरक दर** : स्वीकृत बजेटभित्रको रकम खर्च गर्दा एउटै स्थानमा भएको कार्यमा एकै समयमा फरक दरले भुक्तानी गर्न मिल्दैन। कार्यालयले एक उपभोक्ता समूहलाई ग्याबियन बक्समा ढुङ्गा भर्ने कार्यको भुक्तानी गर्दा ६० वटा जालीमा प्रतिघनमिटर २९९२.७५ को दरले र ३४ वटा जालीमा रु.४१९९.५० का दरले भुक्तानी गरेको देखियो। कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार सो नदी क्षेत्रमा प्रतिवर्गमिटर रु.२,७६८।७५ ले उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने देखिन्छ। दर विश्लेषण अनुसार ९४ जालीको १३८ घनमिटरमा रु.३,८२,०८७/- भुक्तानी गर्नुपर्नेमा ६१.५ घनमिटरको रु.१,८४,०५४/- र ७६.५ घनमिटरको रु.३,२१,२६१/- समेत रु.५,०५,३१५/- भुक्तानी गरेको छ। स्वीकृत दर विश्लेषणभन्दा रु.१,२३,२२८/- बढी भुक्तानी भएको हुँदा उक्त रकम असुल हुनुपर्छ।

१०. **जनश्रमदान** : कार्यालयले यो वर्ष सञ्चालन गरेका कार्यक्रममध्ये रेन बाटर अफ हार्भेष्टिङ ड्याम र खोला किनार संरक्षण (माटो खन्ने र सम्याउने) कार्यक्रममा दुई उपभोक्ता समितिलाई जनश्रमदान बापतका रकम समेत भुक्तानी गरेको देखियो। उपभोक्ताले व्यहोर्नुपर्ने जनश्रमदानको रकम भुक्तानी गर्न मिल्दैन। अतः जनश्रमदान बापत व्यहोर्नुपर्ने रु.४,०२,८००/- कार्यालयलाई थप व्ययभार परेको देखियो।

११. **पाइप खरिद** : तालतलैया सर्भिक्षेत्र संरक्षण झुप्पा खाडामा १३० मिटर एच.डि.पी. पाइप खरिद गरेको भनी रु.६५,२६०/- उपभोक्ता समूहलाई भुक्तानी दिएको छ। काम नै नभएको अवस्थामा भुक्तानी भएकोले काम भएको पुष्टि हुने प्रमाण पेश नभएकोले असुल हुनुपर्छ।

१२. **नर्म्स तथा दररेट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । बिभिन्न सार्बजनिक निर्माण कार्यमा ढुङ्गाको स्वीकृत जिल्ला दररेटको नलिई लागत अनुमान बनाएको कारणबाट लागत अनुमान बढनु र लागत अनुमानको दर बराबर भुक्तानी गर्ने गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरी कार्य गराउँदा कार्यको मूल्याङ्कनबाट रु.१५,८१,७४५/- बढी भुक्तानी भएको देखिएको हुँदा बढी भुक्तानी भएको रकमबाट उपभोक्ता समितिको अंश कट्टी गर्दा कार्यालयलाई बढी व्ययभार परेको देखियो । कार्यालयले स्वीकृत नर्म्स र जिल्ला दररेटको आधार लिई लागत अनुमान तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो ।

१३. **प्रतिबेदन :** कार्यालयको बिरुवा उत्पादन तथा बितरण गर्ने स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यालयले प्रति बिरुवा रु.८ का दरले ५०,००० बिरुवा उत्पादनको जिम्मा निजी नर्सरीलाई दिई उत्पादन गरी वितरण गरेको पाईयो । बितरित बिरुवाहरु सम्बन्धित बन उपभोक्ता समितिहरुले लक्षित स्थानमा बृक्षारोपण गरे नगरेको अनुगमन गरी सम्बन्धित स्थानीय निकायको सिफारिस र प्राबिधिकको कार्य सम्पन्न प्रतिबेदन समेत सम्लग्न राख्नुपर्नेमा राखेको पाइएन । एक निजी नर्सरीलाई ४०,००० बिरुवा उत्पादन गर्ने जिम्मेबारी दिई सो नर्सरीबाट उत्पादित बिरुवा आय आर्जन तथा वातावरण संरक्षणका लागि बिभिन्न बिपन्न लक्षित समुदाय तथा बन उपभोक्तालाई बितरण गर्नुपर्नेमा २५,००० बिरुवा सोही नर्सरीलाई उपलब्ध गराएको पाइयो । हेकुली गा.बि.स. लाई बितरण गरिएको १०,००० बिरुवा रोपण भएको कार्य सम्पन्न प्रतिबेदन र गा.बि.स.को सिफारिस पेश हुन नसकेको हुँदा सो पेश हुनुपर्ने देखिन्छ ।

## डिभिजन सडक कार्यालय

१. **ऐन नियमको पालना :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, म.ले.प.फा.नं.-२ नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी नियन्त्रण खाता नराखेको, त्रूटी सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, जिन्सी निरिक्षण प्रतिवेदन अनुसार लिलाम मर्मत गर्नुपर्ने भनी उल्लेख भएकोमा लिलाम मर्मत नगरेको, मूल्य नखुलेका सामानको मूल्य कायम गराई नराखेको, खर्च नहुने खातामा आम्दानी बाँध्नु पर्ने सामान खर्च हुने खातामा आम्दानी जनाएको जस्ता व्यहोरा देखिएको छ । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **वार्षिक लक्ष्य प्रगति :** यस डिभिजनले उपलब्ध गराएको वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार १५ बजेट उप-शीर्षक अन्तर्गत यस बर्ष १११ कार्यक्रमहरु रहेकोमा २५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु १४, ५० प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु ९ र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु ६८ वटा रहेका छन् । तोकिएको लक्ष्य प्रगति हासिल गर्नेतर्फ उन्मुख हुनुपर्दछ ।

३. **पूँजीगत खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पता स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार नभएकोले अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको देखिएन । डिभिजनले पूँजीगत खर्च रु.७० करोड ४६ लाख ४७ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.५२ करोड ५६ लाख ९१ हजार (५४.६०५) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.२९ करोड ६६ लाख ६६ हजार (३६.१८५) खर्च गरेको पाइयो । खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

४. **ठेक्का व्यवस्था** : डिभिजनबाट यस वर्ष १७२ वटा ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा २८ वटा, दोस्रो चौमासिकमा ६४ वटा र तेस्रो चौमासिकमा ८० ठेक्का व्यवस्था गरेको पाइयो । कुल ठेक्कामध्ये तेस्रो चौमासिकमा ४६.५१ प्रतिशत ठेक्का व्यवस्था गरेकोले यस्तो अवस्थामा कामको अनुगमनरसुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

५. **म्याद थप** : कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चालु रहेका ५३ ठेक्का मध्ये४८ वटा ठेक्कामा शुरु अवधिको ५० प्रतिशतसम्म थप गरेको, ३ वटामा ५१ देखि १०० प्रतिशतसम्म र २ वटा ठेक्कामा शुरु सम्झौता अवधिको शतप्रतिशतभन्दा बढी म्याद थप भएको देखियो । कार्यालयले सञ्चालित आयोजना तोकिएको समयमै सम्पन्न गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र अनुसूची-१ अनुसार कार्यालयले प्रत्येक कार्यक्रमको लागत खर्चको तुलनामा स्टाफ खर्च बापत २.५ प्रतिशत र अन्य खर्च बापत २.५ प्रतिशतमा नबढ्ने गरी बढीमा ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सक्ने प्रावधान रहेको छ। डिभिजनले यो वर्ष विभिन्न १४ बजेट उपशीर्षक र सडक वोर्डको कार्यक्रमबाट सडक विभाग पठाएको रकम समेत रु.२ करोड ७८ लाख ९२ हजार कन्टिन्जेन्सी बापत खर्च लेखेको विवरण प्राप्त भएको छ। कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अत: कन्टिन्जेन्सीबाट निर्माणसंग सम्बन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

६.१. महालेखा नियन्त्रक कार्यालयले २०७१ मा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं.बाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेको रु.२ करोड ७८ लाख ९२ हजार समेत खर्च संकेत नं.२९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिंदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि बजेट उपशीर्षक नं.३३७०१४३ (चालु खर्च शीर्षक) मा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उप–शीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको नियमसम्मत् देखिएन ।

६.२. कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत् रु.१० लाख ९० हजार ज्याला खर्च लेखेको छ । निर्माणाधीन योजना तथा कार्यालयको बिभिन्न शाखामा बिभिन्न व्यक्तिलाई काममा लगाई निजहरुलाई पारिश्रमिक बापत उक्त रकम खर्च लेखेको देखिन्छ । यसरी बिभिन्न व्यक्तिहरु नियुक्ति गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तयार गरेको पाइएन ।

६.३. कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान, गाडी मर्मत लगायतको खर्च गर्दा सोझै खरिद विधि अन्तर्गत रु.७४ लाख ३८ हजारको मालसामान खरिद तथा गाडी मर्मत तथा सर्भिसिङ गराएको समेत देखिएको छ ।

६.४. कार्यालयले यो बर्ष भएको कुल सार्बजनिक खर्च रु.५२,३२,८६,६८२/- (५ प्रतिशत कन्टिन्जेन्सी बाहेक) को बढीमा ५ प्रतिशतले हुन आउने रु.२,६१,६४,३३४/- सम्मको सीमामा कन्टिन्जेन्सी खर्च गर्नुपर्नेमा रु.२,७८,९२,०००/- खर्च गरेको पाइयो ।

७. **बढी पेश्की भुक्तानी** : पुल निर्माणका ठेक्का सम्झौताको अनुसार दफा ४९.१ मा सम्झौता रकमको अधिकतम १५ प्रतिशतसम्म मोबिलाइजेसन पेश्की दिन सक्ने, पहिलो किस्ता ७.५ प्रतिशत सम्झौता भएपछि वैंक ग्यारेण्टी र सामान खरिद बिलको अधारमा र दाश्रो किस्ता ७.५ प्रतिशत न्यूनतम ७.५ प्रतिशत निर्माण कार्य सम्पन्न भएपछि मात्र दिने उल्लेख छ। डिभिजन सडक कार्यालयले सम्झौताको

प्रावधान भन्दा रु.२,०९,७६,०१२/- बढी हुने गरी ७ निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गरेको छ। सम्झौताभन्दा बढी निर्माण व्यवसायीलाई दिएको पेश्की रु.२,०९,७६,०१२/- असुल हुनुपर्दछ।

७.१. निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार दोश्रो मोबिलाइजेशन पेश्की न्यूनतम १० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र भुक्तानी दिने उल्लेख छ। डिभिजनले सम्राट सिमेन्ट उद्योग क्वारी साइटको पहुँचमार्ग ठेक्काको एक निर्माण व्यवसायीलाई निर्माण कार्य नै नभएको अवस्थामा दोश्रो मोबिलाइजेसन पेश्की बापत र रु.१८,००,०००/- भुक्तानी गरेको छ। निज निर्माण व्यवसायीले सम्झौता बमोजिम को कार्य २०७३।९।१४ भित्र सम्पन्न गर्नुपर्ने थियो। निर्माण व्यवसायीले २०७२।८।९ मा लेखेका पत्रमा वनक्षेत्रको वातावरणीय प्रभाव अध्ययन को कारणले काम शुरु गर्न नपाएको र हाल सोही ठेक्का दरमा काम गर्न नसक्ने जनाई ठेक्का अन्त्य गरीदिन अनुरोध गरेको समेत देखियो। उक्त पेश्की अबिलम्ब असुल गर्नुपर्ने देखियो त्यस्तै पहिलो मोबिलाइजेशन पेश्की भुक्तानी दिएको रु.१८,००,०००/- को बैंक ग्यारेण्टीको म्याद ११ अक्टोवर २०१६ सम्म भएको र सोको म्याद समेत बढाएको देखिएन। यस अवस्थामा पहिलो पेश्की समेत जोखिम अवस्थामा देखिएकोले असुल तथा म्याद थप गर्नुपर्ने देखिन्छ

७.२. एक निर्माण व्यवसायीले २०७३।५।२९ सम्म सन्तोषजनक काम नगरेकोले र ठेक्काको म्याद समाप्त भएकोले संशोधित कार्य तालिका पेश गर्न कार्यालयले पत्र दिएको देखिन्छ। यस अवस्थामा कार्यालयले दुबै किस्ताको माबिलाइजेशन पेश्की रोक्नुपर्नेमा दुवै किस्ताको एकै पटक दिनु उचित भएन।

७.३. प्राविधिक सिफारिस बेगर न्यूनतम १० प्रतिशत कार्य सम्पन्न भएको प्रमाण नै नहेरी एक निर्माण व्यवसायीलाई दोश्रो मोबिलाइजेशन पेश्की रु.६,१५,०००/- अर्को एक निर्माण व्यवसायीलाई प्राविधिक सिफारिश बेगर रु.१८,००,०००/- भुक्तानी भएको छ।

८. **पेश्की बाँकी :** निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताको स्पेशियल कण्डिसनको दफा ४९ मा निर्माण व्यवसायीलाई दिएको पेश्की ८० प्रतिशत भुक्तानी भैसक्दाको अवस्थामा सम्पूर्ण कट्टी भैसक्नुपर्ने उल्लेख छ। डिभिजनले एक निर्माण व्यवसायीलाई सम्झौता रकम रु.३,५२,९४,४२८/- मध्ये रु.३,५२,६९,२७५/- भुक्तानी गरी सकेको अवस्थामा निजलाई दिएको पेश्की रु.३५,००,०००/- पूरै कट्टी नभई रु.५,००,०००/- बाँकी राखेकोले व्याज समेत असुल गर्नुपर्ने देखियो।

९. **मोटर साइकल खरिद :** कार्यालयका लागि आवश्यक पर्ने सवारी साधन खरिद स्वीकृत बजेटको अधिनमा रही वार्षिक स्वीकृत कार्यक्रमका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रावधान बमोजिम खरिद प्रक्रिया मार्फत खरिद गर्नुपर्दछ। डिभिजनले ४ मोटरसाइकल एक अटोमोवाइल्सबाट रु.८,६४,३९४/- मा खरिद गरेको छ। प्रतिस्पर्धा बेगर सवारी साधन शीर्षकबाट खर्च लेख्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको रु.८,६४,३९४/- नियमसम्मत् देखिएन।

१०. **फलामे डण्डीको प्रयोग**

१०.१. एक निर्माण व्यवसायीलाई पत्रे खोला माथिको पुल निर्माण गरे बापत प्रथम रनिङ बिलको रकम रु.६२,५४,०००/- भुक्तानी भएकोमा लेफ्ट एवुटमेण्टको पाइल नं.१ मा ड्रइङ अनुसार २० एम.एम. व्यासको २०.२७ लम्वाईको फलामे डण्डी ३७५ वटा राख्नुपर्नेमा २१.६७ लम्वाईको २.४७ केजीको हिसावले १२९६.७५ बढी नापजाँच गरेको र पाइल नं. २ मा २३३० वटा १० डायमिटरको १.७८ लम्वाईको हिसावमा ३६७४.९६ केजी हुनुपर्नेमा अन्यथा हिसाव गरी ३८२२.६३९ केजी नापजाँच गरेको देखिएकोले २ वटा पाइलमा मात्र १.४४ टन बढी नापजाँच भएकोमा प्राविधिक पुष्ट्याई बेगर खर्च लेखेकोले मूल्य अभिवृद्धि कर सहित रु.१,४६,४४८/- असुल हुनुपर्छ।

१०.२. एक निर्माण व्यवसायीलाई पहिलो रनिङ बिलको रकम मूल्य अभिवृद्धि कर सहित रु.५१,९७,७७२/- भुक्तानी दिएकोमा फाउण्डेसन नं.१ देखि ७ सम्म १००९७.७२७ के जी नापजाँच गरी प्रति मे. टन ८६,००० का दरले भुक्तानी भएकोमा डिजाइन नक्सामा फाउण्डेसन नं. १ देखि ७ सम्म ७६१९

के.जी. फलामे डण्डी लाग्ने देखाइएको पाइयो । डिजाइन नक्सामा उल्लिखित परिमाणभन्दा २,४७८.७२७ के.जी.को नापजाँच गरी भुक्तानी भएकोले बढी भुक्तानी सम्बन्धमा प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा बढी भुक्तानी भएको मूल्य अभिवृद्धि कर समेत रु.२,४०,८८२/- असुल हुनुपर्छ ।

१०.३. एक निर्माण व्यवसायीलाई फलामे डण्डी बापत २३.३३ मेट्रिक टनको मूल्य अभिवृद्धि कर सहित रु.२५,०४,४७६/- भुक्तानी भएको छ। वास्तविक नापजाँच बेगर नै फलामे डण्डीको भुक्तानी भएकोले खर्च पुष्टि हुन सक्ने देखिएन । उक्त खर्चको प्राविधिक पुष्ट्याई तथा विस्तृत नाप जाँचको प्रमाण पेश हुनुपर्दछ ।

११. **बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कार्यालय प्रमुखले बजेटको सीमाभित्र रही तोकिएको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। स्वीकृत कार्यक्रममा उल्लेखित बजेटभन्दा बढी हुने गरी खर्च गर्न मिल्दैन। स्वीकृत कार्यक्रममा उल्लेख नभएको तथा कार्यक्रमभन्दा बढी खर्च गर्नुपर्दा तोकिएको निकायबाट कार्यक्रम संशोधन हुनुपर्दछ । डिभिजनले १७ कार्यक्रमको लागि छुट्टाएको बजेटभन्दा बढी खर्च गरेको तथा कार्यक्रममा उल्लेख नै नभएको १७ वटा कार्यक्रममा रु.४,९१,९६,७१४/- खर्च गरेकोमा कार्यक्रम संशोधन गरेको नपाइएकोले नियमसम्मत् देखिएन ।

१२. **पूर्वनिर्धारित क्षतिपूर्ति** : निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताबमोजिम तोकिएको समयमा कार्य नगरी ढिला गरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले कूल १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्दछ। दुई निर्माण व्यवसायीलाई दोश्रो तथा अन्तिम किस्ताको भुक्तानी गर्दा नापजाँच गर्दासम्मको मितिको आधारमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा घटी दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेकोले घटी असुल भएको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी राजस्व रु.१,७७,५६०/- दाखिला हुनुपर्छ ।

१३. **घटी असुल** : तुलसीपुर पुरन्धारा सुर्खेत सडकको एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर समेत रु.७,३९,३६,३८५/- मा ठेक्का सम्झौता भएको थियो । उक्ता ठेक्का सम्झौता अनुसार २०७१ फागुन २० सम्म निर्माण सम्पन्न गर्नुपर्ने थियो । तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरेका निज निर्माण व्यवसायीसँग कार्यालयले २०७३।९।२८ मा सम्झौता भंग गरी रु.१,९२,०५,९२९/- असुल गर्ने निर्णय गरेको देखियो । उक्त फाइल अध्ययन परीक्षण गर्दा निम्न व्यहोरा देखियो :

१३.१. ठेक्का सम्झौताबमोजिम तोकिएको कार्य नगरेमा प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने र सोको अधिकतम रकम १० प्रतिशत मात्र हुने उल्लेख भए अनुसार तोकिएको समयमा कार्य नगरेका निर्माण व्यवसायीबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ तथा सम्झौता बमोजिमको १० प्रतिशतले हुने रु.६५,४३,०४३/- असुल गर्नुपर्नेमा असुल गर्ने निर्णय नभएकोले छुट असुल गर्नुपर्छ ।

१३.२. निर्माण व्यवसायीले काम नगरेका कारण थप काम गराउँदा लाग्ने रकम असुल गर्नुपर्नेमा नियमावली, २०६४ को नियम १२८ को प्रावधान बमोजिम सम्झौता तथा खरिद सम्झौताको जनरल कण्डिसनको दफा ६१.१ अनुसार अतिरिक्त खर्चको २५ प्रतिशतले हुने रकम असुल गर्ने प्रावधान बमोजिम सम्झौता तोड्दाका दिन हुने लागत रकमको रु.८,८३,५५,४६०/- को मूल्य अभिवृद्धि कर समेत २५ प्रतिशतले हुने रु.२,२०,८८,८६५/- असुल गर्नुपर्नेमा रु.१,१३,५९,८५०/- मात्र असुल गर्ने निर्णय गरेकोले अतिरिक्त खर्चको २५ प्रतिशतले हुने रकमबाट छुट भएको रु.१,०७,२९,०१४/- असुल गर्नुपर्छ ।

१३.३. कार्यालयले मोबिलाइजेशन पेश्की बापत रु.७८,४६,०७९/- बैंक जमानतको म्याद समेतलाई ध्यान नदिएको कारण रु.७८,४६,०७९/- को बैंक जमानत समाप्त भएको र बैंकबाट उक्त रकम असुल गर्न नसकी निज निर्माण व्यवसायीको घर घरानाबाट असुल गर्ने निर्णय गरेको देखियो । समयमा बैंक जमानतको म्याद समेत नबढाउने र तोकिएको कार्य नगरेका ठेकेदारबाट व्याज समेत असुल गर्नुपर्ने देखियो ।

१४. **अधुरा ठेक्का** : सार्वजनिक नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लंघन गरी तोकिए बमोजिमको कार्य सम्पन्न नगरेमा कार्य सम्पादन हुन नसके बापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने आनुषाङ्गीक क्षतिपूर्ति भराउने र सम्झौता बमोजिमको उपलब्ध हुने अन्य उपचार गर्ने उल्लेख छ । यस कार्यालयले गत विगतमा ठेक्का सम्झौता भई तोकिएबमोजिम कार्य सम्पन्न नगरेका निर्माण व्यवसायीसँग हालसम्म पनि मोबिलाइजेशन पेश्की बाँकी भएको अवस्थामा सम्झौताको शर्तबमोजिम सम्झौता अन्त्य नगरेको, कार्य सम्पादन जमानतको रकम माग नभएको बाँकी रहेको मोबिलाइजेशन पेश्की समेत असुल नभएको अवस्था देखियो । तोकिएको समयमा कार्य सम्पादन नगरी निर्माण कार्य अधुरो छोडेका तथा म्याद समाप्त भइसकेका ३० निर्माण व्यवसायीबाट रु.२,३३,७९,०००/- पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्छ ।

१५. **जोखिममा परेको पेश्की** : कार्यालयले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम बैंक ग्यारेण्टी लिई निर्माण सामग्री खरिद गर्न दिएको पेश्की तोकिएको समयमा कार्य सम्पन्न नभई तथा बैंक ग्यारेण्टीको म्याद समाप्त भएको अवस्थामा फिर्ता माग गरी आम्दानी बाँध्नु पर्दछ । कार्यालयले पेश गरेको विवरण र ठेक्का रजिष्टरको अध्ययन परीक्षण गरिएका उपरोक्त निर्माण व्यवसायीमध्ये १३ निर्माण व्यवसायीको अग्रिम पेश्कीको बैंक ग्यारेण्टीको म्याद समाप्त भएको तथा निर्माण व्यवसायीले तोकिएको अवधिमा कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरो छोडेको अवस्था देखियो । ठेक्का म्याद समाप्त भएको र बैंक ग्यारेण्टीको म्याद समेत समाप्त भएकोले बाँकी रहेको पेश्की जोखिममा परेकोले अबिलम्ब असुल गरी दाखिला हुनुपर्दछ ।

१६. **अन्तिम बिलको भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता बमोजिमको कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट काम नगरे जतिको काम निज निर्माण व्यवसायीको खर्चमा कार्य सम्पन्न गराउने र पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । सम्झौता बमोजिमको कार्य नगर्ने ४ निर्माण व्यवसायीबाट बाँकी कामको मूल्याङ्कन गरी अन्य निर्माण व्यवसायीबाट गराउने र लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रु.२,४१,०००/- असुल हुनुपर्छ ।

१७. **बढी भुक्तानी** : एक निर्माण व्यवसायी लाई चौथो रनिङ बिलसम्म सवै प्रकारको माटो खन्ने कार्यको लागि २६२००.९ घनमिटर र कडा चट्टान २१७६.१० घनमिटरको क्रमशः रु.१५०/- र रु.२००/- का दरले रु.६३,६५,३५५/- समेत रु.१,७८,४७,४८६/- भुक्तानी भएको देखियो । सल्यान खलङ्गा मार्के हिवाल्चा खौरावाङ श्री नगरबाटो निर्माणको लागत अनुमान स्वीकृत हुँदा सबै प्रकारको माटो खन्ने कार्यको रु.८६ का दरले १०,८०० घनमिटर र कडा चट्टान ३५६.६९ का दरले १२०० घनमिटर माटो खन्न स्वीकृत भएको देखियो । लागत अनुमानमा उल्लिखित परिमाणको १४२.६० प्रतिशत वृद्धि भएकोमा सम्झौता बमोजिम भेरीयसन गरी दर सम्झौता नगरी भुक्तानी भएको रु.२८,३१,०५१/- नियमसम्मत् देखिएन ।

१७.१. निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौतामा उल्लिखित आइटमको २५ प्रतिशत वृद्धि भएमा, कूल ठेक्का रकमको २ प्रतिशतभन्दा बढी हुने गरी कुनै आइटममा वृद्धि भएमा नयाँ दर सम्झौता गर्दा ठेक्का रकम जति प्रतिशतले घटी भएको छ । सोही अनुपातमा स्वीकृत लागत दरभन्दा न्यून हुने गरी सम्झौता गर्नुपर्ने र सो दरमा भुक्तानी गर्नुपर्दछ । कार्यालयले ३ निर्माण व्यवसायीलाई विभिन्न ठेक्का बिलबाट रकम भुक्तानी गर्दा आइटममा २५ प्रतिशतभन्दा वृद्धि भएकोमा नयाँ दरमा सम्झौता नगरी लागत अनुमानमा उल्लेखित रकममा घटी कबोल प्रतिशत घटाई हुने रकमबाट भुक्तानी गर्नुपर्नेमा पूरानै ठेक्का दरबाट भुक्तानी भएकोले ३ निर्माण व्यवसायीलाई रु.२१,१२,७९४/- बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गरी दाखिला हुनुपर्छ ।

१७.२. प्रोभिजनल समबाट डोर हाजिरी फारामको आधारमा निर्माण व्यवसायीलाई ज्यालाको शोधभर्ना रु.२,२१,२००/- भुक्तानी भएकोमा मूल्य अभिवृद्धि कर भुक्तानी नै नगरेका निज निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर समेत शोधभर्ना दिएकोले रु.२८,७५६/- असुल हुनुपर्छ ।

१७.३. एक फर्निचर उद्योगको बिलको आधारमा ३९५ मिटर सिन्थेटिक कार्पेट खरिद गरेबापत रु.५३,५६२/- भुक्तानी दिएकोमा उक्त सामान जिन्सीमा दाखिला भएको पाइएन । जिन्सी आम्दानी बेगर नै भुक्तानी भएकोले खर्च पुष्टी हुन सक्ने नदेखिएकोले रु.५३,५६२/- असुल हुनुपर्छ ।

१७.४. विभिन्न कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता बापत रु.२,१६,८२५/- भुक्तानी भएकोमा एक व्यक्ति र बिक्रेताको फोटोकपीको बिल राखी रु.१४,८५०।– समेत खर्च लेखेको छ । निज व्यक्तिले बुझेको भर्पाइ समेत छैन । वास्तविक बिल भर्पाइको आधारमा खर्च लेख्नुपर्नेमा भपाई बेगर खर्च लेखेकोले रु.१४,८५०/- असुल हुनुपर्छ ।

१८. **बढी भुक्तानी** : प्रोभिजनल सम अन्तर्गत बीमा बापतको रकम भुक्तानी गर्दा बीमा तिरेको रसिदको वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्दछ । डिभिजनले एक निर्माण व्यवसायीलाई बीमा बापत रु.२,९७,०००/- भुक्तानी गरेकोमा एक बीमा कम्पनीको रु.५७,६५२/- को बिल पेश गरेको छ । बिल पेश गरेकोभन्दा बढी भुक्तानी भएको रु.२,३९,३४८/- असुल हुनुपर्छ ।

१९. **बीमा प्रिमियम** : एक निर्माण व्यवसायीलाई प्रथम रनिङ बिल बापतको रकम भुक्तानी भएको छ । बीमाको रकम भुक्तानी गर्दा बीमाको प्रिमियम तिरेको बिल पेश गर्नुपर्नेमा बीमा पोलिसी मात्र पेश गरेको आधारमा भुक्तानी भएको छ । बीमा प्रिमियम तिरेको प्रमाण बेगर रु.८,००,०००/- भुक्तानी गरेकोले बीमाको प्रिमियम तिरेको प्रमाण पेश हुनुपर्छ ।

२०. **भेरियसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थपघट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख छ । नियमावलीको व्यवस्था अनुसार संशोधित लागत अनुमान तयार भएको आधारमा भेरियशन आदेश दिन सक्ने हुँदा शुरु लागत अनुमान स्वीकृत गर्ने पदाधिकारी भन्दा तल्लो पदाधिकारीले संशोधित लागत अनुमान स्वीकृत गर्न मिल्दैन । डिभिजनले ठेक्का नं.११०।०७१।७२ को ठेक्काको लागत अनुमान महानिर्देशकबाट स्वीकृत भएकोमा क्षेत्रीय निर्देशकबाट २०७३।३।२१ मा शुरु ठेक्का सम्झौता रु.३,९८,८२,७०३/- को ८.८ प्रतिशत लागत वृद्धि भएको जनाई रु.४,३३,९३,९८०/- कायम हुने गरी भेरिएसन स्वीकृत गरेकोले रु.३५,११,२७६/- नियमसम्मत् देखिएन ।

२१. **कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता रकमको ५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत लिनुपर्दछ । उक्त जमानतको म्याद सम्भार अवधि भन्दा १ महिनापछिसम्म रहनुपर्ने व्यवस्था सोही नियमावलीमा छ । कार्यालयले भेरिएसनबाट थप काम दिएको २ निर्माण व्यवसायीबाट रु.२३९८९२/- को थप कार्य सम्पादन जमानत लिएको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम थप कार्य सम्पादन जमानत लिनुपर्दछ ।

२२. **मूल्य समायोजन** : सितलपाटी मुसिकोट सडक निर्माण कार्य गराए बापत ४ निर्माण व्यवसायीलाई अन्तिम बिल तथा मूल्य समायोजन बापतको रकम भुक्तानी गर्दा लागत अनुमान, ठेक्काको सम्झौता, फाइनल बिल, कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, प्रत्येक रनिङ बिलमा दिएको मूल्य समायोजनको फ्याक्टर गणना तथा मूल्य समायोजको गणना लगायत कागजात बेगर रु.१,४२,४३२०१/- भुक्तानी भएकोले सो अनुसारका प्रमाण पेश हुनुपर्छ ।

२३. **तालिम सञ्चालन** : घरेलु तथा साना उद्योग विकास समितिलाई गएको पेश्की फछ्र्यौट गरेकोमा तीन महिने सिलाई कटाई तालिम सञ्चालनमा खाजा खर्च बापत भनी रु.२,५८,४००/- खर्च लेखेको

पाईयो । तर सो कार्यक्रमका प्रशिक्षार्थी भर्नाको छनौट प्रकृया लगायत तालिम सञ्चालन भएको पुष्ट्याई गर्ने कागजात पेश नभएकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

२४. **मूल्य अभिवृद्धि कर समायोजन :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न निर्माण ब्यवसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मूल्य अभिवृद्धि कर सहित भुक्तानी दिएकोमा अनुसूची-५ को ढाँचामा कर बीजक जारी गरेको पाइएन। अतः मूल्य अभिवृद्धि कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम ४ बीजकको मूल्य अभिवृद्धि कर रकम रु.७,२०,४३७/- असुल हुनुपर्छ ।

२५. **शीर्षक फरक :** कार्यालयले ४ मस्टरोल ज्याला बापत रु.१,७१,७३०।- भुक्तानी गर्दा सोका लागि छुट्टै बजेट शीर्षक अन्तर्गत बजेट व्यवस्था भएकोमा शीर्षक फरक पारी गरेको खर्च नियमसम्मत् देखिएन ।

२६. **ज्याला भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले १४ जनालाई २०७२ श्रावणको मस्टरोलबाट ज्याला भुक्तानी गर्दा स्वीकृत जिल्ला दररेटभन्दा बढी भुक्तानी गरेको १४ जनाको रकम रु.१०,७५२/- असुल हुनुपर्दछ ।

२७. **पूर्वनिर्धारित क्षतिपूर्ति** : निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा कार्य नगरी ढिला गरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले कुल १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्दछ । ६ निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको नपाइएको हुँदा रु.१४,३५,९८८/- असुल गरी दाखिला हुनुपर्छ ।

२८. **जोखिममा परेको पेश्की** : कार्यालयले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम दिएको पेश्की तोकिएको समयमा कार्य सम्पन्न नभएको तथा बैंक ग्यारेण्टीको म्याद समाप्त भएको अवस्थामा फिर्ता माग गरी आम्दानी बाँध्नुपर्दछ । एक निर्माण व्यवसायीको अग्रिम पेश्कीको बैंक ग्यारेण्टीको म्याद समाप्त भएको तथा कार्यसम्पन्न नगरी निर्माण कार्य अधुरो छोडेको अवस्था देखियो । उक्त निर्माण ब्यवसायीको नाममा बाँकी रहेको मोबिलाईजेशन पेश्की रु.६६,००,०००/- र अन्य ३ ठेक्काको पेश्की जमानतको म्याद समाप्त भएको हुँदा बाँकी रहेको पेश्की रु.१,३१,३५,०००/- समेत रु.१,९७,३५,०००/- जोखिममा परेकोले अबिलम्ब असुल गरी दाखिला हुनुपर्दछ ।

२९. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी फिर्ता गर्दा निर्माण व्यवसायी वा सेवाप्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण पेश गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले १९ निर्माण व्यवसायीबाट सो विवरण नलिई अघिल्लो वर्षको कर चुक्ता प्रमाणको आधारमा रु.२,८६,११,०००।- धरौटी फिर्ता गरेको छ। नियमावलीमा उल्लेख गरे बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको वा बुझाएको बिवरण पेश गर्नुपर्छ ।

३०. **धरौटी सदरस्याहा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ मा धरौटी फिर्ता पाउने व्यक्तिले धरौटी फिर्ता लिन पाउने म्याद तोकेको भएमा सोही अवधिभित्र र म्याद नतोकिएकोमा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको १ वर्षभित्र फिर्ता लिनुपर्ने र सो अवधिभित्र फिर्ता लिन नआए राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ। प्रयोजन समाप्त भएका ९२ निर्माण व्यवसायीको नियमावलीको प्रक्रिया पूरा गरी गरी रु.१७,८४,७२८/- राजस्व आम्दानी बाँध्नुपर्छ ।

३१. **पेश्की** : कार्यालयले ३२ संस्था तथा निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेश्की रु.१७,०३,९२,०००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला हुलाक कार्यालय

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, तालुक कार्यालयबाट निरीक्षण नभएको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **रोयल्टी दाखिला** : राष्ट्रिय प्रशारण ऐन, २०६४ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम केवुल नेटवर्कले कुल वार्षिक आम्दानीको २ प्रतिशतले हुने रकम रोयल्टी बापत बुझाउनुपर्नेमा २ संस्थाले नवुझाएको तथा घटी दाखिला गरेकोले रु.१,९७,३३४/- असुल गरी दाखिला गर्नुपर्छ ।

३. **टेलिसेन्टर** : हुलाक कार्यालयहरुमा वहुउद्धेश्यीय टेलिसेन्टर स्थापना गरी हुलाक सेवालाई इ-सेन्टरको रुपमा विकास गर्ने लक्ष्य अनुरुप ७ टेलिसेन्टर स्थापना भई रु.१७,०४१/- राजस्व असुली तथा दाखिला भएको विवरण प्राप्त भएको छ । टेलिसेन्टरमा अन्य खर्च रु.२१,२६६/- र कर्मचारीको पारिश्रमिक बापत वार्षिक रु.८,४०,०००/- समेत रु.८,६१,२६६/- खर्च भएको देखिन्छ । राजस्व आम्दानी र खर्चको तुलनात्मक आम्दानीको तुलनामा ५०.५४ प्रतिशत खर्च भएको देखिन्छ ।

४. **तहबिल मौज्दात** : हुलाक बचत बैक कार्यसञ्चालन निर्देशिका, २०६६ ले व्यवस्था गरे अनुसार तहबिल मौज्दात अघिल्लो महिनाभर जम्मा भएको रकमको न्यूनतम रकम र झिकेको अधिकतम रकमको औसतभन्दा बढी नहुने गरी मौज्दात कायम गरी राख्नुपर्नेमा यस कार्यालयले तोकिएको सीमाभन्दा बढी मौज्दात राखेको देखियो । आवश्यकताभन्दा बढी तहबिल मौज्दात राख्दा बैकबाट प्राप्त हुने व्याज आम्दानीमा कमी हुने, हिनामिना हुनसक्ने र व्यवस्थापनमा कठिनाई हुनसक्ने हुंदा निर्देशिकाको पालना हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, त्रुटि सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, मर्मतको अभिलेख नराखेको, विड डकुमेन्ट र इ विडिङ्गको अभिलेख नराखेको, सम्झौता कार्यान्वयनको अवस्था देखिने गरी अभिलेख नराखेको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत तथा कार्यक्रम खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त

गरिसक्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार नभएकोले अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको देखिएन । कार्यालयले तेस्रो चौमासिकमा रु.११,७८,६८ हजार (८६.०१ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.९ करोड ६ लाख (६६.११ प्रतिशत) खर्च गरेको पाइयो । खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालना गर्नुपर्ने देखिएको छ ।

३. **बोलपत्र तथा ठेक्का व्यवस्था** : आथिंक कार्यविधि नियमावली, २०६४ को नियम २० मा कार्यक्रम सूचारुरुपले कार्यान्वयन गराउन र लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । यस वर्ष ३१ ठेक्का बन्दोवस्त गरेकोमा तेस्रो चौमासिकमा ३० ठेक्का व्यवस्था गरेको पाइयो । कुल ठेक्कामध्ये तेस्रो चौमासिकमा मात्र ९६.७७ प्रतिशत ठेक्का व्यवस्था गरेकोले यस्तो अवस्थामा कामको अनुगमन/सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी बापत खर्च गर्ने व्यवस्था रहेको छ । यो वर्ष कार्यालयले रु.४९ लाख ५७ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन कन्टिन्जेन्सीबाट निर्माणसंग सम्बन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ । कन्टिन्जेन्सी खर्चयोग्य भएको ठेक्कागत कन्टिन्जेन्सी खर्चको विवरण नराखी बजेट उपशीर्षकगत विवरण राखेको पाइयो । यसले गर्दा कुनै खास ठेक्काको लागत अनुमानको तुलनामा हालसम्म के कति कन्टिन्जेन्सी खर्च भयो विश्लेषण गर्न सकिएन । यो वर्षको कूल निर्माण खर्चको तुलनामा कन्टिन्जेन्सी खर्च ३.०४ प्रतिशत हुने देखिन्छ । विगत वर्षका ठेक्काको लागत अनुमान र कन्टिन्जेन्सी खर्चको विवरण पेश नभएबाट कन्टिन्जेन्सी खर्चको तुलना हुन सकेन ।

५. **गत वर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उपनियम ९ मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा गत वर्षको भुक्तानी दिन बाँकी रकम भुक्तानी दिन सकिने उल्लेख छ । कार्यालयले यस वर्षको स्वीकृत कार्यक्रममा भुक्तानी दिन बाँकी उल्लेख नभएको अवस्थामा २ विक्रेतालाई रु.१६,४६,६१६।थ भुक्तानी गरेको छ । कार्यक्रममा समावेश नगरी गरेको भुक्तानी नियमसम्मत् देखिएन ।

६. **कार्यक्रमभन्दा बढी खरिद** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कार्यालय प्रमुखले स्वीकृत बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयको लागि बजेट शीर्षक ३४७८०२४ मा यो वर्ष खानेपानी आयोजनाहरुको लागि पाइप तथा फिटिङ खरिद गर्नका लागि रु.२,८०,२४,०००/- बजेट स्वीकृत भएकोमा कार्यालयले तोकेको बजेटभन्दा बढी हुने गरी रु.३,८४,०१,०३२/- खर्च गरेको देखियो । स्वीकृत बजेट तथा कार्यक्रमभन्दा रु.१,०३,७७,०३२/- बढी खर्च गरेको नियमसम्मत् देखिएन ।

७. **पाइप खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुनसक्ने नसक्ने विचार गरी लागत अनुमान स्वीकृत गराउनुपर्ने उल्लेख छ । एकै पटक खरिद गर्दा मितव्ययी र प्रभावकारी हुने अवस्थामा कार्यालयले पटक पटक लागत अनुमान बनाइ खरिद कार्य गर्नु उचित देखिएन । कार्यालयले यो वर्षको लागि पुग्ने पाइप २०७२।७१ को बोलपत्र सूचनाको आधारमा एक प्लाष्टिक प्रा.लीसँग रु.६७,२२,८३३.२० (मूल्य अभिवृद्धि कर बाहेक) पाइप खरिद गरी २०७२।११।५ मा भुक्तानी गरेको छ । सम्पूर्ण पाइप खपत नभएको अवस्थामा पुनः २०७३।२।२५ मा सम्झौता गरी अर्को एक प्लाष्टिक इण्डष्ट्रिजबाट रु.१,८१,९६,८०३/- को पाइप खरिद गरेको छ ।

७.१. कार्यालयले एक प्लाष्टिक इण्डष्ट्रिजबाट बोलपत्र मार्फत खरिद गर्दा पहिलो पटकको बोलपत्रमा कबोल अङ्कको १०.२५ प्रतिशत छुटमा खरिद गरेको र दोश्रो पटकको बोलपत्रमा १ प्रतिशत मात्र छुट दिने गरी सम्झौता भएको देखियो । मौज्दात प्रयोजनको लागि खरिद हुँदा दोश्रो बोलपत्रबाट नेपाल सरकारलाई ९.२५ प्रतिशत अर्थात रु.१,८१,९६,८०३।- भुक्तानी हुँदा रु.१५,४०,६९०।- बढी व्ययभार परेको छ । यस प्रकार थप व्ययभार पर्ने गरी मौज्दात राख्नको लागि पाइप खरिद गर्नु उचित होइन । यसतर्फ तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो ।

८. **पाइप तथा फिटिङ खरिद** : सार्वजनिक निकायले स्वीकृत बजेटको अधिनमा रही तोकिएको कार्यमा खर्च गर्नुपर्ने र अधिक मौज्दात राख्ने गरी खर्च गर्न हुदैन । कार्यालयबाट प्राप्त विवरणका आधारमा यो वर्ष रु.२,६३,९५,३१६।- मूल्यका पाइप खरिदमध्ये रु.१,६०,७४,३३४।- आषाढमा खरिद भएको छ । खरिद भएका पाइपमध्ये विभिन्न साइजका पाइप रु.६५,६९,८१८।- मौज्दात रहेको रु.२२,४८,१२४।- मूल्य बराबरको विभिन्न संस्था तथा उपभोक्ता समितिलाई सापटी गएको जनाएको छ । फिटिङतर्फ रु.१,९९,१३,५२८।- का विभिन्न साइजका फिटिङ खरिद भएकोमध्ये अधिकांश फिटिङ आषाढको अन्त्यमा खरिद भएको छ । खरिद भएकामध्ये रु.१,५५,७८,९७६/- अर्थात ७८.२३ प्रतिशत मौज्दात बाँकी देखिन्छ । यस प्रकार अधिक मौज्दात राख्ने गरी खरिद कार्य गर्न उचित होइन ।

९. **मौज्दात बेगर स्टोर खर्च** : कार्यालयबाट प्राप्त जिन्सी आम्दानी खर्चको विवरण अध्ययन गर्दा विभिन्न साइजका २१८७४ मिटर पाइप जिम्मेवारी तथा खरिदबाट मौज्दात नै नभएको अवस्थामा विभिन्न आयोजनामा खर्च लेखेको देखियो । मौज्दात बेगर खर्च हुन सक्ने अवस्था देखिदैन । जिन्सी खरिद तथा मौज्दात नै नभएको आयोजनामा खर्च उल्लेख गरी २१८७४ मिटर पाइप विभिन्न आयोजनामा खर्च भएको जनाइएको छ । मौज्दात बेगरको खर्च देखाएकोले कार्यालयको जिन्सी आम्दानी खर्चमा एकिन हुन सक्ने अवस्था देखिएन । वास्तविक आम्दानी र खर्च यथार्थ देखिने गरी हिसाव राख्नेतर्फ कार्यालय सजग हुनुपर्ने देखियो ।

१०. **जनश्रमदान बेगर भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.३ मा उपभोक्ता समितिबाट काम गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान उपभोक्ता समितिले व्यहोर्न पर्ने रकम कार्य सम्पन्न गर्नुपर्ने अवधि तोकी सम्झौता गराउनु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष उपभोक्ता समिति मार्फत कार्य गराएका विभिन्न निर्माण कार्य मध्ये अध्ययन परीक्षण गरिएकामध्ये ४ उपभोक्ता समितिलाई रु.६१,८८,७४९/- भुक्तानी गरेकोमा निर्माण कार्यमा उपभोक्ता समितिसँग जनश्रमदानको अंश नछुट्याई सम्झौता गरेको र जनश्रमदान बापतको रकम कट्टी नगरी भुक्तानी गरेको देखियो ।

११. **मर्मत सम्भार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न आयोजनाको मर्मत सम्भार कार्यमा प्राप्त बजेटबाट खरिद कार्यमा उपयोग भएको भनी विभिन्न विक्रेतालाई भुक्तानी दिएको देखियो । उपभोक्ता समितिले मर्मत सम्भार गरेको स्पष्ट प्रमाणका आधारमा भुक्तानी गर्नुपर्नेमा सामान खरिदको बिलको आधारमा ६ पार्टीलाई रु.२३,६८,६७५/- भुक्तानी भएको देखिदा मर्मत सम्भार कार्यमा प्राप्त बजेटको सही रुपमा सदुपयोग भयो भन्न सक्ने अवस्था देखिएन । यस प्रकारबाट खर्च गर्ने पद्धतिमा सुधार गर्न तथा तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो ।

१२. **ट्रान्सफर्मर खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पम्पिङ स्टेशन जस्ता उच्च वा जटिल प्रविधि मालसामान निर्माण स्थलमा आपूर्ति गरी जडान गर्ने, परीक्षण सञ्चालन गर्ने र त्यस्तो मालसामान आपूर्ति र जडान कार्यको सम्झौता गर्नुपर्ने उल्लेख छ । कार्यालयले भालुवाङ र हेकुली रानी वन खानेपानी आयोजनाको लागि ५० के.भि.ए.को २ ट्रान्सफर्मर एक सप्लायर्सबाट खरिद गरी रु.७,२५,४६०/- भुक्तानी गरेको देखियो । ट्रान्सफर्मर जस्तो उच्च जटिल प्रविधियुक्त

सामान उत्पादक वा आधिकारिक विक्रेता बेगरको बिक्रेतासँग खरिद गरेको पाइयो । गुणस्तर र मितव्ययीतालाई ध्यान दिई नियमावलीमा भएको व्यवस्था अनुसारको खरिद प्रक्रिया अपनाई कार्य गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१३. **कार्यक्रम बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको सीमाभित्र रही तोकिएको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । यस वर्षको स्वीकृत कार्यक्रममा कटाहा सिम्ले धारा खानेपानी तथा सरसफाइ आयोजनामा खानेपानीका संरचनाहरु निर्माण गर्न रु.५८,७५,०००/- बजेट व्यवस्था भएको देखियो । कार्यालयले स्वीकृत कार्यक्रममा उल्लेख नै नभएको खानेपानी उपभोक्ता समूहको अफिस भवन, कम्पाउण्ड वाल र ट्वाइलेट निर्माण गरे बापत उपभोक्ता समितिलाई रु.२१,११,२५२/- भुक्तानी गरेको छ । त्यस्तै सोही भवनको थप कार्य तथा सेफ्टी ट्याङ्क वनाएको, विद्युतीकरण भनी अर्को सम्झौता मार्फत रु.८,२३,९२०/- समेत रु.२९,३५,१७४।- भुक्तानी गरेको छ । यस प्रकारको खर्च गर्दा वित्तीय अनुशासन कायम नहुने हुँदा सुधार गर्नुपर्नेतर्फ कार्यालय तथा तालुक निकायले समेत ध्यान दिनुपर्दछ । त्यसैगरी सम्झौता अनुसार अफिस भवनको बाँकी काम गर्न रु.१,५९,६१६/- सम्झौता गरेकोमा कार्यालयले उपभोक्ता समितिलाई रु.४,६९,८९३।- को भुक्तानी गरेकोले सम्झौताभन्दा बढी भुक्तानी भएको रु.३,१०,२७७।- असुल गर्नुपर्दछ ।

१४. **बोलपत्र बेगर खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ र ३१ मा रु.१० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने र सोभन्दा बढीको मालसामान बोलपत्र आह्वान मार्फत घटाघट गरी खरिद गर्नुपर्ने उल्लेख छ । परीक्षण गरिएको मध्ये कार्यालयले रु.७५,०४,१९६।- मूल्यका सामान सोझै र रु.१,५४,६०,५९१/- मूल्यका सामान सिलबन्दी कोटेशनको माध्यमबाट खरिद गरेको छ। यस प्रकारको खरिद गर्ने पद्धतीमा नियन्त्रण गर्न कार्यालय तथा तालुक निकायले ध्यान दिनुपर्ने देखियो ।

१५. **सम्झौताभन्दा बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा सम्झौताको अधिनमा रही वास्तविक कामको नापजाँच गरी रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले एक खानेपानी उपभोक्ता समितिलाई प्रोटेक्सन वर्कको सम्झौता बमोजिम रु.१,७५,६६८।९४ भुक्तानी गर्नुपर्नेमा रु.२,२७,६५६/- भुक्तानी गरेको देखियो । सम्झौताभन्दा रु.५१,९८८/- बढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

१६. **कार्यक्रम बेगर निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम स्वीकृत वार्षिक कार्यक्रमभित्र परेको कार्यको लागत अनुमान स्वीकृत गरी तोकिए बमोजिमको खरिद प्रक्रियाबाट निर्माण कार्य गराउनुपर्दछ । कार्यालयले स्वीकृत कार्यक्रम उल्लेख नै नभएको स्टोर भवन निर्माण र भवन मर्मतमा निर्माण तथा खरिद कार्य गरी रु.६,९६,२३९/- खर्च लेखेको देखियो । उक्त खर्च स्वीकृत कार्यक्रम बेगर कन्टिन्जेन्सीबाट खर्च लेखेको पाइयो । निर्माण तथा मर्मत कार्य स्वीकृत कार्यक्रममा समावेश गरी खर्च गर्न कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१७. **बीमा तथा कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्दा बीमा गराउनुपर्ने र सोही नियमावलीको नियम ११० मा कार्यसम्पादन जमानत, त्रुटि सच्याउने अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायीलाई हेकुलीमा डिप बोरिङ कार्यको अन्तिम बिलसम्म रु.२६,२८,१३१/- भुक्तानी भएकोमा निर्माण कार्यको बीमा गरेको देखिएन । साथै उक्त ठेक्काको त्रुटि सच्याउने अवधि ३६५ दिन भएको र २०७३।१।२० मा निर्माण कार्य सम्पन्न गरेका निज निर्माण व्यवसायीले राखेको कृषि विकास बैंकको रु.१,११,४००।- बराबरको कार्य सम्पादन जमानतको म्याद २०७३।२।१८ सम्म मात्र रहेको र सो पश्चात म्याद थप देखिदैन । उक्त जमानतको म्याद थप गरी सुरक्षणको प्रत्याभूति हुनुपर्दछ ।

१८. **नापी कितावमा नजनाएको पाइप** : कार्यालयबाट खरिद भएका पाइप तथा फिटिङस्हरु विभिन्न आयोजनाका उपभोक्ता समितिको मागका आधारमा जिन्सीबाट खर्च घटाइ वितरण गरिएकोमा उक्त सामानहरु सम्बन्धित आयोजनामा पाइप जडान गरी नापी कितावमा उल्लेख गर्नुपर्दछ । आयोजनामा गएको पाइपहरुमध्ये रु.२१,७६,३८२।- मूल्य बराबरको १६,१६० मिटर पाइपहरु आयोजनामा जडान भइं नापी कितावमा उल्लेख गरी राखेको देखिएन । उक्त पाइप जडान भएको प्रमाण पेश हुनुपर्दछ ।

१९. **दोश्रो साना शहरी खानेपानी आयोजना**

१९.१. भुक्तानी दिन बाँकी रहेको रकमको म.ले.प.फा.नं.१८ प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । एक संयुक्त उपक्रमलाई सत्रौं रनिङ बिलको भुक्तानी दिन बाँकी रहेको भनी रु.१२,४३,५६३/- भुक्तानी दिएको पाइयो । भुक्तानी दिन बाँकीको कच्चावारी बेगर खर्च लेखेको रकम नियमसम्मत् देखिएन ।

१९.२. अठारौं रनिङ बिलबाट ८ महिनाको रु.२८,००,०००।- सञ्चालन खर्च बापतको रकममध्ये ५० प्रतिशतले हुने रु.१४,००,०००।- र मूल्य समायोजन बापतको रु.२,८९,६३४।- एक संयुक्त उपक्रमलाई भुक्तानी गरेको देखियो । निर्माण कार्यसम्पन्न भइसकेको अवस्थामा सञ्चालन खर्च १२ महिनाको र मूल्य समायोजन थप गरी भुक्तानी दिन पाउने व्यवस्था सम्झौतामा देखिँदैन । तसर्थ मर्मत सम्भार अवधिमा सञ्चालन बापत मासिक रु.३,५०,०००।- का दरले भुक्तानी रकम रु.३,२७,२८७।- को मूल्य समायोजन दिन पाउने आधार प्रमाण पेश हुनुपर्दछ ।

१९.३. उपभोक्ता समितिलाई ट्वाइलेट निर्माण तथा सरसफाइ कार्यक्रमका लागि रु.२१,२७,५००।- भुक्तानी दिएकोमा उक्त रकमबाट निर्माण सम्पन्न भएको मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन नभएकोले कार्य सम्पन्न सहितको प्रतिवेदन पेश गर्नुपर्छ ।

१९.४. ठेक्का सम्झौताको दफा ५५.२ मा एजविल्ट ड्रइङ पेश गर्नुपर्ने र एजबिल्ट ड्रइङ पेश नभएमा रु.५,००,०००।- रोक्का राख्ने उल्लेख भएकोमा एज बिलट ड्रइङ पेश नभएको अवस्थामा समेत रकम रोक्का नगरी भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

२०. **मूल्य अभिवृद्धि कर** : एक निर्माण ब्यबसायीलाई खानेपानी बितरण संरचना निर्माणको दोश्रो रनिङ्ग बिल भुक्तानी दिँदा प्रोभिजनल सम अन्तर्गत बीमा बापत (मूल्य अभिवृद्धि कर सहित) रु.१,३५,०५१।- रहेकोमा पुनः मूल्य अभिवृद्धि कर थप भुक्तानी गर्दा दोहोरो भुक्तानी हुन गएको रु.१७,५५७।- असुल हुनुपर्दछ ।

२१. **जनश्रमदान** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अन्तर्गत सञ्चालित आयोजनाहरुमा सहभागी उपभोक्ता संस्थाले कुल लागतको २० प्रतिशतसम्म रकम नगद वा श्रमदान वा जिन्सी व्यहोर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न साना, मझौला तथा ठुला तीन योजनामा खानेपानी उपभोक्ता संस्थाहरुले निर्देशिकाले तोकेको सीमासम्मको जनश्रमदानबाट लागत व्यहोरेको नपाईएको हुँदा घटी हुन गएको जनश्रमदान बापतको रकम रु.७५,९६२/- असुल हुनुपर्दछ ।

२२. **असुल** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अन्तर्गत सञ्चालित आयोजनाहरुको लागत अनुमान तयार गर्दा सहभागी उपभोक्ता संस्थाले कुल लागतको २० प्रतिशतसम्म नगद वा श्रमदान वा जिन्सी व्यहोर्नु पर्ने व्यबस्था छ। कार्यालयले बिभिन्न योजनाको लागत अनुमान तयार गर्दा लागत अनुमानमा जनश्रमदानको अंश साह्रै न्युन राखेको पाईयो । यसरी लागत अनुमानमा उल्लिखित परिमाणको कार्य नहुदै ६ योजनाको कार्य सम्पन्न प्रतिबेदन तयार गरी ठेक्का फरफारक गरेकोले जनश्रमदान बापतको रु.६,२६,५७५/- असुल हुनुपर्दछ ।

२३. **उपभोक्ताले व्यहोर्नुपर्ने अंश** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अन्तर्गत सञ्चालित आयोजनाहरुको रनिङ्ग बिलको भुक्तानी दिदा लागत अनुमान तयार गर्दा उपभोक्ताले ब्यहोर्ने पर्ने गरी राखिएको कार्य परिमाणको भुक्तानी कटाएर मात्र भुक्तानी दिनुपर्नेमा उपभोक्ताले ब्यहोर्नुपर्ने अंश

समेतका भुक्तानी दिएको हुँदा भुक्तानी भएको घोराही खानेपानी उपभोक्ता तथा सरसफाइं स)स्थाको अंश बराबरको रकम रु.९,४४,५३९/- असुल उपर गर्नुपर्दछ ।

२४. **जिन्सी** : कार्यालयबाट तुल्सीपुर खानेपानी योजनाका लागि खरिद भएका बिभिन्न साईजका एच.डि.पी.पाईपहरु जिन्सीबाट खर्च जनाईकोमा नापी किताबमा जडान भएको नपाईएको, साथै सहायक जिन्सी खातामा पनि मौज्दात नदेखिएको हुँदा उक्त पाईपहरु फेरी जिन्सी खातामा आम्दानी बाँधी पाईपको जिन्सी खाता अद्यावधिक गनुपर्ने अन्यथा जडान नभई खर्च देखाईएका पाईपको खरिद मूल्यले हुन आउने रु.३८,३४,३०२/- असुल हुनुपर्दछ ।

२५. **अधुरो ठेक्का** : एक निर्माण व्यवसायीसंग २०७३।६।१० मा कार्यसम्पन्न गर्ने गरी २०७१।१२।११ मा रु.१,७४,६९,३६३।- मा सम्झोता भएको देखिन्छ । सम्झौता अवधि अनुसार काम सम्पन्न नभएकोमा म्याद थप समेत नभएको, बीमाको म्याद थप नभएको, पेश्की जमानतको म्याद समेत समाप्त भई पेश्की बाँकी रु.५६,०००।- समेत जोखिममाा परेको देखियो । कार्यालयले निर्माण व्यबसायीबाट समयमा कार्य सम्पन्न गराउन ताकेता समेत गरेको देखिएन ।

२६. **गुणस्तर परीक्षण** : कार्यालयले बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार एच.डि.पि.पाईप, पि.भी.सी. पाईप, जि.आई पाईप र फिटिङ्गसहरु बोलपत्र, दरभाउपत्र र सोझै बजारबाट खरिदगर्दा सप्लाईकर्ता फर्मले स्पेशीफिकेशन बमोजिमको गुणस्तरीय सामाग्री सप्लाइ गर्दा कम्पनीद्वारा जारी गरीएको टेष्ट सर्टिफिकेट पेश गरेको पाईएन, साथै उक्त सामानहरु कार्यालयमा उपलव्ध भएपछि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राबिधिक गुणस्तर परिक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको यकिन गर्ने आधार प्रमाण पेश भएन ।

२७. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २४ मा रिटेन्सन मनी भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवाप्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण पेश गरेको कागजात पेश गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले मूल्य अभिवृद्धि कर विवरण नलिई एक निर्माण व्यवसायीको रु.३९,८६,१५८/- धरौटी फिर्ता गरेको छ । नियमावलीमा उल्लेख गरे बमोजिम मूल्य अभिवृद्धि कर समायोजन विवरण पेश गर्नुपर्दछ ।

२८. **मोबिलाइजेशन पेश्की** : डिभिजन कार्यालयले विभिन्न फर्महरुलाई निर्माण कार्य सञ्चालनका लागि मोबिलाईजेशन पेश्की रु.४७,९२,८२५/- दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय, लमही

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी नियन्त्रण खाता नराखेको, त्रुटी सच्याउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, मर्मतको अभिलेख नराखेको, बेरुजू लगत नराखेको लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्कापता स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नुपर्ने

व्यवस्था भएकोमा सो अनुसार नभएकोले अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको देखिएन । कार्यालयले पूंजीगत खर्च रु.२९,९०,१२,०००।– खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.२७,११,७३,०००।– (९०.६९प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा रु.२०,७२,५७,०००।– (६९.३१ प्रतिशत) खर्च गरेको पाइयो । खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष योजनाले रु.७९,६७,०००/- कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । ठेक्कागत कन्टिन्जेन्सी खर्चको विवरण नराखेकोले लागत अनुमानको तुलनामा हालसम्म के कति कन्टिन्जेन्सी खर्च भयो विश्लेषण गर्न सकिएन ।

४. **सालवसाली कार्यक्रम** : सालवसाली रुपमा सञ्चालन गर्ने कार्यक्रमको लागि वहुवर्षीय ठेक्का सम्झौता गर्न मिल्ने देखिदैन । जल उत्पन्न प्रकोप नियन्त्रण विभागले २०७२।११।४ मा बाढी पहिरो पुनः निर्माण विशेष कार्यक्रमको लागि रु.२२ करोड थप बजेट दिंदा यस आर्थिक वर्षमा थप आर्थिक दायित्व नबढ्ने गरी कार्यक्रमहरु सञ्चालन गर्न दिएको बजेटबाट कार्यालयले रु.२०,७५,१५,०७२/- को २ वहुवर्षीय ठेक्का गरेको देखियो । स्वीकृत कार्यक्रममा वहुवर्षीय ठेक्काको व्यवस्था नभएकोमा २०७४।३।३० मा कार्य सम्पन्न गर्ने गरी वहुवर्षीय ठेक्का गरी यो वर्ष मोबिलाइजेशन पेश्की रु.४,३२,८०,२२६।- मात्र भुक्तानी भएको छ ।

५. **बैंक जमानत** : सम्झौताको शर्त बमोजिम निर्माण व्यवसायीलाई शर्त रहितको बैंक जमानतका आधारमा सम्झौता रकमको २० प्रतिशतले हुने रकम मोबिलाइजेशन पेश्की बापत भुक्तानी गर्न सकिने देखिन्छ । कार्यालयले यो वर्ष ३ निर्माण व्यवसायीलाई सम्झौता रकमको २० प्रतिशतले हुने पेश्की रु.५,१४,००,०००/- भुक्तानी गर्दा शर्त सहितको बैंक जमानत लिएको देखियो । शर्त रहितको बैंक जमानत लिनुपर्छ ।

६. **म्याद थप** : सार्वजनिक निकायले स्वीकृत कार्यक्रमको अधिनमा रही निर्माण व्यवसायीलाई तोकिएको समयमा तोकिएको कार्य गर्न लगाउनुपर्दछ । कार्यालयले २०७१।७२ अन्त्यमा ६ निर्माण व्यवसायीसँग करिब २ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी बाँके जिल्लाको विभिन्न क्षेत्रमा वाढी नियन्त्रण गर्न तटबन्ध वनाउने कार्यको लागि सम्झौता गरेको थियो । २०७२।७३ मा उक्त ठेक्का सम्झौता बमोजिमको कार्य सम्पन्न भएको देखिदैन । तोकिएको समयमा कार्य नगर्ने निर्माण व्यवसायीको म्याद विभागले पटक पटक थप गर्दै गएको देखिन्छ । तोकिएको समयमा कार्य नगर्ने निर्माण व्यवसायीलाई सचेतसम्म नगराई म्याद थप गर्दै जाने प्रवृतिले काममा ढिला सुस्ती भएको देखिन्छ । यस प्रकारले म्याद थप गर्ने र सालवसाली कार्यक्रमलाई क्रमागत आयोजना जस्तै भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण गर्न कार्यालय तथा तालुक निकायले ध्यान दिनुपर्ने देखियो ।

७. **कार्यक्रमभन्दा बढी खर्च** : यो वर्षको कार्यक्रममा बाँके जिल्लाको वाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण तटवन्ध पुनःनिर्माण कार्य गर्न रु.८,८०,००,०००।- बजेट व्यवस्था भएकोमा कार्यालयले गत विगतमा सम्झौता भएको ८ निर्माण व्यवसायीबाट कार्य गराई रु.१०,७९,५३,७१३।- खर्च गरेको देखियो । स्वीकृत कार्यक्रममा उल्लेख भएभन्दा रु.१,९९,५३,७१३।- बढी खर्च भएको छ ।

कार्यक्रम संशोधन बेगर स्वीकृत कार्यक्रमभन्दा बढी खर्च भएकोमा कार्यक्रम संशोधन भएको पाइएन । कार्यक्रम संशोधन नगरी वढी खर्च गरेको नियमसम्मत् देखिएन ।

८. **बजेटभन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको अधिनमा रही तोकिएको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । आपतकालीन नदी नियन्त्रण गर्न विभिन्न स्थानका लागि तोकिएको बजेटभन्दा बढी खर्च भएको देखियो । स्वीकृत बजेटभन्दा बढी खर्च लेखेको रकम रु.१३,८८,०३२/- नियमसम्मत् देखिएन ।

९. **तोकिएको स्थानमा कार्यक्रम** : कार्यालयले स्वीकृत बजेटको अधिनमा रही तोकिएको कार्यमा खर्च गर्नुपर्दछ । कार्यक्रमले निर्दिष्ट गरेभन्दा अन्य स्थानमा कार्य गर्न कार्यक्रम संशोधन हुनुपर्दछ । कार्यालयले १ स्थान लागि रु.४०,००,०००।- बजेट भएकोमा सो अनुसार खर्च भई सकेपछि विभागीय प्रमुखको आदेश भनी स्वीकृत कार्यक्रमभित्र नपरेका सोही स्थान भित्रका अन्य ४ स्थानमा थप रु.१,४९,१७,७५४/- खर्च लेखेको छ । तोकिएको स्थानभन्दा बढी स्थानमा खर्च लेखेकोमा कार्यक्रम संशोधन भएको पाइएन । यस प्रकारको कार्यबाट वित्तीय अनुशासन कायम नहुने हुंदा नियन्त्रण गर्न विभाग तथा कार्यालयले ध्यान दिनुपर्ने देखियो ।

१०. **जनश्रमदान** : कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउँदा ३ प्रतिशत जनश्रमदान गरेको उल्लेख गरी विभिन्न उपभोक्ता समितिलाई नापी परिमाणको आधारमा भुक्तानी गरेको देखियो । सम्पूर्ण स्थानमा ३ प्रतिशत जनश्रमदानको व्यवस्था भएकोमा उक्त ३ प्रतिशतमात्र जनश्रमदानको व्यवस्था के कुन निर्देशिकाले व्यवस्था गरेको छ, खुल्न नआएकोले स्पष्ट पार्नु पर्ने देखियो ।

११. **नर्म्स तथा जिल्ला दररेट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा गर्नुपर्ने उल्लेख छ । कार्यालयले सार्वजनिक निर्माण सम्बन्धी कतिपय आईटमवाईज कार्यहरुको लागत अनुमान तयार गर्दा र गराउंदा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको पालना गरेको देखिएन । आधिकारीक जिल्ला दररेट रु.२,१०० प्रति घनमिटर रहेकोमा कार्यालयले लागत अनुमान तयार गर्दा ढुङ्गाको मूल्य औषतमा रु.३,२२५/- र बढीमा रु.४,७५०/- प्रति घनमिटरसम्म राखेको पाइयो । कार्यालयबाट हुने ग्याबियन कार्यमा सबैभन्दा बढी ढुङ्गा प्रयोग हुने, जसको मूल्य मेकानिकल तथा म्यानुअल ढुवानीका कारण सबैभन्दा बढी हुन गई ग्याबियन भर्ने कायंको लागत सारभूत रुपमा नै अत्यधिक बढ्न गएको सम्बन्धमा आगामी दिनमा कायांलयले लागत अनुमान तयार गदां ध्यान दिनुपनें देखियो ।

१२. **जी.आई तारको गुणस्तर** : कार्यालयले बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने तारजाली सप्लाईकर्ता फर्मले स्पेशीफिकेशन बमोजिम सप्लाई गर्दा कम्पनीद्वारा जारी गरिएको टेष्ट सर्टिफिकेट पेश गरेको पाइएन, साथै उक्त सामानहरु कार्यालयमा उपलव्ध भएपछि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राबिधिक गुणस्तर परीक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको यकिन गर्ने आधार प्रमाण पेश भएन ।

१३. **ढुङ्गाको गुणस्तर** : कार्यालयले बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने ढुङ्गा स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण भएको प्रमाण पेश गरेको पाइएन, साथै उक्त ढुङ्गाहरु निर्माण स्थलमा पुऱ्याएपछि निर्माण व्यवसायी र उपभोक्ता समितिहरुले प्रयोग गर्नु अघि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राबिधिक गुणस्तर परीक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाइं भए नभएको यकिन गर्ने आधार प्रमाण पेश भएन ।

१४. **बीजक बेगर भुक्तानी :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने व्यवस्था छ । कर बीजक बेगर एक निर्माण व्यवसायीलाई रु.९३,२४८।– र अर्को एक निर्माण व्यवसायीलाई रु.५६,४४८।– मूल्य अभिवृद्धि कर भुक्तानी भएको छ। मूल्य अभिवृद्धि कर दाखिला भएको वा समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्छ ।

१५. **मोबिलाइजेशन पेश्की :** आयोजनाले विभिन्न फर्महरुलाई मोबिलाईजेशन पेश्की दिएको रु.४,१४,००,०००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) अनुसार फछ्र्यौट गर्नुपर्छ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. १८, लमही

१. **ऐन नियमको पालना :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, वातावरणीय परीक्षण नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी नियन्त्रण खाता नराखेको, त्रुटि सच्याउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सूचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, मर्मतको अभिलेख नराखेको, लगाएतका व्यहोरा देखिएका छन। उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नुपर्ने व्यवस्था छ । डिभिजनले कुल पूँजीगत तथा कार्यक्रम खर्च रु.२०,१५,८४ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.१४,३२,२७ हजार (७१.०५ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा रु.१२,९१,७८ हजार (६४.०८ प्रतिशत) खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्तमा बढी कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरीवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्चलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य प्रगति :** यस डिभिजनले उपलव्ध गराएको वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार २ वटा बजेट उपशीर्षक अन्तर्गत यस वर्ष २३१ कार्यक्रम रहेकोमध्ये २ वटामा कार्य नभएको ५० प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु २० वटा र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु ३ वटा रहेका छन् । प्रगति न्यून हुनुमा समयमा ठेक्का व्यवस्था नहुनु, सम्झौता पश्चात तत्काल निर्माण व्यवसायीले कार्य सुचारु नगर्नु, निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार कार्य शुरु गरे नगरेको कार्यालयबाट निरन्तर अनुगमन नहुनु आदि रहेका छन् । अतः न्यून प्रगति हुनुको समस्यालाई समाधान गरी तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्नतर्फ उन्मुख हुनुपर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष योजनाले रु.५९ लाख ३४ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन सम्बन्धित योजनाहरुको विनियोजनको २.४० प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको २.९४ प्रतिशत हुन

आउँछ । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अत: कन्टिन्जेन्सीबाट निर्माणसंग सम्बन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

५. **सालबसाली कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा विकास आयोजनातर्फको योजनाको स्वीकृत कार्यक्रममा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्ने र समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ४० मा चालुवर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न हुँदैन । कार्यालयले यो वर्ष बोलपत्र आब्हान मार्फत ठेक्का पट्टा गरेका ७ ठेक्कामा २०७३।२।१३ मा निर्माण सम्झौता गरी कार्य गराएको र १३ सिलवन्दी बोलपत्र मार्फत २०७३ बैशाखमा सम्झौता भएका ठेक्का रकम आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेटले समेत नखाम्ने गरी खर्च तथा ठेक्का पट्टा गरेको छ। तोकिएको समयमा कार्यक्रम सञ्चालन हुन नसक्ने गरी बजेट पठाउने, ढिला कार्यक्रम सञ्चालन गरी बजेट फ्रिज गराउने र आगामी वर्षको बजेट तथा कार्यक्रममा रु.४,१०,६७,२२९/- ले प्रभाव पार्ने गरी ठेक्कापट्टा मार्फत गराएको कार्य उचित देखिएन । कार्यालयले यसतर्फ समयमै ध्यान दिनुपर्ने देखियो ।

६. **गत आ.व.को कार्यक्रमको भुक्तानी** : कार्यालयको यो वर्षको स्वीकृत कार्यक्रममा क्रमागत योजना तथा गत वर्षको कार्यक्रमको भुक्तानीको लागि छुट्टै बजेट व्यवस्था देखिदैन । कार्यालयले यो वर्षको सालवसाली कार्यक्रमबाट गत वर्षको स्वीकृत कार्यक्रममा उल्लेख भई ठेक्का पट्टा मार्फत कार्य हुन बाँकी कामको भुक्तानी भएको छ । सालवसाली कार्यक्रमको भुक्तानी दिन बाँकी रकम कार्यक्रममा क्रमागत रुपमा वा गत आ.व.को भुक्तानी दिन बाँकी उल्लेख भएका कार्यक्रमका लागि मात्र भुक्तानी दिनुपर्दछ। कार्यालयले वार्षिक कार्यक्रममा क्रमागत उल्लेख नभएका तथा भुक्तानी दिन बाँकी उल्लेख नभएका गत वर्षका ५ ठेक्काको मात्र रु.१,३८,२३,८७५।- भुक्तानी गरेको छ। स्वीकृत कार्यक्रम तथा बजेटको अधिनमा रही तोकिएको कार्यक्रम निर्धारित समयमा सम्पन्न हुने गरी ठेक्का पट्टा गर्ने, बजेट खर्च गर्नेतर्फ तालुक निकायले समयमा नै ध्यान पुऱ्याउनु पर्दछ। आगामी आ.व.को वार्षिक कार्यक्रम र बजेटलाई प्रभाव पार्ने गरी कार्यक्रम सञ्चालन गर्ने प्रबृत्तीमा नियन्त्रण हुन जरुरी छ ।

७. **न्यून प्रतिस्पर्धा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म लागत अनुमान भएका निर्माण कार्य सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने व्यवस्था छ। त्यसरी आह्वान भएकोमा ३ भन्दा कम बोलपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा दोश्रो पटक सूचना प्रकासन गर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा २६ मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने उल्लेख छ । यस डिभिजनले २०७३ वेशाख र जेष्ठमा सिलवन्दी बोलपत्र मार्फत निर्माण कार्य गरेका ३२ ठेक्कामध्ये २० मा लागत अनुमानको तुलनामा १ प्रतिशतभन्दा घटीमा कवोल भएको, ३ ठेक्का ३ प्रतिशतभन्दा न्यून कवोल भएको ठेक्का स्वीकृत गरी सम्झौता भएको देखियो । एकै निर्माण व्यवसायीसंग ७ प्याकेजको सम्झौता गरेको र निजले ७ मध्ये ४ प्याकेजमा लागत अनुमानको तुलनामा १ प्रतिशत भन्दा घटी र २ प्याकेजमा ३ प्रतिशतभन्दा घटी कवोल गरेको देखियो । १ महिनाको समय राखी निर्माण गर्न दिएका ठेक्का ७ वटा एकै व्यक्तिलाई दिंदा समयमा कार्यसम्पन्न नहुने तथा गुणस्तरयुक्त काम नहुने देखिन्छ । ७ प्याकेज दिएको निर्माण व्यवसायीले ३ प्याकेज तोकिएको समयमा सम्पन्न नगरी आगामी वर्षलाई जिम्मेवारी सारेकोसम्म देखिन्छ । ज्यादै न्यून प्रतिस्पर्धा देखिएकोमा डिभिजनले मिलोमतो भए नभएको मूल्याङ्कन गरेको छैन । प्रतिस्पर्धा नै नहुने गरी ठेक्का पट्टा हुने कार्यलाई निरुत्साहित गर्न कार्यालय तथा तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो ।

८. **कर बीजक** : मूल्य अभिवृद्धि नियमावली, २०५३ को नियम १७ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने उल्लेख छ। डिभिजनले ८ निर्माण व्यवसायीको भुक्तानीमा रितपूर्वकको कर बीजक जारी नभएकोमा रु.७,०५,४९०।- मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको छ। रितपूर्वकको कर बीजक जारी नगरेकोमा सम्बन्धित निर्माण व्यवसायीले कर तिरेको प्रमाण वा समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

९. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ६ महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढीको अवधि विभागीय प्रमुखले सम्झौताको म्याद अवधि थप गर्न सक्ने व्यवस्था छ। डिभिजनले यो वर्ष सम्झौता गरेका ७ ठूला ठेक्कामध्ये २ ठेक्काको म्याद ६ महिनाभन्दा बढी हुने गरी बोलपत्र स्वीकृत गर्ने डिभिजन प्रमुखले थप गरेको देखियो। नियमावलीमा भएको व्यवस्थाभन्दा बढी हुने गरी म्याद थप गर्न नमिल्नेमा म्याद थप गरेकोले म्याद थप प्रक्रिया नियमसम्मत् देखिएन।

१०. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख रुपैयाभन्दा बढी रकमको कार्य गराउँदा बीमा गर्नुपर्ने व्यवस्था छ। डिभिजनले यो वर्ष सिलबन्दी दरभाउपत्र मार्फत ठेक्का सम्झौता गरेका ४९ ठेक्कामा बीमाको व्यवस्था गरेको भए पनि निर्माण व्यवसायीले सम्झौता तथा नियमावलीमा भएको व्यवस्था अनुसार बीमा गरेको देखिएन। निर्माण कार्यको लगानीलाई पूर्ण सुरक्षित वनाउन कार्यालयले बीमा गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखियो।

११. **कार्यक्रम बेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको अधिनमा रही तोकिएको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। डिभिजनले यो वर्ष ३ जिल्लाको लागि आकस्मिक मर्मत सम्भारको लागि आवश्यक बोरा, जि.आई तार खरिद तथा वुन्ने कार्यको खरिद गर्न रु.२४ लाख बजेट व्यवस्था भएकोमा तोकिएको कार्य नगरी विभिन्न ५ उपभोक्ता समितिले गरेको कामको रु.१८,३०,४२९/- भुक्तानी गरेको छ। तार जाली खरिद तथा वुनाईमा रु.३,८३,६६२/- मात्र खर्च भएको छ। स्वीकृत कार्यक्रममा उल्लेख गरेभन्दा फरक पारी खर्च गरेकोमा कार्यक्रम संशोधन बेगर खर्च गरेको नियमसम्मत् देखिएन।

१२. **तार जालीको मौज्दात** : कार्यालयको जिन्सी रजिष्टरको अध्ययन गर्दा २०७१।७२ मा खरिद भएका ८७२ थान जाली रु.१७,३५,३४५/- मूल्यका खपत नभै मौज्दात रहेको २९२०० थान बोरा रु.५,७७,२८४/- मूल्यका खर्च नभई बाँकी भएकोमा यो आर्थिक वर्षमा मौज्दात जिम्मेवारी सारेको देखिएन। त्यस्तै २०७१।७२ भन्दा अगाडि के कति तार जाली तथा बोरा बाँकी थियो सोको जिम्मेवारी सारेको नपाइएकोले मौज्दात वाँकी रहेको रु.२३,१२,६२९/- रकमको जिन्सीको हिसाब यकिन गरी जिन्सी अद्यावधिक गर्नुपर्छ।

१३. **नर्म्स तथा जिल्ला दररेट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ। त्यस्तै जिल्ला दररेट निर्धारण समितिले दररेटको आधारमा आयोजनाले सार्वजनिक निर्माण सम्बन्धी कतिपय आईटमवाईज कार्यहरुको लागत अनुमान तयार गर्दारगराउंदा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको पालना गरेको देखिएन। जिल्ला दररेट रु.२,१००/- प्रतिघनमिटर रहेकोमा कार्यालयले लागत अनुमान तयार गर्दा ढुङ्गाको मूल्य औषतमा रु.२,९७५।- र बढीमा रु.४,६५०।- प्रतिघनमिटरसम्म राखेको पाइयो। कार्यालयबाट हुने ग्याबियन कार्यमा सबैभन्दा बढी ढुङ्गा प्रयोग हुनेमा लागत सारभूत रुपमा नै अत्यधिक बढ्न गएको सम्बन्धमा विश्लेषण गर्नु जरुरी छ।

१४. **जि.आई तारको गुणस्तर** : कार्यालयले बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने जी.आई. तारजाली सप्लाईकर्ता फर्मले स्पेशीफिकेशन बमोजिम सप्लाई गर्दा कम्पनीद्वारा जारी गरीएको टेष्ट सर्टिफिकेट पेश गरेको पाईएन, साथै उक्त सामानहरु कार्यालयमा

उपलव्ध भएपछि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राबिधिक गुणस्तर परीक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुंदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको एकिन गर्ने आधार प्रमाण भेटिएन ।

१५. **ढुङ्गाको गुणस्तर** : कार्यालयले बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने ढुङ्गा स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण भएको प्रमाण पेश गरेको पाइंएन । यस्तो अवस्थामा जिल्ला दररेटभन्दा बढी दरमा ढुङ्गाको दर राख्दा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको यकिन गर्ने आधार प्रमाण भेटिएन ।

१६. **मूल्य अभिवृद्धि कर समायोजन** : कार्यालयले ३ उपभोक्ता समितिलाई नदी नियन्त्रण काम गरे बापतको रकम भुक्तानी गर्दा सक्कल कर बीजक बेगर रु.५४,०८८।– भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश नभएको उक्त रकम असुल हुनुपर्दछ ।

१७. **परामर्श सेवा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिन सकिने व्यवस्था छ । कार्यालयले कार्यालयमा उपलव्ध जनशक्तिबाट काम हुन सक्ने नसक्ने बिश्लेषण नगरी एक परार्मदातालाई Detailed survey of marma khola salyan बापत परामर्श सेवा लिएको देखियो । सेवा लिई भुक्तानी दिँदा तोकिए अनुसारका प्रतिबेदन प्राप्त भए नभएको बिश्लेषण गरेको र अभिलेख जनाई राखेको देखिएन ।

१८. **जनश्रमदान** : जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय अन्तर्गत सञ्चालित योजनाहरुमा सहभागी उपभोक्ता संस्थाले लागतको न्यूनतम ५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी व्यहोर्नु पर्ने व्यबस्था रहेको पाइयो । कार्यालय अन्तर्गत सञ्चालित योजनामा जल उत्पन्न प्रकोप उपभोक्ता संस्थाले निर्देशिकाले तोकेको सीमा सम्मको ठुली भेरी नदी नियन्त्रण कार्य, आठ बीस डाँडागाउँ रुकुमको नपुग रकम रु.३६,९३१/- जनश्रमदानबाट लागत व्यहोरेको पाइएन । उपभोक्ताको अंश लिनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो ।

१९. **जाली खपत** : कार्यालयले २ निर्माण व्यवसायीलाई ठेक्का अन्तर्गत विभिन्न रनिङ्ग बिलको रकम भुक्तानी दिदा नापी किताब अनुसार ग्याबियन जाली भर्ने कार्यमा प्रयोग भएको ढुङ्गाको तुलनामा बढी जाली खपत देखाएकोले बढी खपत देखाइंएको जाली बापतको रु.१,२०,०३६/- असुल हुनुपर्दछ ।

## नगर विकास समितिको कार्यालय, लमही

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालन गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यक्रमगत खाता राखेको नपाइएकोले आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **वासलात** : नगर विकास समितिले वासलात तयार गर्ने नगरेकोले समितिको चल अचल सम्पती र दायित्वको स्थिति यकिन हुन सकेन ।

३. **आन्तरिक लेखापरीक्षण** : समितिले आर्थिक कारेवारको आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारको शुद्धता कायम गर्नु गराउनु पर्नेमा समिति स्थापना कालदेखि नै आन्तरिक लेखापरीक्षण नगराएकोले आन्तरिक लेखापरीक्षण गराउनुपर्ने देखिएको छ ।

४. **समितिको बैठक** : नगर विकास ऐन, २०४८ को दफा ६(१) मा समितिको बैठक कम्तीमा २ महिनामा एक पटक बस्ने व्यवस्था भएकोमा यस वर्ष ४ बैठक भएको देखियो । तोकिएको समयमा नियमित बैठक बसी बजेट, कार्यक्रम तथा कार्यान्वयनमा सहजता ल्याउनुपर्ने देखियो ।

५. **जिम्मेवारी भिडान नभएको** : गतवर्षको जिम्मेवारी रु.६६,४३,०८८/- उल्लेख भएकोमा सो जिम्मेवारी प्रमाणित हुने कागजात पेश नभएकोले यकिन गर्नसकिएन ।

६. **लिन बाँकी हिसाव भिडान** : कार्यालयले पेश गरेको वित्तीय विवरणमा विभिन्न व्यक्तिबाट जग्गा विक्री बापत रु.८,४४,२९३।- लिन बाँकी देखाएकोमा उठ्न बाँकीको विवरण अध्ययन परीक्षण गर्दा १५ व्यक्तिसंग रु.२,०४,०२,४२१।- देखाएको छ । दुई विवरणबीच रु.१,०५,५८,१२८।- फरक परेको छ । फरक हिसाव सम्बन्धमा वास्तविक लिनुपर्ने यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखियो ।

७. **अतिक्रमित जग्गा** : गतवर्षका प्रतिवेदनहरुमा १८ कट्ठा जग्गा अतिक्रमणमा परेका व्यहोरा उल्लेख छ । उक्त जग्गा लेखापरीक्षण अवधिसम्म पनि प्राप्त भएको प्रमाण पेश हुन आएन ।

८. **बहाल कर असुली** : यो बर्ष समितिले आम्दानी गरेको घर बहाल बापतको रु.३५,१२,५६०/- मा आयकर ऐन, २०५८ बमोजिम घर बहाल कर असुल भएको देखिएन । आयकर ऐन, २०५८ बमोजिम सम्पत्तीको बहाल कर बापत १० प्रतिशतका दरले हुने रु.३,५१,२५६/- असुल हुन बाँकी देखिएकोले असुल गरी राजस्व दाखिला हुनुपर्छ ।

९. **बहाल असुली** : एक प्रोप्राईटरले समितिको जग्गामा पेट्रोल पम्प खडा गरी व्यापारीक कार्य गर्न २०६४ भाद्र १७ गते भाडा भुक्तानी गर्ने शर्तमा २०६४।२।२४ मा सम्झौता गरेको पाइयो । उक्त सम्झौता अनुसार निजले खडा गरेको भौतिक पूर्वाधारको तत्कालिन मूल्य रु.९,४७,००१।- मासिक प्राप्त हुने भाडा रु.३,०००।- र जग्गा भाडा ४,०२१।- समेतबाट कट्टा भइसकेपछि समितिले भाडा असुल गर्ने शर्त रहेकोमा निज पेट्रोल पम्पले बिगत प्रतिवेदनमा २०७०।७१ सम्मको अङ्क बाहेक आर्थिक बर्ष २०७१।७२ र २०७२।७३ को मासिक रु.४,०२१/- प्रतिकट्ठाको हिसावले ४ कट्ठा १७.७५ धुरको हुने रु.१९,६५४।- र रु.३,०००।- समेत २२,६५५।- को २४ महिनाको रकम हालसम्म असुल नभएकोले बहाल रु.५,४३,७१२।- असुल हुनुपर्दछ ।

१०. **घटी असुल** : बसपार्क सञ्चालन सम्बन्धी जग्गा भाडा र अफिस भवन सञ्चालनको लागि सूचना प्रकासन भएकोमा सूचनाको आधारमा १ मात्र बोलपत्र परेको देखियो । बोलपत्रको सूचना अनुसार भएको सम्झौता अध्ययन गर्दा निम्नानुसार व्यहोरा देखिएको छ :

१०.१. **बैंक ग्यारेण्टी** : बोलपत्रको सूचनामा बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १ बर्षको भाडा बराबरको रकम बैंक ग्यारेण्टी लिई सम्झौता गर्नुपर्ने उल्लेख छ । समितिले बैंक ग्यारेण्टी नलिई १ मात्र कबोल गर्ने कवोलदातासंग निजले कबोल गरेको रु.७०,५५५/- को १ बर्षको भाडा रु.८,४६,६६०/- बैंक ग्यारेण्टी नै पेश नगरेको अवस्थामा सम्झौता भएको छ । बैंक ग्यारेण्टी पेश नभएको अवस्थामा सम्झौता गरेकोले शर्तअनुसार सम्झौता भएको देखिएन ।

१०.२. सम्झौता अनुसार बुझाउनु पर्ने रकममध्ये २०७१ फाल्गुनदेखि २०७२ आषाढसम्मको रु.२,८२,२२०।- र २०७२ श्रावणदेखि २०७३ आषाढसम्म रु.८,४६,६६०।- समेत रु.११,२८,८८०।- असुल गर्न बाँकी देखिएकोमा समितिले रु.३,५२,७७५।- मात्र लिन बाँकी देखाएको छ । बाँकी रकम असुल गर्नुपर्दछ ।

११. **असुल गर्न बाँकी** : एक व्यक्तिसंग भएको सम्झौता अनुसार २०७१ पौषदेखि २०७३ आषाढसम्म २० महिनाको रु.१,५०,६००।- असुल गर्नुपर्नेमा रु.१,३७,१००।- मात्र असुल भएकोले घटी असुल भएको रु.१३,५००।- असुल गर्नुपर्दछ ।

१२. **सापटी असुली** : समितिले पेश गरेको आयव्यय विवरणमा बिगत बर्षदेखि विभिन्न संस्थालाई दिएको सापटी हालसम्म पनि असुल भएको देखिएन । विभिन्न ५ वटा संस्थालाइ रु.४७,४९,४०९।- सापटी दिएको रकम अबिलम्ब सापटी सोधभर्ना प्राप्त गरी आम्दानी जनाउनु पर्ने देखियो ।

१३. **किस्ता तथा घरबहाल** : दशौं चरण अन्तर्गत जग्गा बिक्री बापत प्राप्त हुनुपर्ने किस्तामध्ये रु.२,०४,०२,४२२।- असुल गर्न बाँकी देखाएको रकम यो बर्ष प्राप्त भई हिसाब मिलान गरेको छ । घर बहाल बापत विभिन्न व्यक्तिबाट प्राप्त हुन बाँकी रकम अविलम्ब सम्झौताको शर्तबमोजिम रु.७,२५,५५७।- असुल गरी आम्दानी बाँध्नुपर्छ ।

१४. **पेश्की कारोबार** : समितिले आय-व्यय विवरणमा यस वर्ष बाँकी पेश्की रु.७२,४४,५०५।- देखाएकोमा फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरणमा पेश्की रु.७२,१४,५०५।- व्यापारिक भवन निर्माण बापतको र बाँकी रु.३०,०००।- को नाम उल्लेख भएको जनाएको छ। उक्त पेश्की रु.७२,४४,५०५।- फछ्र्यौट हुनुपर्दछ ।

१५. **मासिक भत्ता** : नगर विकास समितिका अध्यक्षलाई नगर विकास समितिको २०७१ फाल्गुण ११ को बोर्ड बैठकबाट रु.१५,०००।- मासिक भत्ता दिइने निर्णय गरेको छ । सो निर्णय मंन्त्रालयमा पठाइ मन्त्रालयको राय अनुसार मात्र खर्च लेख्नु पर्नेमा भत्ता खर्च लिन पाउने आधार प्रमाण बेगर अध्यक्षलाई मासिक भत्ता रु.१५,०००।- का दरले १२ महिनाको रु.१,८०,०००।- खर्च लेखेको पाईयो ।

१६. **बृत्तचित्र प्रसारण** : नगर विकास कोषले आफुले गरेका कार्यहरुको बृत्तचित्र निर्माण गरी प्रशारण गरे बापत एक च्यानल प्रा.लि.लाई रु.६०,०००/- भुक्तानी दिएकोमा उक्त संस्थाबाट उक्त बृत्तचित्र कुन मिति र समयमा प्रशारण भएको हो सोको प्रमाण र अबधि खुलेको प्रमाण पेश हुनुपर्दछ ।

१७. **भेरिएसन आदेश स्वीकृत नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११८(१) मा खरिद सम्झौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्ता कार्यको परिमाणमा थपघट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएसन आदेश दिने व्यवस्था छ। एक निर्माण व्यवसायीलाई भेरिएसन आदेश स्वीकृत नगराई सम्झौतामा नभएको आईटम वाईज कार्यको एक जे.भी.लाई रु.१०,५०,०३२/- भुक्तानी गरेको छ। स्वीकृत प्राप्त अधिकारीबाट भेरिएशन आदेश स्वीकृत गरी नियमित गर्नुपर्ने देखिन्छ ।

१८. **भ्रमण खर्च** : कोषका अध्यक्ष कोषको कामको सिलसिलामा बिभिन्न ठाउँमा भ्रमण काजमा जाँदा भ्रमण खर्च नियमावली, २०६४ अनुसार एक तह माथिको पदाधिकारीबाट स्वीकृति लिई भ्रमण, काजमा जानुपर्नेमा नियमावलीमा ब्यबस्था भए अनुसार स्वीकृति लिने गरेको पाइएन। यसरी स्वीकृत नलिई भ्रमण गरेकाले दैनिक तथा भ्रमण खच रु.४०,२००।- नियमित हुनुपर्ने देखिएको छ ।

## प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना, लमही

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, वातावरणीय परीक्षण नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी नियन्त्रण खाता नराखेको, त्रृटी सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, मर्मतको अभिलेख नराखेको, संक्षिप्त बार्षिक प्रतिवेदन तयार नगरेको लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार नभएकोले अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको देखिएन । आयोजनाले कुल पूँजीगत तथा कार्यक्रम खर्च रु.१९,३५,३७ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.१६,४७,८९ हजार (८५.१५ प्रतिशत) खर्च गरेको छ। आषाढ महिनामा रु.८,९९,७९ हजार (४६.४९ प्रतिशत) खर्च गरेको पाइयो । खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **न्यून प्रगति** : सार्वजनिक निकायले स्वीकृत बजेटभित्रको रकम तोकिएको कार्यमा स्वीकृत लक्ष्य अनुसार कार्य सम्पन्न हुने गरी कार्य योजना तयार गरी ठेक्का व्यवस्थापन गर्ने र सो अनुसार गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्न कार्यतालिकाको आधारमा तोकिएबमोजिम खर्च गर्नुपर्दछ । आयोजनाले यो वर्ष स्वीकृत गरेका ५ कार्यक्रममा तोकिएबमोजिम प्रगति गरेको देखिएन । स्वीकृत ५ कार्यक्रमको प्रगति ० देखि ४२ प्रतिशतसम्म रहेको छ । लक्ष्य अनुसार प्रगति हुने गरी कार्यतालिका बनाई कार्यसम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो ।

४. **कन्टिन्जेन्सी खर्च** : सावंजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष योजनाले रु.१,१७,६१,०००/- कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन सम्बन्धित योजनाहरुको विनियोजनको ५.०२ प्रतिशत र यस वर्षको कुल सार्वजनिक निर्माण खर्चको ६.०७ प्रतिशत हुन आउँछ । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अत: कन्टिन्जेन्सीबाट निर्माणसंग सम्बन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

५. **जालिको स्पेशिफिकेशन** : सार्वजनिक निकायले सम्झौतामा उल्लेख भएको स्पेशिफिकेशन अनुसारको गुणस्तर युक्त सामान प्रमाणित भएको आधारमा मालसामान तथा निर्माण सामग्रीको भुक्तानी गर्नुपर्दछ । आयोजनाले वड्का पथ सिचाईको हेड वर्क्स तथा मूल नहर निर्माणका निर्माण व्यवसायीलाई तार छैठौं रनिङ बिलमा बापत रु.४७,६६,३४०।- भुक्तानी गरेकोमा सम्झौताको स्ट्याण्र्ड 15*15 को १० गेजको ८७२ वटा र 3*1.5*0.3 को 10*10 छ । स्ट्याण्र्ड स्पेशिफिकेशनमा उल्लेख भएभन्दा फरक पारी रेक्ट्यांगुलर साइजका उक्त जाली राखी भुक्तानी भएको छ । स्ट्याण्र्ड स्पेशिफिकेसनमा उल्लेख भएको गुणस्तर प्रमाणित नगरी भुक्तानी दिन नहुनेमा फरक साइजका जालीको समेतको भुक्तानी हुनु उचित देखिएन । यस प्रकारबाट भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६. **कण्डिसनल बैंक ग्यारेण्टीको** : शर्त रहित वैंक ग्यारेण्टीका आधारमा सम्झौता अनुसार निर्माण व्यवसायीलाई पेश्की रकम भुक्तानी गर्नुपर्दछ । आयोजनाले दुई निर्माण व्यवसायीलाई शर्त सहितको वैंक ग्यारेण्टीको आधारमा रु.२,५७,२१,२६०/- भुक्तानी दिएको छ । शर्त सहितको वैंक ग्यारेण्टीको आधारमा पेश्की भुक्तानी दिंदा सरकारी रकमको पूर्ण सुरक्षण नहुने हुँदा शर्त रहित बैंक ग्यारेण्टी लिनुपर्ने देखियो ।

७. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार रनिङ बिल वा अन्य बिलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्य सम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । नदी नियन्त्रण कार्यमा उपयोग भएको जालीको संख्याभन्दा बढी जालीको भुक्तानी गर्न मिल्दैन । आयोजनाले ढुङ्गा भरेको जाली परिमाण भन्दा २ ठेक्कामा ३०७२१.५ वर्ग मिटर वढी जाली परिमाणको भुक्तानी गरेकोले बढी भुक्तानी गरेको जाली संख्याको आधारमा हुने २ निर्माण कार्यको रकम रु.९३,७३१३०/- असुल हुनुपर्दछ ।

८. **सवारी साधन खरिद** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम बजेट सम्बन्धित शीर्षकमा छ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्ने र निकासा दिन सक्ने उल्लेख छ । आयोजनाले यो वर्ष मोटर साइकल र महिन्द्रा स्कारपियो गाडी खरिद गरी रु.४९,०७,०२७/- भुक्तानी गरेकोमा आयोजनाले सवारी खरिद शीर्षकमा बजेट व्यवस्था नभएकोमा सार्वजनिक निर्माण शीर्षक कन्टिन्जेन्सीबाट सवारी साधन खरिद गरेकोमा आर्थिक कार्यविधि

नियमावली बमोजिम रकमान्तर तथा खर्च समर्थन गराएको पाइएन। शीर्षक फरक पारी खर्च लेखेको र खर्च समर्थन भएको नपाइकोले नियम सम्मत देखिएन।

९. **बढी भुक्तानी** : एक निर्माण व्यवसायीलाई तेश्रो रनिङ बिलको रु.७९,५५,२८२।- भुक्तानी गर्दा आइटम नं.२३ र २४ को नापजाँच नै नभएकोमा एकमुष्ठ परिमाण राखी रु.२,१०,०००।- भुक्तानी गरेको तथा यस्तै फलामे डण्डी १०.३ मेट्रकटनको नापी भएकोमा १०.८१ मेट्रकटनको भुक्तानी हुँदा बढी भुक्तानी रु.४३,३५०।- समेत रु.२२,५३,३५०।- मा मूल्य अभिवृद्धि कर समेत रु.२,८६,२८५।- असुल गर्नुपर्दछ।

त्यसै गरी दोश्रो रनिङ बिलमा १०६२ जालीमा २२२२ घनमिटर मात्र ढुङ्गा भर्न सक्नेमा आयोजनाले २४५८.०५ घनमिटर ढुङ्गा भरेको देखाएको छ। २३६.०५ घनमिटर बढी काम देखाई बढी भुक्तानी दिएको रु.२,४०,०६३।- असुल हुनुपर्दछ।

१०. **सोभ्कै खरिदमा थप** : ह्युम पाईप खरिद कार्यको लागत अनुमान तयार गर्दा कन्ट्रयाक्टर ओभरहेड बापतको १५ प्रतिशत रकम समेत थप गरी लागत अनुमान तयार गरेको पाईयो। कार्यालयले उत्पादकबाट ह्युम पाइप सोभ्कै खरिद गर्दा शिरोभार खर्च १५ प्रतिशत थपी भुक्तानी गर्न मिल्ने नदेखिएको हुँदा उत्पादकलाई भुक्तानी दिएको शिरोभार खर्च रु.७३,९०९/- असुल हुनुपर्दछ।

११. **नर्म्स तथा जिल्ला दररेट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई लागत अनुमान तयार गर्नुपर्दछ। आयोजनाले सार्वजनिक निर्माण सम्बन्धी कतिपय कार्यहरुको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको पालना गरेको देखिएन।

११.१ जिल्ला दररेट रु.२,१०० प्रति घ.मी. रहेकोमा कार्यालयले लागत अनुमान तयार गर्दा ढुङ्गाको मूल्य औषतमा रु.२,७९२ प्रतिघनमिटर राखेको पाइयो। कार्यालयबाट हुने ग्याबियन कार्यमा सबैभन्दा बढी ढुङ्गा प्रयोग हुने, जसको मूल्य मेकानिकल तथा म्यानुअल ढुवानीका कारण सबैभन्दा बढी बढन गई ग्याबियन भर्ने कार्यको लागत सारभूत रुपमा नै अत्यधिक बढ्न गएको सम्बन्धमा आगामी दिनमा कार्यालयले लागत अनुमान तयार गर्दा ध्यान दिनुपर्ने देखियो।

११.२ सिंचाई विभागको नर्म्स अनुसार ट्रकले एक पटकमा ३.७६ क्यूबिक मिटर ढुङ्गा बोक्ने क्षमतालाई आधार मानी प्रति क्यू.मिटरको ढुवानी लागत निकाल्नु पर्नेमा एक पटकमा ३.५ क्यू.मिटर ढुङ्गा बोक्ने क्षमतालाई आधार मानेको कारणबाट ढुवानी गरीने स्थान अनुसार रु.६३.४२ देखि रु. ९५.६७ सम्म प्रतिघनमिटर ढुङ्गाको लागत बढ्न गएको पाइयो। यसरी बढेको मूल्य समेत समाबेश गरी लागत अनुमान तयार गरी सोका आधारमा भुक्तानी समेत भएको पाइएको हुँदा गलत लागत अनुमानका कारण १२ उपभोक्ता समितिहरुलाई बढी भुक्तानी गरेको कारणबाट रु.७,१९,४६८/- थप ब्ययभार परेको देखियो।

१२. **जि.आई तारको गुणस्तर** : कार्यालयले विभिन्न योजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने जी.आई. तारजाली सप्लाईकर्ता फर्मले स्पेशीफिकेशन बमोजिम सप्लाई गर्दा कम्पनीद्वारा जारी गरीएको टेष्ट सर्टिफिकेट पेश गरेको पाईएन, साथै उक्त सामानहरु कार्यालयमा उपलव्ध भएपछि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राबिधिक गुणस्तर परिक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुंदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको यकिन गर्ने आधार प्रमाण देखिएन।

१३. **ढुङ्गाको गुणस्तर** : कार्यालयले बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने ढुङ्गा स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण गरेको पाइएन, साथै प्रयोग गर्नु अघि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राविधिक गुणस्तर परीक्षण

गरेको प्रमाण समेत संलग्न नराखेको हुंदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान सप्लाई भएको छ भन्न सकिएन ।

१४. **गाडी मर्मत** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ उपदफा (१) को खण्ड (क) मा तोकिएको रकमसम्मको फुटकर खरिद कार्य सोझै गर्न सकिने र सोभन्दा बढी सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने व्यवस्था छ । आयोजनाले लागत अनुमान तयार नगरी प्राय: एक दुईवटा फर्मबाट मात्र बर्षभरी नै सिधै गाडी मर्मत गराएको साथै प्रतिश्पर्धा सिमित हुने अबस्था देखिएको कारण गाडी मर्मत कार्य बापतको खर्च रु.१०,३०,७७५/- नियमित देखिएन ।

१५. **मोबिलाइजेशन पेश्की** : आयोजनाले २ फर्मलाई मोबिलाईजेशन पेश्की दिएको रु.४,२५,००,०००।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## प्रगन्ना तथा बड्कापथ सिंचाई डिभिजन, लमही

१. **ऐन नियमको पलना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, वातावरणीय परीक्षण नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी नियन्त्रण खाता नराखेको, त्रृटी सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सूचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, मर्मतको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको लगाएतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक अनुपात मिलाई खर्च गर्नुपर्दछ। आयोजनाले तेस्रो चौमासिकमा रु.२ करोड ५१ लाख २४ हजार (७१.७८ प्रतिशत) खर्च गरेको छ । आषाढ महिनामा रु.२ करोड ५० लाख (७१.४३ प्रतिशत) खर्च गरेको पाइयो । अन्तिम चौमासिकमा बढी खर्च गर्दा कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालना गर्नुपर्ने देखिएको छ ।

३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष डिभिजनले रु.१७,१०,०००।- कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन । अत: कन्टिन्जेन्सीबाट निर्माणसंग सम्बन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

४. **सोझै खरिदमा ओभरहेड थप** : ह्युम पाईप खरिद कार्यको लागत अनुमान तयार गर्दा ठेक्कामा थप गरीने शिरोभार खर्च बापतको १५ प्रतिशत रकम समेत समेत थप गरी लागत अनुमान तयार गरेको पाईयो । कार्यालयले उत्पादकबाट सोझै खरिद गर्दा शिरोभार खर्च थपी भुक्तानी गर्न नमिल्नेमा थप गरी रु.१,१५,७५४/- भुक्तानी दिएको पाईयो । कार्यालयले मालसामान सप्लाईको लागत अनुमान तयार गर्दा बिचार पुऱ्याउनु पर्ने देखिन्छ ।

५. **कर बीजक** : मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार अनुसूची-५ को ढाँचामा कर बीजक जारी गर्नुपर्दछ। नियमानुसार कर बीजक जारी नगरेकोले एक प्रा.लि. लाई भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.४७२७१/- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्दछ।

६. **जि.आई तारको गुणस्तर** : विभिन्न योजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने जी.आई.तारजाली स्पेशीफिकेशन बमोजिम सप्लाई गर्दा कम्पनीद्वारा जारी गरिएको टेष्ट सर्टिफिकेट पेश गरेको पाइएन। उक्त सामानहरु कार्यालयमा उपलव्ध भएपछि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राबिधिक गुणस्तर परिक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको यकिन गर्ने आधार प्रमाण देखिएन।

७. **ढुङ्गाको गुणस्तर** : बिभिन्न आयोजनाहरुको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार ग्याबियन कार्यमा प्रयोग हुने ढुङ्गा स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण भएको प्रमाण पेश गरेको पाईएन। उक्त ढुङ्गाहरु निर्माण स्थलमा पुऱ्याएपछि निर्माण द्वयवसायी र उपभोक्ता समितिहरुले प्रयोग गर्न अघि स्वीकृत गुणस्तरको भए नभएको सम्बन्धमा प्राधिक गुणस्तर परीक्षण गरेको प्रमाण समेत संलग्न नराखेको हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरीय सामान नै सप्लाई भए नभएको यकिन गर्ने आधार प्रमाण देखिएन।

८. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ। कार्यालयले सार्बजनिक निर्माण गर्दा निर्माण गरिने परिमाणको एउटै प्याकेज बनाई दरभाउपत्र वा बोलपत्रबाट खरिद गर्नपर्नेमा रु.१८,७५,७६२।- को कार्यलाई ४ प्याकेज बनाई सोझै कार्य गराइ खर्च लेखेको नियमित देखिएन।

९. **जिल्ला दररेट सम्बन्धमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। कार्यालयले ढुङ्गाको मूल्य तय गर्दा जिल्ला दररेटमा उल्लेख भएको रु.२,१००/- प्रतिघनमिटरको पालना गर्नुपर्नेमा सम्पूर्ण योजनामा ढुङ्गाको दर प्रतिघनमिटर २,४५२।४० राखी लागत अनुमान तयार गरेको पाइयो। यसरी स्वीकृत जिल्ला दररेटको पालना नहुदा सार्बजनिक निर्माणको लागत बढ्न जाने हुने हुदा सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

## भूमिगत जल सिंचाई व्यवस्थापन डिभिजन, लमही

१. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, वातावरणीय परीक्षण नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी नियन्त्रण खाता नराखेको, त्रृटी सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, मर्मतको अभिलेख नराखेको, कार्य सम्पन्न प्रमाण पत्र नदिएको, मूल्य नखुलेका सामानको मूल कायम नगरेको, खर्च नहुने प्रकृतिका सामान खर्च भएर जाने जिन्सी खातामा आम्दानी बांधेको लगाएतका व्यहोरा देखिएका छन। उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ।

२. **पूँजीगत खर्च स्थिति** – स्वीकृत कार्यक्रम अनुसार चौमासिक अनुपात मिलाई खर्च गर्नुपर्दछ। डिभिजनले कुल पूँजीगत तथा कार्यक्रम खर्च रु.६१६२४ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.४४९३८००० (७२.९२ प्रतिशत) खचं गरेको छ भने आषाढ महिनामा रु.२०,५३०००० (३३.३१ प्रतिशर्त खचं गरेको पाइयो । आषाढ महिनामा मात्र बढी कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष डिभिजनले रु. २४६७ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो। जुन सम्बन्धित योजनाहरुको यस वर्षको कूल विनियोजनको ३.४२ प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको ४ प्रतिशत हुन आउंछ। वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । ठेक्कागत कन्टिन्जेन्सी खर्चको विवरण नराखी बजेट उपशीर्षकगत विवरण मात्र राखेको पाइयो। अत: ठेक्काको लागत अनुमानको तुलनामा खर्च भएको कन्टिन्जेन्सी खर्च विश्लेषण गर्न सकिएन ।

४. **कार्यक्रमभन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम स्वीकृत वजेटको अधिनमा रही तोकिएको कार्यमा खर्च गर्नूपर्नेमा उल्लेख छ। स्वीकृत कार्यक्रममा ३ मर्मत कार्यको लागि रु.१८,००,०००/- बजेट व्यवस्था भएकोमा १० मर्मत कार्य गरी रु.२१,९४,६२७/- खर्च भएको छ । स्वीकृत कार्यक्रमभन्दा बढी खर्च गरेको रु.३,९४,६२७/- नियमसम्मत् देखिंदैन ।

५. **पाइप तथा फिटिङ खरिद** : स्वीकृत कार्यक्रममा विभिन्न स्थानमा डिप ट्युववेल निर्माण, स्यालो ट्युववेल, वितरण प्रणाली तथा स्ट्रक्चर निर्माण मर्मत कार्य गर्न वजेट व्यवस्था भएको देखिन्छ । डिभिजनले डिप ट्युववेल, स्यालो ट्युवेल, वितरण प्रणालीका लागि भनी विभिन्न साइजका पि.भि.सी. पाईप, समरसिवल पम्प, एम.एस.पाईप, केसिङ पाईप जस्ता निर्माण सामग्रीहरु १६ बिक्रेताबाट रु.४३,५४,९९९/- खरिद गरेको देखियो । खरिद भएका सामाग्रीहरु स्टोरबाट माग बमोजिम वितरण भएको कार्यालय जनाए तापनि तोकिएको कार्यका लागि खरिद गरी सोही कार्यमा मात्र उपयोग हूने गरी निर्माण कार्य गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

६. **पावर ड्रिल स्यालो ट्युववेल जडान** : यो वर्षको स्वीकृत कार्यक्रममा जिल्लाका लागि २५ पावर ड्रिल स्यालो टयुववेल जडान गर्न रु.५० लाख वजेट व्यवस्था भएको देखियो । डिभिजनले १९ वटा पावर ड्रिल विभिन्न उपभोक्ता समिति मार्फत जडान गरी रु.३४,१८,२४२/- खर्च लेखेको छ भने १० वटाको लागि ४ वटा विक्रेताको बिलवाट सामाग्री खरिद गरी रु.१३,८५,७०१/- खर्च लेखेको देखियो । स्वीकृत कार्यक्रमभन्दा बढी हुने गरी स्टकको लागि सामान खरिद गर्नु उचित देखिएन । साथै डिभिजनले २ वटा उपभोक्ता समितिलाई वास्तविक स्यालो ट्युववेल जडान गर्दा लाग्ने एम.एस.पाईपर वोल्डिङ सकेटको भन्दा बढी परिमाणको रु.६९,१७०/-

भूक्तानी भएको देखियो । कार्य सम्पन्न भन्दा बढी भूक्तानी भएको परिमाण उपभोक्ता समितिसंग फिर्ता माग गरी हिसाव मिलान हूनूपर्दछ ।

७. **कार्यक्रम संशोधन** : यो वर्षको स्वीकृत कार्यक्रमा ओभरहेड टयांङ्की निर्माण गर्ने कार्यक्रम स्वीकृत भएको देखिदैन । डिभिजनले एक निर्माण सेवा तथा सप्लायर्सलाई ओभरहेड टयाङ्की निर्माण बापतको अन्तिम किस्ताको रकम रु.५,८८,४००/- भूक्तानी भएको छ । स्वीकृत कार्यक्रममा उल्लेख नभएको संशोधित कार्यक्रम स्वीकृत नगराई खर्च लेखेको नियमसम्मत् देखिएन ।

८. **स्यालो ट्यूववेल जडान** : एक ड्रिलिङ कम्पनीलाई एक जल उपभोक्ता संस्था सदस्यहरुलाई उपलब्ध गराउने गरी ७ स्यालो ट्युववेल जडान खर्च बापत रु.४,००,४८३/- भूक्तानी भएको देखियो । उक्त जल उपभोक्ता संस्थासंग ५० स्यालो ट्युववेल जडान गर्न सम्झौता भै कार्यसम्पन्न भैसकेको अवस्थामा पून: सोही जल उपभोक्ता संस्थाका सदस्यहरुलाई ७ वटा बनाउन निर्माण व्यवसायी परिचालन गर्न उपयूक्त देखिएन । यस प्रकारको कार्यमा नियन्त्रण हून जरुरी देखियो ।

९. **डिप ट्यूबबेल निर्माण** : कार्यालयले हर्नामपुर-८, कपिलबस्तुमा डिप ट्युबबेल निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानको आईटम नं.३ मा Roming या pilot hole by std. bit upto required size ७ depth all complete कार्यको कार्य परिमाण १२० मिटर प्रतिमिटर रु.२,३६७/- (मूल्य अभिवृद्धि कर बाहेक) का दरले राखी अन्य आईटम र अफिसबाट सप्लाई हुने Casing पाईपको समेत रु.१७,३८,१३७/- (मूल्य अभिवृद्धि कर सहित) को लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्तका लागि दरभाउपत्र आह्वान गर्दा Bidding Document मा उक्त नामको आईटमवाईज कार्य छुटाएको पाईयो । उक्त ठेक्कामा सबैभन्दा घटी कबोल गर्ने एक निर्माण व्यवसायीको रु.१७,२८,५३८/- (मूल्य अभिवृद्धि कर सहित) कबोल गरेको दरभाउपत्र स्वीकृत भएको देखिन्छ । उक्त फर्मले बि.ओ.क्यू.मा छुट भएको आईटमवाईज कार्यमा उल्लिखित काम नगरेको अवस्थामा समेत लागत अनुमानको हाराहारीमा नै निर्माण व्यवसायीलाई भुक्तानी भएको कारण राज्यलाई रु.३,२०,९९४/- थप ब्ययभार पर्न गएको हुँदा ठेक्का प्रकृया नियमसम्मत् देखिएन ।

## जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पदछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेका, नापी नियन्त्रण खाता नराखेको, लिलाम एवं मर्मत गर्नुपर्ने मालसामानहरु नियमावलीले तोकेको अवधि भित्र लिलाम वा मर्मत गरेको पाइएन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक अनुपात मिलाई खर्च गर्नुपर्दछ । कार्यालयले कुल पूँजीगत खर्च रु.३ करोड ८९ लाख ५० हजार खचं गरेकोमा तेस्रो चौमासिकमा रु.२ करोड १६ लाख ३० हजार (५५.५३५) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१ करोड ६२ लाख ५२ हजार (४१.७२५) खर्च गरेको पाइयो । आषाढ महिनामा मात्र ६४.४४५ कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन/सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **बोलपत्र तथा ठेक्का व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नुपर्ने व्यवस्था भएकोमा विभागले उल्लिखित अवधिभित्र ठेक्कापट्टाको कार्य सम्पन्न गरेको पाइएन । कार्यालयबाट तेस्रो चौमासिकमा मात्र २ ठेक्का व्यवस्था गरेको पाइयो । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

४. **वनको सुरक्षा** : वन सुरक्षाको लागि ४० सशस्त्र वन रक्षकको दरबन्दी रहेकोमा ४० नै रिक्त रहेका छन । रिक्त रहेकामध्ये ७ करारमा रहेका छन । दरबन्दी अनुसार सहायक वन रक्षकको पदपूर्ति भएको छैन । वनको सुरक्षाको लागि रिक्त दरबन्दी पदपूर्ति गरी वन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

५. **वन मुद्दा**: वन विभागको कार्यविधि, २०६१ बमोजिम वन पैदावार सम्वन्धी चोरी निकासी र बन्य जन्तु सम्बन्धी चोरी शिकारी मुद्दा २ वर्षभित्र फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयमा गत बर्षसम्मको फर्छौट हुन बांकी मुद्दा थान ८३ र यस वर्ष दर्ता भएको मुद्दा थान २५ समेत जम्मा १०८ थान मुद्दामध्ये ३३ थान फछ्र्यौट भई ७५ थान फछ्र्यौट हुन बांकी देखियो । कार्यालयबाट प्राप्त विवरण अनुसार २ वर्ष नाघेको मुद्दा २६ वटा रहेका छन । तोकिएको समयमा मुद्दाको फछ्र्यौट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

६. **अतिक्रमण** : वन अतिक्रिमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधी अपनाई कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउनुपर्दछ ।

६.१. कार्यालयबाट प्राप्त विवरण अनुसार २०२६ सालदेखि २०७३ सालसम्म विभिन्न गाउं विकास समिति तथा नगरपालिकाहरूको २२२ स्थानमा २६५०.८० हेक्टर बन क्षेत्र अतिक्रमण भएको पाईयो । कार्यालयले ५ स्थानको ६४ हेक्टर जग्गा मात्र अतिक्रमण हटाउन प्रयास गरेको बिवरणबाट देखिन्छ । वातावरणीय सन्तूलन कायम गर्न वन कार्ययोजना बमोजिम अतिक्रमण हटाउन आवश्यक पहल गर्नूपर्दछ ।

६.२. नेपाल सरकारको अनुमति विना वन क्षेत्रभित्र कुनै उद्योग सञ्चालन गर्न पाइँदैन । जिल्ला स्थित एक सामुदायिक वन क्षेत्रभित्र एक प्रा.लि.ले क्रसर उद्योगका लागि वन क्षेत्र अतिक्रमण गरी क्रसर उद्योग सञ्चालन गर्दै आएको पाइएकोले सो अतिक्रमण हटाउन कार्यालय तथा तालुक निकायले आवश्यक पहल गर्नुपर्ने देखियो ।

७. **उपभोक्ता समूहको अनुगमन** : सामुदायिक वन उपभोक्ता समूहहरुबाट नियमित रुपमा प्रतिवेदनहरु प्राप्त गरी समितिको क्रियाकलापहरुको अनुगमन गर्नुपर्नेमा निम्नानुसार देखिएको छः

७.१. वन ऐन, २०४९ को दफा ४४ अनुसार सामुदायिक वन उपभोक्ता समितिले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र तोकिएबमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो कृयाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था अनुसार जिल्लामा रहेका ५१२ सामुदायिक वन समूहमध्ये १७८ को २०७२।७३ वार्षिक प्रतिवेदन समेत प्राप्त भएको देखिएन ।

७.२. वन नियमावली, २०५१ को नियम ३६ अनुसार आफ्नो आम्दानी खर्चको वार्षिक लेखापरीक्षण गराई सो प्रतिवेदनको एकप्रति जिल्ला वन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । जिल्लामा रहेका ५१२

सामुदायिक वन समूहमध्ये कार्यालयको अभिलेख अनुसार लेखापरीक्षण अवधिसम्ममा ३३४ समूहले मात्र २०७२।७३ को लेखापरीक्षण गराएको पाइयो ।

७.३. वन ऐन, २०४९ को दफा ३०(क) ले सामुदायिक बन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको आयबाट कम्तिमा २५ प्रतिशत रकम सामुदायिक वनको विकास संरक्षण व्यवस्थापन कार्यमा खर्च गर्नुपर्ने र बाँकी रकम अन्य विकास कार्यमा खर्च गर्न सक्ने उल्लेख छ । यसबर्ष कार्यालयले ४४९ सा.ब.उ.स.हरुको अनुगमन गरेकोमा केहि समूहहरुले मात्र आयको २५ प्रतिशत रकम वन विकास कार्यमा खर्च गरेको पाइएको हुँदा ऐनबमोजिम वनको विकास संरक्षण व्यवस्थापन कार्यमा खर्च गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

८. **काठ दाउराको गुणस्तर** : संकलन गरी घाटगद्दी गरीएका काठ दाउरा समयमै बिक्री बितरण गर्नुपर्दछ । कार्यालयले राखेको अभिलेख अनुसार २०७३ असार अन्त्यमा साल तथा अन्य जातका ३४,३०८.१४ घनफिट काठ र ५९.२५ चट्टा दाउरा मौज्दात रहेको देखिन्छ । घाटगद्दी गरिएका काठ समयमै बिक्री बितरण हुन नसकेको कारण काठ कुहिने, चोरी हुने, गुणस्तर कम हुदै जाने भएकोले कार्यालयले संकलित काठको सुरक्षा प्रबन्ध गरी समयमा लिलाम बिक्री गर्न पहल गर्नुपर्ने देखिन्छ ।

९. **वन पैदावार आपूर्ति समितितर्फ** : सामुदायिक वन उपभोक्ता समूहलाई गत वर्षको कटान मुछान तथा सङ्कलन खर्च बापत रु.१२,२०,५७२/- भुक्तानी दिएकोमा गत आर्थिक वर्षमा निजहरुलाई भुक्तानी दिन बाँकी भएको वित्तीय विवरणबाट देखिएन । भुक्तानी दिन बाँकी नदेखाइएको रकम भुक्तानी दिएकोले नियमसम्मत् देखिएन ।

१०. **कार्यबिधि अनुसार खर्च नभएको** : लमही घोराही १३२ के.भी प्रशारण लाइन आयोजनाले जिल्ला वन कार्यालयलाई गत २०७२ आषाढमा २४.८५ हेक्टर जग्गामा वृक्षारोपण संरक्षण र सम्वर्धन गर्न लाग्ने लागत अनुमान अनुसारको रकम रु.५६,१६,२९७- दिएको देखियो । मन्त्रिपरिषद्ले नेपाल विद्युत प्राधिकरणसँग गरेको २०७१।१०।२ सम्झौताको निर्णय नं.५ मा आयोजनाले हटाउनुपर्ने रुखहरु १९,८७६ को १ बराबरको २ वृक्षारोपण गर्नुपर्ने सो गर्न आयोजनाले नसकेमा विद्युत प्राधिकरणले वृक्षारोपन गर्न र ५ वर्षसम्म वृक्षरोपन क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न लाग्ने खर्च जिल्ला वन कार्यालयलाई उपलब्ध गराएको रकम २०७१।३।२० को मन्त्रिपरिषदको निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयले अनुमोदन गरेको कार्यविधि अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले सो कार्यविधि बेगर नै प्राप्त रकममध्ये रु.३६,६५,७८४।- नेपाल सरकारलाई प्राप्त भएको रकम राजस्वमा आम्दानी बाँधी स्वीकृत बजेटको अधिनमा रही कार्ययोजनाको आधारमा खर्च गर्नुपर्ने भएगरेको देखिएन । कार्यालयले प्राप्त रकमबाट कार्यविधि तथा कार्ययोजना बेगर खर्च भएकोले नियमसम्मत् देखिएन ।

११. **जग्गा उपलब्धि तथा वृक्षारोपण** : लमही घोराही १३२ के.भी प्रशारण लाइन र नेपाल सरकारबीच भएको सम्झौतामा भौतिक संरचना निर्माण गर्दा ओगट्ने ०.९४ हेक्टर जमिन खरिद गरी १ वर्ष भित्र उपलब्ध गराउने उल्लेख छ। उक्त खरिद भएको क्षेत्रमा वृक्षारोपन गरी ५ वर्षसम्म संरक्षण र सम्बर्द्धन गर्नुपर्ने सम्झौतामा उल्लेख भएकोमा हालसम्म आयोजनाले जग्गा खरिद गरी उपलब्ध गराएको छैन । सम्झौताको शर्त पालना गराउन कार्यालय तथा तालुक निकायले ध्यान दिनुपर्ने देखियो ।

१२. **कुसुम हापुरे १३२ के.भी प्रशारण लाइन** : नेपाल विद्युत प्राधिकरणको लागि बाँकेको कुशुम देखि को पञ्चकुले हापुरेसम्मको सामुदायिक वनले चर्चेको ४.५९ हेक्टर र राष्ट्रिय वनले चर्चेको १६.३४ हेक्टर जग्गा लिजमा दिन नेपाल सरकार र विद्युत प्राधिकरणबीच २०६९।५।५ मा बढीमा २५ वर्षको लागि सम्झौता भएको थियो । उक्त सम्झौताको अध्ययन परीक्षणबाट निम्न व्यहोरा देखियो ।

१२.१. सम्झौता नम्बर २६०।५।५ को दफा ७ मा आयोजनाले समेटेको २०.९३ हेक्टर जग्गा र सोमा भएका ५४८ रुखको क्षतिपूर्ति स्वरुप १:२५ का दरले वृक्षारोपन गरी कूल ३० हेक्टरमा आयोजनाले आफ्नै खर्चमा वृक्षारोपण गर्नुपर्ने र ५ वर्षसम्म संरक्षण र सम्बर्द्धन गर्नुपर्ने उल्लेख छ । उक्त सम्झौता अनुसारको कार्य गर्न नसकेमा आयोजनाले जिल्ला वन कार्यालयलाई वृक्षारोपण संरक्षण र सम्बर्द्धन बापत लागत अनुमान अनुसार प्रतिहेक्टरको लागि तारवार गर्न रु.३३,६०,२१६।- विरुवा उत्पादनको लागि रु.१,००,०००।- र वृक्षारोपन तथा ५ वर्षसम्मको संरक्षण र सम्बर्द्धनको लागि रु.२३,८६,५४५।– लगायत रु.६३,४६,७६१।- बुझाउनुपर्नेमा आयोजनाले यो वर्ष रु.११,००,०००।- मात्र बुझाएकोले बाँकी रु.५२,४६,७६१।- असुल गरी दाखिला हुनुपर्दछ ।

१२.२. आयोजनाले वृक्षारोपन, विरुवा उत्पादन र तारवार लगाउन दिएको रु.११,००,०००।- कार्यालयले राजस्व दाखिला गरी कार्य योजना तर्जुमा गरी बजेट मार्फत वृक्षारोपन संरक्षण र सम्बर्द्धन गर्नुपर्नेमा फ्रिज नहुने ख–६ खातामा राखि कार्य योजना स्वीकृत नगरी खर्च लेखेको पाइयो । प्राप्त रकम कार्य योजना स्वीकृत नै नगरी खर्च गरेकोले नियमसम्मत् देखिएन ।

१३. **घाटगद्दी कोष** : घाटगद्दी कोषबाट यो वर्ष कटान मुछान तथा सङ्कलन बापत रु.२,१५,१०७।- खर्च भएको र गत वर्षको लिन बाँकीमध्ये रु.५,२२,३२६।- असुल भएको छ । यो वर्ष खर्च भएको रु.२,१५,१०७/- कोषमा फिर्ता प्राप्त नभएकोले असुल गरी कोषमा सोधभर्ना दाखिला हुनुपर्ने देखिएको छ ।

१४. **जग्गा तथा वृक्षारोपण** : एक प्रा.लि र नेपाल सरकारबीच चुन ढुङ्गा उत्खननका लागि ३० वर्षसम्म जिल्लाको ३२.२ हेक्टर जग्गा भोगाधिकार दिने गरी २०६९।६।१२ मा सम्झौता भएको देखियो । सम्झौताको दफा ९ मा रुखहरु हटाए बापत वृक्षारोपण गर्नुपर्ने १:२५ का दरले १७५ हेक्टर र वृक्षारोपण गरी ५ वर्षसम्म स्याहार सम्भार र संरक्षण गरी जिल्ला वन कार्यालयलाई बुझाउनुपर्ने, उक्त कार्य गर्न नसकेमा लाग्ने लागत अनुमान बमोजिमको रकम सम्बन्धित जिल्ला वन कार्यालयलाई उपलब्ध गराउनुपर्ने उल्लेख छ । त्यस्तै आयोजना कार्यान्वयन गर्ने ३२.२ हेक्टर ५ वर्षभित्र खरिद गरी रजिष्ट्रसन समेत पास गरी सो जग्गामा समेत वृक्षारोपण, संरक्षण र सम्बर्द्धन गरी जिल्ला वन कार्यालयलाई बुझाउनुपर्ने उल्लेख भएकोमा उक्त आयोजनाले हालसम्म जग्गा खरिद गरी हस्तान्तरण कार्य नगरेकोमा वृक्षारोपण गर्दा जिल्ला वन कार्यालयले तयार गरेको नर्म्स तथा लागत अनुमान अनुसार संरक्षण खर्च, विरुवा उत्पादन खर्च, तारवार खर्च समेत हुने रु.३,८०,००,१०५।- असुल गरी वन कार्यालय आफैले वृक्षारोपण तथा संरक्षण सम्बर्द्धन गर्नुपर्नेमा हालसम्म गरेको देखिएन। सम्झौता बमोजिमको जग्गा र वृक्षारोपण तथा संरक्षण सम्बर्द्धन खर्च अविलम्ब माग गर्ने तथा तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो ।

१५. **सिमेन्ट उद्योग लिज** : सिमेण्ट इन्डष्ट्रिजलाई जिल्लाको पुरन्धारा गाउँ विकास समितिमा ५८.३७५ हेक्टर र सल्यान जिल्लाको काभ्रा गाउँ विकास समितिमा ४१ हेक्टर गरी ९९.३७५ हेक्टर वन क्षेत्रबाट चुनढुङ्गा खनिज उत्खनन गर्नको लागि बढीमा ४० वर्ष भोगाधिकार दिने गरी २०६४।२।२० मा सम्झौता भएको देखियो । सम्झौता अनुसार वन क्षेत्रका रुखहरु वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण गरी जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने, उद्योगले चुनढुङ्गा सम्बन्धी उत्खनन कार्य तीन वर्षभित्र शुरु गरिसक्नुपर्ने सो अवधिभित्र नगरेमा अनुमति स्वतः रद्द हुने व्यहोरा सम्झौतामा उल्लेख भएकोमा ९ वर्ष वितिसक्दा पनि उत्खनन कार्य नगरेकोले अनुमति रद्द गर्नुपर्नेमा गरेको देखिएन । सम्झौता पालना गर्ने गराउने तर्फ कार्यालय तथा तालुक निकायले ध्यान दिनुपर्ने देखियो ।

१६. **बढी खर्च** : सामुदायिक वन उपभोक्ता समूहको अनुगमन निरीक्षण सम्बन्धी पुस्तक छपाउन रु.५०,०००।- बजेट व्यवस्था भएकोमा रु.१,१५,०००।- खर्च लेखेको पाइयो । स्वीकृत बजेटको

अधिनमा रही तोकिएको कार्यमा खर्च गर्नुपर्नेमा स्वीकृत बजेटभन्दा बढी खर्च गरेको देखियो । बजेटको परिधिभित्र रही खर्च गर्न कार्यालयले ध्यान दिनुपर्ने देखियो ।

१७. **राजस्व दाखिला हुनुपर्ने रकम** : गढवा सेक्टर गंगदी इलाका वनकार्यालय अन्तर्गत राजपुर गाउं विकास समिति ९, भैसाहीमा पर्ने एक सामुदायिक वनको काठ लिलाम विक्रीमा अनियमितता गरेकोले सामुदायिक वनले सङ्कलन गरेको काठ ९३६०.९३ घनफिट र १०.५ चट्टा दाउरा जिल्ला वन कार्यालयले आफ्नो मौज्दातमा देखाई प्रगति विवरणमा देखाएको छ । सामुदायिक वन उपभोक्ता समूहले अनियमितता गरेकोले ग्रेडिङ जाँच गराई राष्ट्रिय वनको प्रक्रिया अनुसार लिलाम विक्री गर्न २०७०।१२।१३ मा निर्णय गरेको छ। कार्यालयले जफत भै लिलाम विक्री भएको काठ दाउरा विक्रीबाट प्राप्त रकम रु.६१,८५,३६५।- मध्ये रु.५,६३,७६१।- मात्र राजस्व दाखिला गरी बाँकी रकम रु.५६,२१,६०४।- समुदायलाई नै विभागको पत्रको आधारमा फिर्ता गरेको छ । जफत भै लिलाम विक्रीको रकम सामुदायिक वनलाई फिर्ता दिन मिल्ने नदेखिएकोले असुल गरी राजस्ज दाखिला हुनुपर्दछ ।

१८. **घटी राजस्ज असुल** : एक गल्ला पसललाई टिमुर फल, सुगन्ध कोपिला/मलागेडी, काउलो पावन बोक्रा, तेजपात, दालचिनीको बोक्रा सङ्कलन गर्न २०७२।७।१० मा इजाजत दिंदा वन नियमावलीको दर अनुसार रु.५४,९४७- असुल गर्नुपर्नेमा रु.४९,९४७- मात्र असुल गरेकोले घटी असुल भएको रु.५,०००।- दाखिला गर्नुपर्दछ ।

१९. **अमानतबाट कार्य गराएको** : सावंजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एकतह माथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र यस नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्नेछ । उपरोक्ता प्रक्रिया नपुऱ्याई कार्यालयले ६ वनमा तारवार गर्ने कार्य अमानतबाट गराई रु.६०,९०,०१४/- खर्च लेखेको नियमसम्मत् देखिएन ।

२०. **सोभ्कै खरिद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरीद गर्न हुंदैन भन्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा तीन लाख रुपैयाभन्दा बढी रकमको सामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट पटक पटक खरिद गर्न सकिने छैन भनि उल्लेख गरेको छ। तर यस कार्यालयले अमानतबाट कार्य गराउदा एक फर्मबाट रु.१३,२१,०८३/- को निर्माण सामग्री पटक पटक गरी तीन लाखभन्दा बढीको सामान साभ्कै खरिद गरेको पाइयो । जसले गर्दा नियमावलीले व्यवस्था गरेको प्रावधान अवलम्वन गरेको देखिएन ।

२१. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार कार्यालयले रु.६,६२,२१८।- भुक्तानी गर्दा रु.९,९३३/- कर कट्टी नगरेकोले कट्टी गरी दाखिला गर्नुपर्छ ।

२२. **कार्यक्रम बेगरको खर्च** : यस कार्यालयले पुरन्धारा ईलाका वन कार्यालयको भवन निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसंग रु.१८,०५,७२९।- (भ्याट वाहेक) मा काम गर्ने सम्भ्कौता गरी उक्त ठेकेदारले रु.१७,५३,१९७- (भ्याट बाहेक) कार्य सम्पन्न गरेको छ । कार्यालयले कार्यक्रम स्वीकृति बेगर बचत रकमबाट सोही भवनको थप कार्य गराउन अर्को एक निर्माण व्यवसायीसंग रु.४,३९,६४४।- को सम्भ्कौता गरी काम सम्पन्न गरेको छ । यसरी कार्यक्रम बेगर गरेको कार्य नियमसम्मत् देखिएन ।

२३. **बिलभन्दा वढी खर्च** : कार्यक्रम सञ्चालन गर्दा रु.४३,७५०।- खर्च लेखी पेस्की फछ्र्यौट गरिएकोमा रु.३८,७००।- बराबरको मात्र बिल भरपाई श्रेष्तासाथ सम्लग्न देखिएकोले बढी खर्च लेखिएको रु.५,०५०।- असुल हुनुपर्दछ ।

२४. **अमानतबाट कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ अनुसार सार्वजनिक निकायले अमानतबाट काम गर्न एकतह माथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने ब्यवस्था गरेको

छ। अमानतबाट निर्माण कार्य गर्नुपरेमा त्यस्तो काम १ लाख रुपैयामा नबढाई बार्ताबाट वा आवश्यक निर्माण समाग्री खरिद गरी ज्यालामा काम गराउन सकिने कुरा उल्लेख छ । त्यस्तै नियमावलीको नियम ८४(१) मा २० लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य शिलवन्दी दरभाउपत्र आह्वान गरी गर्नसकिने व्यवस्था छ । यसरी सार्वजनिक खरिद नियमावलीको उपरोक्त प्रावधान विपरीत भएको २ वनको तारवार लगाउने कार्यमा भएको खर्च रु.१७,९२,७३४/- नियमसम्मत् देखिएन ।

२५. **धरौटी** : आवश्यक प्रमाण संलग्न गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ ।

२५.१. **दाखिला** : एक स.मिलले तोकिएको रुख १९३ मध्ये १६३ मात्र कटान गरेकोले धरौटी फिर्ता गर्दा रु.३,०००/- राजस्व दाखिला गरी बाँकी रकम धरौटी फिर्ता दिने उल्लेख भएकोमा राजस्व दाखिला नगरी फिर्ता भएकोले बढी फिर्ता भएको रकम असुल हुनुपर्दछ ।

२५.२. **धरौटी फिर्ता** : लिलाम सकारकर्ताले राखेको धरौटी फिर्ता गर्दा निजले घाट गद्दीबाट काठ दाउरा छोडपुर्जी लिएपछि आयकर तिरेको र मूल्य समायोजन गरेको आन्तरिक राजस्व कार्यालयको पत्रको आधारमा फिर्ता दिनुपर्छ । कार्यालयले ७ लिलाम सकारकर्तालाई रु.४७,२४,८३५।- आन्तरिक कार्यालयमा कर विवरण पेश गरेको तथा मूल्य समायोजन गरेको प्रमाण पेश नभै धरौटी फिर्ता गरेकोले कर तिरेको वा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

२६. **मोबिलाइजेशन पेश्की** : कार्यालयले ८ कर्मचारीलाई सार्वजनिक निर्माण कार्य सञ्चालनका लागि मोबिलाईजेशन पेश्की रु.३,१२,९२०।- दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्छ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको लगाएका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

२. **पूँजीगत खर्च स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक अनुपात मिलाई खर्च गर्नुपर्दछ। कार्यालयले कुल पूंजीगत तथा कार्यक्रम खर्च रु.५ करोड ८७ लाख ४७ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.३ करोड ७३ लाख १० हजार (६३.५१ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा रु.२ करोड ४३ लाख ५ हजार (४१.३७ प्रतिशत) खर्च गरेको पाइयो । अघिल्लो दुई चौमासिकसम्म केवल ३६. ४९ प्रतिशत कार्य सम्पादन गर्ने र आषाढ १ महिनामा मात्र ४१.३७ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य प्रगति** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ । जलबायु परीवर्तन अनुकुलन योजना, कृषि प्रसार टेवा आयोजनाबाट सञ्चालित विभिन्न कार्यक्रममा वार्षिक भौतिक तथा भारित प्रगति ० देखि १०० प्रतिशत भएको देखियो । ५ कार्यक्रममा शून्य प्रगति र २ कार्यक्रममा ४० प्रतिशत प्रगति भएको छ भने अन्य ६७ कार्यक्रममा ७५ प्रतिशतभन्दा कम प्रगति भएको देखिन आएको छ । लक्ष्य अनुसार प्रगति हासिल गर्ने थप प्रयास गर्नुपर्ने देखिन आयो ।

४. **कार्यक्रम फरक पारी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कार्यालयले स्वीकृत बजेटको अधिनमा रही तोकिएको शीर्षकमा खर्च गर्नुपर्दछ। कार्यक्रम फरकपारी खर्च गर्नुपर्दा तोकिएको निकायबाट कार्यक्रम संशोधन हुनुपर्नेमा निम्नानुसारका खर्च गर्दा कार्यक्रम संशोधन गरेको पाइएन ।

४.१. कृषि विकास कार्यालयको कम्पाउण्ड भित्र पिसिसि ढलान र पेटी लगाउने कार्य गरी रु.१,१४,३४३/- खर्च लेखेको देखियो । पूँजीगत शीर्षकमा उक्त खर्च नभएको र २२२१२ र २२३२१ खर्च शीर्षकबाट खर्च लेखेको पाइयो । स्वीकृत कार्यक्रममा नभएको मर्मत शीर्षकबाट खर्च लेखेकोले सम्बन्धित शीर्षकबाट खर्च लेख्नेतर्फ ध्यान दिनुपर्ने देखियो ।

४.२. विरुवा वितरण भर्पाइको आधारमा तोकिएको हेक्टर क्षेत्रमा व्यवसायिक वगैचा स्थापना भएको पुष्टि हुन सक्ने नदेखिएकोले बगैचा स्थापना भएको प्राविधिक पुस्ट्याई सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

४.३. स्वीकृत कार्यक्रममा कृषि भवन तुलसीपुर वरिपरी पर्खाल लगाउने कार्यक्रम देखिदैन । कार्यालयले भवनको बचत रकमबाट रु.४५,३४,४४४।- को पर्खाल लगाउँदा कार्यक्रम संशोधन भएको पाइएन । संशोधित कार्यक्रम पेश गर्नुपर्छ ।

४.४. स्वीकृत क्षेत्र बाहिर घोराहीमा रु.३०,०००।- को माछाको भुरा वितरण गरेकोमा कार्यक्रम संशोधन गराएको पाइएन । तोकिएको कार्यक्षेत्रभन्दा फरक पारी कार्यक्रम सञ्चालन गरीएकोले सो कार्यक्रममा भएको खर्च नियमसम्मत् देखिएन ।

५. **विज वितरण कार्य** : एक प्राविधिक सहायकले गहुँको विज वितरण गर्ने स्वीकृत कार्यक्रम अन्तर्गत लिएको पेश्की रु.१,७१,०००।- फछ्र्यौट भएका बिल भर्पाइ परीक्षण गर्दा निम्न व्यहोरा देखियो :

५.१. स्वीकृत कार्यक्रममा ४५ हेक्टरमा विज वृद्धि गर्न रु.२,२४,०००।- बजेट व्यवस्था भएकोमा २२.५ हेक्टरका लागि विज वितरण गरेको भर्पाइका आधारमा ३९ मेट्रिक टन विभिन्न प्रकारको गहुँ खरिद गरी ढुवानी सहित रु.१,७१,०००।- खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रमका आधारमा प्रतिहेक्टर ४९७८ का दरले २२.५ हेक्टरका लागि रु.१,१२,०००।- खर्च लेख्नुपर्नेमा रु.१,७१,०००।- खर्च लेखेकोले कार्यक्रमभन्दा बढी खर्च लेखेको देखियो ।

५.२. स्वीकृत कार्यक्रमका आधारमा ४५ हेक्टरमा विज वृद्धि गर्नुपर्नेमा २२.५ हेक्टर मात्र विज वृद्धि गरेको उल्लेख छ । वितरणको भर्पाइको आधारमा मात्र २२.५ हेक्टरमा विज वृद्धि भयो भन्ने आधार छैन आधिकारिक रुपमा २२.५ हेक्टरमा गहुँको विज वृद्धि भएको पुष्टि गर्नुपर्नेमा गरेको देखिएन । लक्ष्य अनुसार कार्य भएको आधार पेश गर्नुपर्दछ ।

६. **शीर्षक फरक पारी खर्च** : कार्यालयले यो वर्ष सि.सि टिभी २, इन्टरकम, टाइम एटेन्डेन्स मेशिनको खरिद गरी रु.६,७१,६००।- पूँजीगत शीर्षकबाट खर्च लेख्नुपर्नेमा जिल्ला विकास समितिबाट कार्यक्रम स्वीकृत गराउँदा कार्यक्रम अन्यबाट स्वीकृत गराई रु.६,७१,६००।- खर्च लेखेकोले तोकिएको शीर्षकमा खर्च भएको छैन । यस प्रकारबाट खर्च लेख्दा आर्थिक अनुशासन कायम नहुने हुँदा यसतर्फ सुधार गर्न कार्यालयले ध्यान दिनुपर्ने देखियो ।

७. **बढी खर्च** : कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्समा सिडविन विउ भण्डारण ड्रम रु.४९४५/- का दरले खरिद गर्ने र सोको ७५ प्रतिशत खर्च नेपाल सरकारले व्यहोर्ने र बाँकी २५ प्रतिशत कृर्षकले व्यहोर्ने उल्लेख छ। कार्यालयले यो वर्ष खरिद गरेका १० सेट ड्रम रु.८,०८०।- का दरले खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गरेको देखियो । नर्म्स अनुसार रु.४,९४५।- का दरले खरिद गरी ७५ प्रतिशत अनुदानमा रु.३७,०८७।- खर्च लेख्नुपर्नेमा रु.८,०८०।- का दरले खरिद गरी ५० प्रतिशत अनुदानमा रु.४०,४००।- खर्च लेखेकोले रु.३,३१३।- थप आर्थिक दायित्व बढाएको देखियो ।

८. **बढी अनुदान भुक्तानी** : कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्समा कार्यक्रमको लागि कार्यालयले व्यहोर्ने अंश स्पष्ट उल्लेख गरेको छ । नर्म्समा उल्लेख भएको अंश भन्दा बढी अंश खर्च लेख्न मिल्ने गरी जिल्ला विकास समितिबाट कार्यक्रम स्वीकृत गराएको देखियो । कार्यालयले मौरीघार र स्प्रे वितरण कार्यक्रममा कार्यालयले व्यहोर्ने अंशभन्दा रु.२,१४,५१०/- बढी खर्च लेखी सरकारलाई थप व्ययभार पारेको देखियो ।

९. **बिक्रेतालाई भुक्तानी** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार खरिद भएका सामाग्रीको मूल्यको आधारमा भुक्तानी हुने रकम सम्बन्धित पार्टीलाई एसी पेयी चेक मार्फत भुक्तानी हुनुपर्दछ । कृषि कार्यमा प्रयोग हुने मालसामान मेशिन उपकरण, विज, तरकारी फलफूलका विरुवा आदि खरिद भएका सामानको मूल्य सम्बन्धित विक्रेतालाई भुक्तानी हुनुपर्नेमा कार्यक्रम सञ्चालन गर्नेको नाममा हुने गरेको पाइयो । कर्मचारी मार्फत भुक्तानी हुँदा मूल्यमा फरकपना आउने, रकम हराउने हुँदा सम्बन्धित पार्टीलाई भुक्तानी गराउने तर्फ विभाग मन्त्रालयले समेत ध्यान दिनुपर्ने देखियो ।

१०. **फरक मूल्यमा सामान खरिद** : सार्वजनिक निकायले स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा तोकिएको कार्यक्रममा मितव्ययी हुने गरी खर्च गर्नुपर्दछ । एकै मितिमा एकै प्रकारका सामान एकै ठाउँबाट फरक फरक मूल्यमा खरिद गर्न मिल्ने देखिदैन । कार्यालयले पेश्की मार्फत खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गरेका कृषि च्याउ खेतीमा प्रयोग हुने सामानको स्पेशिफिकेशन नतोकेको र खरिद गरीएका सामान गुणस्तर युक्त छ भन्ने प्रमाणित समेत नगरी फरक फरक मूल्यमा खरिद गरेको पाइयो । स्पेशिफिकेशन र ब्राण्ड समेत नतोकेको अवस्थामा चारा कटर मेशिन न्यूनतम रु.८,०००।- देखि अधिकतम रु.१९,०००।- सम्ममा र पराल बफाउने ड्रम रु.२,५००।- देखि रु.२,८००।- सम्ममा खरिद गरेको देखियो ।

| सामानको विवरण | दर | मूल्य रकम |
|---|---|---|
| चारा कटर मेशिन ७ थान | १३०००/- | ९१०००/- |
| चारा कटर मेशिन ३ थान | १९०००/- | ५७०००/- |
| पराल वफाउने ड्रम १० थान | २८००/- | २८०००/- |
| चारा कटर मेशिन १ थान | १२०००/- | १२०००/- |
| चारा कटर मेशिन १ थान | १२०००/- | १२०००/- |
| ड्रम १ थान | २५००/- | २५००/- |
| चारा कटर मेशिन १ थान | ८०००/- | ८०००/- |
| चारा कटर मेशिन १ थान | ८०००/- | ८०००/- |
| चारा कटर मेशिन १ थान | १३०००/- | १३०००/- |
| चारा कटर मेशिन १ थान | ८०००/- | ८०००/- |

न्यून मूल्यको रु.८,०००।- पर्ने चारा मेशिनलाई आधार मान्दा परीक्षण गरिएका बिलमा मात्र रु.८१,०००।- बढी भएको र ५० प्रतिशत अनुदानको हिसाबमा रु.४०५००।- बढी भुक्तानी भएको छ । फरक फरक मूल्यमा खरिद गरी बढी व्ययभार पारेको रु.४०५००।- विषयमा स्पष्ट गर्नुपर्छ ।

११. **खरिद प्रकृया** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.३ लाखभन्दा बढी १० लाख रुपैया लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र लिइ खरिद गर्नसक्ने व्यहोरा उल्लेख छ । कार्यालयले थोपा सिंचाइ ग्रिन हाउसको लागि ९० जि.एस.एम.प्लाष्टिक खरिद गरी एक सप्लायर्सलाई रु.९,९९,६५०।- सिलबन्दी दरभाउपत्र बेगर सीधै भुक्तानी गरेको देखियो । यस प्रकार नियमावलीको व्यवस्था भन्दा फरक पारी खर्च गरेको नियमसम्मत् देखिएन ।

१२. **गैर विज वृद्धि कार्यक्रम** : मकैको विज वृद्धि कार्यक्रम सञ्चालन गर्न एक प्राविधिक सहायकले ६० हेक्टरको लागि रु.६८०००।- पेश्की लिएकोमा मकैको वीउ वितरण गरेको आधारमा ६० हेक्टरमा विज वृद्धि भएको जनाई खर्च लेखेको पाइयो । यस्ता कार्यक्रममा तोकिए अनुसार विज वृद्धि भए नभएको पुष्टि हुनुपर्ने देखियो ।

१३. **भवन निर्माण** : स्वीकृत कार्यक्रममा तुल्सीपुर सेवा केन्द्र भवन निर्माण गर्न रु.३५,००,०००।- बजेट व्यवस्था भएको पाइयो । एक निर्माण व्यवसायीसँग २०७३।३,१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७२।१२।८ गते रु.२३,५६,९०९।- मा निर्माण सम्झौता गरेको थियो । सम्झौता अनुसार तोकिएको काम ३.५ महिनाभित्र सम्पन्न गर्नुपर्नेमा हालसम्म पनि सम्पन्न भएको छैन । निज निर्माण व्यवसायीले तोकिएको कार्य सम्पन्न नगरी अधुरै अवस्थामा भवनको निर्माण छोडेको देखियो । यो वर्ष दोश्रो रनिङ बिलको रु.१९,०६,६६२।- भुक्तानी भएको छ ।

१३.१. तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम समयमा कार्य सम्पादन हुन नसके बापतको पूर्वनिर्धारित क्षतिपूर्ति माग गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिश गर्नुपर्नेमा कार्यालयबाट सो काम भएको छैन । निर्माण व्यवसायीबाट कार्य सम्पादन बापत राख्नुपर्ने रु.१,१७,८४५।- असुल गर्नुपर्नेमा असुल भएको छैन ।

१३.२. लेखापरीक्षण अवधि २०७३।१०।१८ सम्म लाग्ने पूर्वनिर्धारीत क्षतिपूर्ति असुल गर्नुपर्ने देखिएकोले सम्झौता रकम रु.२३,५६,९०९।- को (आषाढ मसान्त पछिको) ६ महिना १८ दिन अर्थात १९८ दिनको ०.५ प्रतिशतले हुने रु.२,३३,३३४।- पूर्व निर्धारित क्षत्रिपूर्ति असुल गरी दाखिला हुनुपर्दछ ।

१३.३. स्थलगत निरीक्षण गर्दा भवन निर्माण अधुरै अवस्थामा रहेको ग्राउण्ड फ्लोरमा माटो कम्प्याक्सन समेत नभएको देखिन्छ । भवन निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न गराउँन विभाग तथा मन्त्रालयले पर्याप्त बजेटको व्यवस्था गरी आबस्यक निर्देशन समेत दिनुपर्ने देखियो ।

१३.४. सम्झौता बमोजिम भऱ्याङ छोप्ने पहिलो तलाको काम नभएको भवनमा टाइविम माथि गाह्रो लगाउने कार्य नभएको, ग्राउण्ड फ्लोरमा माटो पुर्ने कार्य तोकिए बमोजिम नभएको आदि कारणले सम्झौता बमोजिम रु.६,६९,५९५।- वरावरको काम भएको छैन ।

१३.५. **परफरमेन्स वण्ड बेगरको सम्झौता** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कवोल रकमको ५ प्रतिशतले हुने फरफरमेन्स वण्ड लिएपछि मात्र ठेक्का सम्झौता हुनुपर्नेमा कार्यालयले रु.१ लाखको विड वण्ड पेश गरेका आधारमा सम्झौता गरेको छ । कबोल अङ्कको ५ प्रतिशतले हुने रु.१,१७,८४५।- बराबरको परफरमेन्स वण्ड पेश हुनुपर्ने थियो । कार्यालयले परफरमेन्स वण्डको सट्टा घटी रकमको विडवण्डको आधारमा सम्झौता गरेकोले गरीएको सम्झौता नै नियमसम्मत् देखिदैन ।

१४. **जनश्रमदान** : साना सिंचाइ बिशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० को निर्देशन ३.३ मा सहभागी सस्थाले कुल लागतको न्युनतम १५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी व्यहोर्नुपर्ने उल्लेख छ । कार्यालयले यस कार्यक्रम अन्तर्गत सञ्चालित विभिन्न साना सिंचाइ विशेष कार्यक्रममा १० उपभोक्ता सस्थाले निर्देशिकाले तोकेको सीमासम्मको जनश्रमदानबाट लागत व्यहोरेको नपाईएको हुँदा घटी हुन गएको जनश्रमदान बापतको रकम रु.२१,१६६।- असुल हुनुपर्दछ ।

१५. **कार्यक्रम संशोधन** : कार्यालयको २०७२।७३ को बाली विकास कार्यक्रम अन्तर्गत मसिना तथा बास्नादार धानको उन्नत खेती गर्ने कृषकलाई जिन्क सल्फेट मोनो हाईड्रेड प्रयोग स्वरुप प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनका लागि आबश्यक जिन्क सल्फेट मोनो हाईड्रेड ७.५ मेट्रिक टन सप्लाईका लागि रु.६,५०,०००।- बजेट बिनियोजन भएको देखियो । कार्यक्रम अनुसार जिन्कसल्फेट मोनो हाइड्रो प्रति के.जी. ८६.६७ का दरले खरिद गर्ने गरी कुनै बस्तुनिष्ट आधार बेगर लागत अनुमान समेत स्वीकृत नगराई प्रति के.जी. १८० का दरले ३.९८८ मे.टन खरीद गर्दा रु.३,०४,३८५।- बढी दायित्व परेको पाईयो । बढी दायित्व पर्ने गरी खरिद गरेको नियमित देखिएन ।

१६. **प्रोत्साहन रकम भुक्तानी** : बृहत्तर धान बाली उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७२ को परिच्छेद २ को दफा ५(च) मा कृषक, कृषक समुह, कृषक सहकारीले प्रोत्साहन रकम प्राप्त गर्न तोकेको मापदण्ड पुरा गर्नुपर्ने उल्लेख छ । कृषकले बाली बीमा गरेको प्रमाण निर्देशिकामा तोकिएको

न्युनतम मापदण्ड पनि पुरा नभएको अवस्थामा प्रोत्साहन रकम रु.१,६८,३००।- भुक्तानी गरेको देखियो । यस्तो भुक्तानी भएको प्रोत्साहन रकमलाई नियमित मान्ने आधार देखिएन ।

## पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना (पश्चिम खण्ड), तुल्सीपुर

१. **वित्तीय विवरण** : कार्यालयले रु.१,८०,७३,१७,९९८/- खर्च देखाएकोमध्ये रु.१,२१,९८०/- को चेक फिर्ता भएको पाइयो । उक्त खर्च नभएको रकम समेत खर्च देखाइ वित्तीय विवरण प्रमाणित भएकोले रु.१,२१,९८०/- हिसाब मिलान गर्नुपर्ने देखियो ।

२. **ऐन नियमको पालना** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, लागत अनुमान गर्दा निर्माण सम्पन्न गर्ने अवधि नतोकेको, मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी नदिएको, वातावरणीय परीक्षण नगरेको, भुक्तानी भएको छाप नलगाएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, नापी किताव र नापी नियन्त्रण खाता नराखेको, त्रुटि सच्चाउने अवधिको अद्यावधिक अभिलेख नराखेको, कार्य प्रगतिको सुचना लिने नगरेको, गुणस्तर परीक्षणको अभिलेख नराखेको, मर्मतको अभिलेख नराखेको, भ्रमण प्रतिवेदन नराखेको, सम्झौता कायांन्वयन कायंयोजना नबनाएको लगायतका व्यहोरा देखिएका छन । उक्त व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गर्नुपर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य प्रगति** : २०६४।६५ देखि शुरु भै २०७४।७५ सम्ममा मध्य पहाडी क्षेत्रमा सुविधा पुऱ्याउने उद्देश्यले सञ्चालित यस आयोजनाको संशोधित लागत अनुमान रु.३९ अर्ब ९९ करोड ५४ लाख ६ हजार भएकोमा आर्थिक वर्ष २०७२।७३ सम्म रु.६ अर्ब ७० करोड ५२ लाख ६१ हजार खर्च भएको छ । २०७४।७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २ वर्ष मात्र बाँकी रहदा १६.७६ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ भने भारित प्रगति १८.५६ प्रतिशत मात्र देखियो । राष्ट्रिय गौरवको यस आयोजनाले तोकिए अनुसारको लक्ष्य परिपूर्ति गर्न विशेष कार्यक्रम तर्जुमा गरी लक्षित प्रतिफल प्राप्त गर्नुपर्नेमा न्यून प्रगति हाँसिल गर्नाले राष्ट्रिय विकासको लक्ष्यमा बाधा पुग्ने देखिन्छ ।

आयोजनाले हालसम्म गर्नुपर्ने कुल कार्यको विस्तृत सर्वेक्षण डि.पि.आर समेत तयार गरेको देखिदैन । आयोजनालाई निर्दिष्ट दिशामा सञ्चालन गर्न विस्तृत सर्भेक्षण गर्न गराउन तालुक निकाय तथा आयोजनाको ध्यान जानुपर्ने देखियो ।

४. **पूँजीगत खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक अनुपात मिलाई खर्च गर्नुपर्दछ । आयोजनाले पूंजीगत खर्च रु.१ अर्ब ८० करोड ७३ लाख १८ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.१ अर्ब ३३ करोड ४४ लाख २९ हजार (७३.८३ प्रतिशर्त खर्च गरेको छ भने आषाढ महिनामा बहुबर्षिय ठेक्का सम्झौता अनुसार दिएको मोबिलाइजेसन पेश्की समेत गणना गर्दा रु.६६ करोड ५८ लाख ४८ हजार (३६.८४ प्रतिशत) खर्च गरेको पाइयो । आषाढ १ महिनामा मात्र ३६.८४ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

५. **बोलपत्र तथा ठेक्का व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नुपर्ने व्यवस्था भएकोमा योजनाले उल्लेखित अवधिभित्र ठेक्का पट्टाको खरिद कार्य सम्पन्न गर्न सकेको पाइएन । योजनाबाट यस वर्ष १६ ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का सम्झौता नभएको, दोस्रो चौमासिकमा ५ र तेस्रो चौमासिकमा ११ ठेक्का

व्यवस्था गरेको पाइयो । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

६. **कन्टिन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष आयोजनाले (विभागमा पठाएको समेत) रु.६ करोड ०७ लाख १५ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन ।

७. **निर्माण कार्य** : निर्माण व्यवसायीसँग गरेको ठेक्का सम्झौतामा तोकिएको कुनै आइटमको २५ प्रतिशतभन्दा बढी र ठेक्का सम्झौताको १० प्रतिशतभन्दा बढी वृद्धि हुने गरी भरिएशन गर्नुपरे आयोजना प्रमुखले पूर्वस्वीकृति लिई नयाँ दर सम्झौता बमोजिम भेरिएशन आदेश जारी गर्नसक्ने उल्लेख छ। यस वर्ष परीक्षण भएका ४ ठेक्काको आइटममा २५ प्रतिशत तथा कुल ठेक्का सम्झौताको १० प्रतिशतभन्दा वृद्धि भएको अवस्थामा तालुक निकायको स्वीकृति बेगर ५ ठेक्काको रु.१,१२,२६,०४६/- को पूर्वस्वीकृति बेगर कार्य गराएको देखियो । यस प्रकार सम्झौताको शर्तभन्दा फरक कार्य गराएकोमा पूर्वस्वीकृति नलिएकोले नियमसम्मत् देखिएन ।

८. **अधुरा ठेक्का** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८(१)मा खरिद सम्झौतामा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य नगरेमा कार्य सम्पादन हुन नसके बापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउन आवश्यक रकम क्षतिपूर्ति भराउने उल्लेख छ । अधुरा रहेका ठेक्कामा निर्माण व्यवसायीसँग पेश्की बाँकी देखिएकोले व्याज समेत हिसाव गरी असुल गर्नुपर्ने देखिन्छ :

८.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौमा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने र निजबाट १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने उल्लेख छ । ठेक्काको म्याद समाप्त भै म्याद थप नभएको तथा निर्माण कार्य समेत नगरी अधुरा छोडेका निर्माण व्यवसायीसँग नियमावलीमा भएको व्यवस्था बमोजिम ११ ठेक्काको बैंक जमानतबाट रकम प्राप्त गरी रु.५,४५,१५,८३९/- पेश्की फछ्र्यौट गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ब्याज समेत प्राप्त गरी पेश्की फछ्र्याट गर्नुपर्ने देखियो ।

८.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा सार्वजनिक निकायले सम्झौताको अन्त्य गर्नसक्ने उल्लेख छ। त्यस्तै सोही दफाको उपदफा ३ को (ख) मा खरिद सम्झौता बमोजिम काम नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापत निज निर्माण व्यवसायीबाट असुल गराउने व्यवस्था समेत छ । ऐनमा उपरोक्तानुसार व्यवस्था भए तापनि कार्यालयबाट प्राप्त विवरण अनुसार ४९ निर्माण ठेक्का तोकिएको समयमा कार्य नगरेका तथा म्याद थप समेत नभएको अवस्थामा सम्झौताको अन्त्य गरी अन्य निर्माण व्यवसायीबाट काम गराएको पाइएन । यस प्रकार समयमा कार्य सम्पन्न नगरी काम अधुरै छोड्ने र निर्माण व्यवसायीलाई दिएको पेश्की समेत असुल नगर्ने कार्य उचित देखिएन । यसतर्फ कार्यालय तथा तालुक निकायले ध्यान दिनुर्ने देखियो ।

८.३. ठेक्का सम्झौता अनुसार १८ निर्माण व्यवसायीबाट सम्झौता रकमको ०.०५% प्रतिदिनका दरले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.२,९३,९०,०००/- असुल गरी काम सम्पन्न गर्नुपर्दछ ।

९. **भेरिएसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार सम्झौता बमोजिमको कार्य थपघट वा नयाँ आइटम थप गर्नु पूर्व स्वीकृत हुनुपर्ने, तथा भेरियसन आदेश प्राप्त नभै कुनै आइटमको काम गर्न मिल्ने देखिदैन । आयोजनाले यो वर्ष सम्पन्न भएको उल्लेख गरेका ५ निर्माण ठेक्कामा निर्माण व्यवसायीले रु.१३,७४,९०६/- वरावरको निर्माण कार्य सम्पन्न गरेको देखिएन । आयोजनाले सम्पन्न नभए जति काम भेरिएसनबाट घटाइ ठेक्का फरफारक गरेकोले काम नसक्ने निर्माण व्यवसायीलाई कारवाहीबाट उन्मुक्ति दिएको छ । सोमा तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो ।

१०. **इन्जिनियरिङ फ्यासिलिटी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भईसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थप, घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा तोकिएको अधिकारीले थपघट तथा नयाँ आइटमको लागत अनुमान तयार गरी भेरिएसन आदेश थप गर्न सक्ने व्यवस्था भएतापनि जनरल आइटम इन्जिनियरिङ सुविधामा भेरिएशनबाट थप गरी भुक्तानी दिन मिल्ने देखिदैन । आयोजनाले एक निर्माण व्यवसायीलाई इन्जिनियरिङ फ्यासिलिटी मा ६ महिनाको रु.१,०८,०००/- थप गरी भुक्तानी दिएको देखियो । इन्जिनियरिङ फ्यासिलिटिमा भेरिएशन गर्ने कानूनी व्यवस्था नभएकोमा भेरिएसनबाट रकम थप गर्नु उचित देखिएन ।

११. **नापी सिट परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । आयोजनाले यो वर्ष भुक्तानी भएका विभिन्न ठेक्का बिल मध्ये परीक्षण गरेका ठेक्कामा निम्नानुसार देखियो ।

११.१. एक संयुक्त उपक्रमलाई अन्तिम बिलको रकम भुक्तानी हुँदा पेश भएको नापी परीक्षण गर्दा विभिन्न साइजका ढुङ्गा भर्ने कार्यको परिमाण जोडजम्मा गर्दा ४६१३४ घनमिटर देखिएकोमा ५००७ घनमिटरको नापी देखाइ भुक्तानी भएको छ । बढी भुक्तानी परिमाण ३९६.६ घनमिटरको मूल्य अभिवृद्धि कर समेत रु.३,११,३३८/-असुल हुनुपर्छ ।

११.२. एक निर्माण व्यवसायीलाई दोश्रो रनिङ बिलको रकम रु.२,१३,३४,५४०/- भुक्तानी भएकोमा पिसिसिमा भएको गाह्रोको लम्बाईभन्दा गाह्रो लगाएको लम्वाई ३६५.०४ मिटर दोहोरो हुने गरी नापजाँच गरेको देखियो । दोहोरो हुने गरी नापजाँच गरेका सम्वन्धमा प्राविधिक पुष्ट्याँइ पेश नभएकोले सो लम्वाईका आधारमा नापी भएको १०४९.०४ घनमिटरको ठेक्का दर रु २८५० ले हुने रु.२९,८९,७६४/- र सोको मूल्य अभिवृद्धि कर रु.३,८८,६६९/- समेत रु.३३,७८,४३३/- बढी भुक्तानी भएकोले सो रकम असुल हुनुपर्छ ।

११.३. एक निर्माण व्यवसायीलाई पहिलो रनिङ बिलको रकम रु.५८,३९,८६१/-भुक्तानी भएकोमा नापी तथा बिल परीक्षण गर्दा निम्नअनुसार देखियो :

- ठेक्का सम्झौतामा क्वालिटी प्रयोजनका लागि खरिद भएका इक्यूपमेण्ट औजार कार्य सम्पन्न भएपछि आयोजनाले फिर्ता गर्नुपर्ने उल्लेख छ । सो अनुसार खरिद भएका सामानको बिल भर्पाइ चेक गरी भुक्तानी गर्नुपर्नेमा बिल भर्पाइ रु.४,६१,७२८/- भएकोमा रु.१५,००,०००/- भुक्तानी भएको देखियो । बिल भर्पाइभन्दा बढी भुक्तानी भएको रु.१०,३८,२७२/- असुल गर्नुपर्छ ।

- ठेक्का बिलबाट सवारी साधन तथा मोटर साइकल खरिद नगर्नू नगराउनु भन्ने तालुक निकायले निर्देशन गरेकोमा ०७२/७३ को ठेक्का हुँदासम्म विओक्यूमा १ थान मोटर साइकल खरिद गर्न रु.२,५०,०००।– व्यवस्था गरेको र साही अनुसार खरिद गरी रु.२,५०,०००/- भुक्तानी समेत गरेको पाइयो ।
- फोटोकपी बिलको आधारमा एक निर्माण व्यवसायीको बिल रकम रु.१,८०,४५,६६९/- मा मूल्य अभिवृद्धि कर रु.२०,५२,५६०/- भुक्तानी भएको देखियो । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम रितपूर्वकको बीजकको आधारमा मूल्य अभिवृद्धि कर भुक्तानी गर्नुपर्नेमा फोटोकपी बिलको आधारमा भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर तिरेको समायोजन गरेको पत्र पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्छ ।

१२. **सुविस्ताको आधारमा ठेक्का अन्त्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ को उपनियम १ मा सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापतको रकम निजबाट व्यहोर्नुपर्ने उल्लेख छ। त्यस्तै खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद सम्झौतामा निर्माण व्यवसायीले सम्झौता बमोजिमको कार्य नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिने, सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो बाँकी काम सम्पन्न गराउने उल्लेख छ ।

पुष्पलाल मध्य महाडी लोकमार्ग पश्चिम खण्ड अन्तर्गत घोडावण्ड खरवाङ चेनेज नं २५+०००-६५+००० वाग्लुङ जिल्लाको सडक खण्डमा निर्माण कार्य गर्न मा रु.१,४०,४०,४९१/- को ठेक्का सम्झौता गरी २०६८/१२/२९ एक निर्माण व्यवसायीलाई कार्यादेश दिएको देखियो । उक्त सम्झौता अनुसार निज निर्माण व्यवसायीले २०६९/६/३० सम्म कार्य सम्पन्न गर्नुपर्नेमा कार्य शुरु नै गरेको देखिएन ।

निजले राखेको पेश्की जमानत र कार्य सम्पादन जमानत २०७०/१/२७, २०७०/७/६ र २०७०/१२/२४ मा नेपाल इन्भेष्टमेन्ट बैंकसँग निजले काम नगरेकोले अबिलम्व फिर्ता गर्न माग गरेको देखिन्छ । हालसम्म उक्त रकम प्राप्त भएको छैन । समयमा कार्य शुरु नगर्ने तथा गरेको कार्यको प्रगति पनि न्यून भएको अवस्थामा निज निर्माण व्यवसायीसँग ठेक्का तोडी आवश्यक कारवाही गर्नुपर्नेमा उक्त खण्डमा हाल कालो पत्रे सडक निर्माण कार्यको लागि अर्को निर्माण व्यवसायीसँग कार्य शुरु हुन लागेको भनी सुविस्ताको आधारमा २०७२/३/३१ मा सम्झौता अन्त्य गरेको देखियो । उक्त निर्माण व्यवसायीको २०६९/१२/२८ मा ठेक्काको म्याद समाप्त भएको र २०७१/१०/१५ मा निजले म्याद थपको लागि निवेदन दिएको र २०७१/१०/१५ सम्म बिना कुनै कारण हर्जाना नलिने गरी महानिर्देशकबाट म्याद थप गर्नु नियमसम्मत् देखिएन ।

निर्माण व्यवसायीले कार्य सम्पन्न हुनुभन्दा ७ दिन अघि म्याद थपको निवेदन दिनुपर्ने, ठेक्काको म्याद समाप्त भएको ६६२ दिनपछि म्याद थप मागेको पत्रको आधारमा म्याद थप गरी अन्तिम बिलको रकम रु.९,०२,२२९/- भुक्तानी दिएको छ। कूल ठेक्का रकम रु १,४०४,०,४९१/- को ३२.७६ प्रतिशत मात्र काम गरेका निज निर्माण व्यवसायीलाई अन्तिम बिलको रु.९,०२,२२९/- र मूल्य अभिवृद्धि कर समेत कुल रु.५१,९९,०२८/- भुक्तानी गरेको छ । तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट ६६६ दिनको १० प्रतिशतले हुने रु.१,४४,०४९/- असुल गर्नुपर्ने तथा निजले राखेको कार्य सम्पादन जमानतको रु.७,९३,५००/- समेत बैंकबाट फिर्ता माग गर्नुपर्ने र निजले कार्य सम्पन्न नगरेको रु.९४,३९,५८१/- ब्राबरको काम निजको खर्चमा अर्को निर्माण

व्यवसायीबाट गराउनुपर्नेमा सो नगरी उल्टै पुरस्कृत हुने गरी सुविस्ताको आधारमा ठेक्का तोड्नु उचित देखिएन ।

१३. **घटी रकम असुल** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९.३ मा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च काम नगर्ने निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट भएको निर्माण ठेक्काको जनरल कण्डिसनको दफा ७(४) तथा स्ट्याण्डर्ड कण्डिसनमा ठेक्का तोड्दाको दिनमा काम नभएको परिमाणको लागत अनुमानको २० प्रतिशतले हुने रकम निज निर्माण व्यवसायीबाट असुल गराउने उल्लेख छ । वाग्लुङ जिल्लाको गोदीखोला घोडाबाधेको आर.सि.सि पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१,३५,०८,१७२/- मा सम्झौता भएको थियो । निज निर्माण व्यवसायीले सम्झौता बमोजिमको कार्य नगरेका कारण २०७१/१०/१५ मा ठेक्का तोडेको देखिन्छ । ठेक्का तोड्दा निज निर्माण व्यवसायीबाट नगरेको काम अर्को एक निर्माण व्यवसायीबाट रु.१,३२,५८,१७३/- मा गराएको पाइयो । ठेक्का तोड्दाको अवस्थामा तयार भै स्वीकृत भएको लागत अनुमान रु.१,४१,४८,१९२/- देखिन्छ । सम्झौता बमोजिम लागत अनुमानको २० प्रतिशतले हुने रु.२८,२९,६३८/- असुल गर्नुपर्नेमा आयोजनाले रु.१८,७८,८१९/- मात्र असुल गरेकोले रु.९,५०,८१८/- असुल गर्नुपर्छ ।

१४. **मोविलाइजेशन पेश्की भुक्तानी** : निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता अनुसार मोविलाइजेशन पेश्की दिनुपर्ने उल्लेख छ । मोबिलाइजेशन पेश्की भुक्तानी गर्दा निर्माण व्यवसायीले मालसामान खरिद गरेको बिल तथा डकुमेण्ट पेश गरेपछि मात्र पेश्की दिनुपर्ने उल्लेख छ । आयोजनाले मोबिलाइजेशन पेश्की भुक्तानी गरेका विभिन्न निर्माण व्यवसायीमध्ये परीक्षण भएका व्यवसायीको खरिद बिल तथा डकुमेण्ट परीक्षण नै नगरी रु.१९,४५,०६,३००/- भुक्तानी दिएको देखियो । ठेक्का सम्झौताको पालना नगरी मोबिलाइजेशन पेश्की भुक्तानी भएकोले दिएको रकम अन्यत्र प्रयोग भएको छैन भन्न सक्ने अवस्था देखिएन । यसतर्फ आयोजनाले गम्भिरतापूर्वक ध्यान दिइ आर्थिक अनुशासन पालना गर्नुपर्ने देखियो ।

१५. **सीमा नाघी भेरियसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १ को (घ) मा सम्झौता मूल्यको १५ प्रतिशतसम्मको भेरियसन आदेश प्राविधिक पुष्ट्याँई गरी विभागीय प्रमुखले गर्नसक्ने, सोभन्दा बढीको भेरियसन आदेश जारी गर्नुपर्ने भएमा सम्बन्धित सचिवको अध्यक्षतामा रहेको समितिले सिफारिस गरी नेपाल सरकार मन्त्रिपरिषदले गर्नसक्ने उल्लेख छ ।

१५.१. आयोजनाको जाजरकोट जिल्लाको स्वेडाडा दशेरा सडक खण्डको काम एक निर्माण व्यवसायीसँग रु.११,७८,४२,४३४/- मा सम्झौता भएको थियो । आयोजनाले विभिन्न प्राविधिक कारणबाट केही आइटम थपघट गर्नुपर्ने कारण दर्शाई भेरियसन आदेश नं.२ बाट रु.१३,८५,५३,७६४/- को सिफारिश गरी महानिर्देशकबाट शुरु ठेक्काको १३.९९ प्रतिशत वृद्धि भएको जनाई मिति ०७२/७/८ मा भेरियसन स्वीकृत भएको छ । शुरु ठेक्का सम्झौता रु.११,७८,४२,४३४/- को जोमा भेरिएशन आदेशबाट कायम रु.१३८५५३७६४/- सम्झौता अङ्कको १७.५७ प्रतिशतले बढी देखिन्छ । यस अवस्थामा उक्त भेरिएसन आदेश नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्नुपर्नेमा महानिर्देशकबाट स्वीकृत भएको छ तोकिएको सिमा भन्दा रु.२,०६,३३,७९८/- भेरियसन आदेश स्वीकृत भएकोले नियमसम्मत् देखिएन ।

१५.२. एक निर्माण व्यवसायीको अन्तिम बिलसम्म रु.११,८९,२६,८२४/- भुक्तानी भएको छ । निर्माण व्यवसायीसँग २०७०/१/२६ मा भएको सम्झौता बमोजिम ०७२/७/२६ मा कार्य सम्पन्न गर्नुपर्ने थियो । उक्त निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेक रु.१०,४७,६०,३८०।-

मा सम्झौता भएको देखिन्छ । उक्त सम्झौताको आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके बमोजिम महानिर्देशक बाट १५ प्रतिशत अर्थात रु.१२,०४,७४,४३७/- सम्म सम्झौता कायम हुने भेरिएसन आदेश स्वीकृत गर्न मिल्दछ । तर उक्त निर्माण व्यवसायीको ठेक्कामा महानिर्देशकबाट स्वीकृत भएको भेरिएसन आदेशबाट शुरु सम्झौताको १३.८७ वृद्धि उल्लेख गरी रु.१२,२१,४१,२५४/- रकम कायम गरेको छ । भेरिएसन रकम प्रोभिजनल सम बाहेक सम्झौताको १६.५९ प्रतिशत वृद्धि भएको देखियो । शुरु सम्झौता रकमको १५ प्रतिशतभन्दा बढीको भेरिएसन आदेश मन्त्रिपरिषदबाट स्वीकृत गर्नुपर्नेमा महानिर्देशकबाट स्वीकृत भएको नियमसम्मत् देखिएन ।

१५.३. एक निर्माण व्यवसायीसँग प्रोभिजनल सम बाहेक रु.८,१३,५७,९२९/- मा निर्माण ठेक्का भएको थियो । उक्त ठेक्का सम्झौता बमोजिम महानिर्देशकबाट रु.९,३५,६१,६१८/- सम्म सम्झौता कायम हुने गरी भेरिएसन आदेश जारी गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर प्रोभिजनल सम समेतको अङ्कबाट १४.६३ प्रतिशत वृद्धि भएको जनाई रु ९,४४,०९,५७०/- को भेरिएसन आदेश जारी भएको छ । शुरु सम्झौताको हिसावमा १६.०४ प्रतिशत वृद्धि देखिन्छ । यस हिसावमा भेरिएसन आदेश मन्त्रिपरिषदबाट स्वीकृत गर्नुपर्नेमा गरेको नदेखिएकोले नियमसंम्मत भएन । उक्त ठेक्कममा सम्झौता रकम रु ९,४४,०९,५७०/- भएकोमा सो भन्दा रु.७५,७८,४९४/- बढी भुक्तानी भएकोले थप आर्थिक दायित्व बढेको देखियो ।

१६. **घटि क्षतिपूर्ति** : एक निर्माण व्यवसायीसँग चेनेज २+०४०–१०+८०० सम्म ८७६० मिटरको बाटो निर्माण गर्न रु.९८,०६,०१५/- मा मिति ०६८/१०/२७ मा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता बमोजिम २०६९/४/२७ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने थियो । निर्माण व्यवसायीले २०७०/१२/२४ सम्म उक्त ठेक्काको निर्माण कार्य शुरु नै नगरेको भनी बैंक जमानत माग गरेको पत्र ठेक्का फाइलबाट देखिन्छ । तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट अन्तिम बिलको भुक्तानी गर्दा शुरु ठेक्का रकमको १० प्रतिशतले हुने क्षतिपूर्ति असुल गर्नुपर्नेमा कार्य सम्पन्न देखाइ कायम गरेको रकम रु.९०,९५,५७५/- बाट १० प्रतिशतले हुने रकम क्षतिपूर्ति असुल गरेको छ । यस्ता कार्यबाट वित्तीय अनुशासन पालना नहुदा नियन्त्रण हुनु जरुरी छ ।

१७. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस वर्ष परीक्षण गरीएका ठेक्का मध्ये २ ठेक्कामा वास्तविक कार्य भन्दा बढी भुक्तानी भएको रकम रु.१७,४८,४६२/- असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. **घटी परिमाण** : एक निर्माण व्यवसायीको निर्माण सम्पन्न भएको ठेक्का बिल परीक्षण गर्दा सम्झौता अनुसार ८२२० मिटर लम्वाइको सडक ट्रयाक खन्ने काम गन १३९४८०.३८ घनमिटर उल्लेख भएकोमा ४५+०२०-४६+२३० सम्म १२१० मिटर लम्वाइको ट्रयाकको काम नै नगरेको अवस्थामा माटो खन्ने परिमाण सोही अनुपातमा घट्नु पर्नेमा ७२९२७.०२ घनमिटर बढेको देखाइ भुक्तानी भएको छ । ट्रयाक खोल्ने लम्वाइ १४.७३ प्रतिशत घटेको अवस्थामा ११८९३५ घनमिटरको नापजाँच हुनुपर्नेमा २१२४०७.४० घनमिटरको नापी देखाइ भुक्तानी भएको छ । बाटो लम्वाइ घटेको अनुपातभन्दा ९३४७२.४८ घनमिटरको बढेकोले ट्रयाकको माटो खनेको परिमाण वास्तविकतामा आधारित देखिएन । यसबाट माटो ट्रयाक खन्ने दर रु ९० ले ९३४७२.४८ को रु.८४१२५३२/- बढी भुक्तानी भएन भन्न सक्ने अवस्था नदेखिएकोले प्राविधिक पुष्टयाँइ पेश हुनुपर्छ ।

१९. **भेरिएसन थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा

म्याद भित्र वाणिज्य वैंकबाट जारी भएको कार्य सम्पादन जमानत खरिद सम्झौता रकमको ५ प्रतिशत हुनुपर्ने उल्लेख छ । यो वर्ष तथा विगतमा भेरिएसन आदेशबाट थप सम्झौता भै हालसम्म भएका ६ ठेक्कामा रु.३६,५५,२३३/- को थप कार्य सम्पादन जमानत लिएको पाइएन । खरिद नियमावली बमोजिम भेरिएसनबाट थप भएको सम्झौता रकमको थप कार्य सम्पादन जमानत लिनुपर्छ ।

२०. **मूल्य समायोजन :** सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (१) मा उल्लेख छ । त्यस्तै उपनियम २ मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजन गर्ने अवस्था, निर्धारण गर्ने सुत्र, निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपपर्ने र सुत्र लागु हुने समयको अन्तराल उल्लेख गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले ६ निर्माण व्यवसायीलाई मूल्य समायोजन वपतको रकम भुक्तानी दिदा बढी भुक्तानी भएको सम्बन्धमा वास्तविक भुक्तानी हिसाव यकिन गरी बढी भुक्तानी दिएको रकम रु.२,११,१८,०९९/- असुल हुनुपर्दछ ।

२१. **बढी भुक्तानी :** कर्णाली पुल निर्माणका एक संयुक्त उपक्रमलाई सत्रौं रनिङ बिलको रकममा मूल्य समायोजन बापत रु १,८५,७६,३१३/- भुक्तानी दिएको पाइयो । निज निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौतामा पेश्की कट्टी पछिको बिल रकमबाट मूल्य समायोजन गणना गरीने र मूल्य समायोजन कूल ठेक्का रकमको २५ प्रतिशत ननाघ्ने गरी भुक्तानी दिन सकिने उल्लेख छ ।

- आयोजनाले सत्रौं रनिङ बिलको रकम रु.६,४९,०६,२४६/- मा कट्टी गरेको पेश्की ५,०७,२५,२००/- पश्चात कायम हुने मूल्यको प्रयोग भएको factor ०.२७४४ ले हुने रु.४३,९७,१४५/- (मूल्य अभिवृद्धि कर समेत) मात्र भुक्तानी हुनुपर्नेमा रु.१,८५,७६,३१३/- भुक्तानी भएकोले रु.१,४१,७९,१६८/- बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्छ ।
- त्यस्तै सोही बिलसम्म मूल्य समायोजन बापत रु.४,४०,५८,८१५/- भुक्तानी भएको छ । उक्त रकम शुरु सम्झौता रकम रु.१७,१७,०१,९३०/- को २५.६४ प्रतिशत देखिन्छ । यस हिसावमा २५ प्रतिशतले हुने रु.४,२९,२५,४८२/- मात्र भुक्तानी गर्नुपर्नेमा रु.४,४०,५८,८१५/- मूल्य अभिवृद्धि बाहेक भुक्तानी भएको रु.११,३३,३३२/- र सोको मूल्य अभिवृद्धि कर समेत रु.१२,८०,६६५/-असुल हुनुपर्छ ।

२१.२. एक संयुक्त उपक्रमलाई प्रथम मूल्य समायोजन बापत रु.९,४०,६१५/- भुक्तानी भएको छ । मूल्य समायोजनको लागि प्रयोग भएको सूत्रमा मूल्य वृद्धि श्रम, मेटेरियल तथा इक्यूपमेण्टको मात्र देखिन्छ । सोही सूत्रको आाधारमा मूल्य वृद्धि भुक्तानी दिनुपर्दा जनरल आइटमको मूल्य वृद्धि दिनसक्ने व्यवस्था देखिदैन । तसर्थ जनरल आइटमको रु.१०,८०,०९८/-मा मूल्य वृद्धि दिएको रु.३०,५९९/- र सोको मूल्य अभिवृद्धि कर समेत हुने रकम रु.३०५९९/- असुल हुनुपर्छ ।

२२. **कर बीजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची ५ बमोजिमको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीले कर बीजक जारी नगरी मूल्य अभिवृद्धि कर भुक्तानी लगेको रु.८,८९,६९१/- असुल हुनुपर्छ ।

२३. **शर्त सहितको बैंक ग्यारेण्टी :** निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल कण्डिशन मा निर्माण व्यवसायीबाट (क) वर्गको बैंकको शर्त रहितको बैंक जमानत पेश भएपछि ठेक रकमको तोकिएको प्रतिशतले हुने मोबिलाइजेशन पेश्की उपलब्ध गराउने व्यवस्था छ । आयोजनाले ५ निर्माण ब्यबसायी फर्महरुलाई शर्त सहितको बैंक ग्यारेण्टीको आधारमा रु.७,०२,५५,०००/- पेश्की दिएको पाइयो ।

यसबाट सरकारी रकमको पुर्ण सुरक्षण नहुने हुदा शर्त सहितको बैंक ग्यारेन्टीको प्रतिस्थापन गर्नुपर्ने देखियो ।

२४. **नापजाँच** : सार्वजनिक खरिद नियमावली, २०६४ मा स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । नेपाल सरकारले स्वीकृत गरेको जनरल नर्म्स २०५२ मा फलामे डण्डी प्रयोग हुने संरचनाहरुमा फलामे डण्डीको नाप तथा प्रयोगमा प्रति के.जी.१.०५ का दरले प्रयोग हुने उल्लेख छ । सिंचाइ, आवाश तथा खानेपानी जस्ता संरचना निर्माण गर्ने क्षेत्रमा प्रति के.जी. शून्य दशमलव शून्य पाँच प्रतिशत ल्यापिङ तथा जर्तिको लागि व्यवस्था गरी प्रति के.जी. १.०५ का दरले नाँपजाज हुने गरी नर्म्स तयार भै सोही अनुसार प्रयोग हुने डण्डीको नाँपजाँच हुने गरेको पाइयो । यस विभागबाट मात्र स्वीकृत भएको विभागिय नर्मसको आधारमा संरचना निर्माणको लागत अनुमान तयार तथा डण्डीको नापजाँच गर्दा प्रति के.जी १.१५ का दरले लागत अनुमान तथा नाँपजाँच गरी भुक्तानी गरेको पाइयो । अन्य क्षेत्र भन्दा ०.१० बढी जर्ति तथा ल्यापीङ्ग नाप्नुपर्ने कुनै कारण देखिदैन । यस प्रकार बढी जर्ति दिनुको स्पष्ट कारण नभएकोले बढी जर्ति राखी नर्म्स बनाउनु र सो सम्बन्धित निकायबाट स्वीकृत नभएको नर्म्सलाई आधार लिई उदाहरणका लागि दुई ठेक्कामा रु.५१२८३३।५५ बढी नाँपचाँच गरी भुक्तानी गर्दा अन्य क्षेत्रको भन्दा बढी  खर्च भएको छ । यस तर्फ मन्त्रालय तथा विभागले ध्यान दिनुपर्ने देखियो ।

२५. **बढी भुक्तानी** : एक निर्माण ब्यबसायीलाई तेह्रौ तथा अन्तिम रनिङ्ग बीलको भुक्तानी गर्दा समान खरिद गरेको बीलमा मूल्य अभिबृद्धि कर समाबेश भई सकेको अबस्थामा समेत ठेक्का सम्बन्धी बिल तयार गर्दा उक्त आईटमवाईज कार्यमा मूल्य अभिवृद्धि कर रु.१४,६२१/- समेत थप गरी भुक्तानी गरेको पाईएको हुँदा दोहोरो पर्न गएको मूल्य अभिबृद्धि कर रु.१४६२१/- असुल हुनुपर्दछ ।

२६. **धरौटी** : योजनाले १२ वटा निर्माण व्यबसायी फर्महरुलाइं ठेक्का रकम भुक्तानी गदां धरौटी बापत कट्टी गरेको ५०% बाँकी रकम रु.१९,९७,०००/- त्रुटी सच्याउने अबधि समाप्त भएपछि भुक्तानी दिदाँ सम्बन्धित आन्तरिक राजस्व कायांलयबाट मूल्य अभिव.द्धि कर समायोजन गरेको प्रमाण बेगर भुक्तानी दिएको पाइंएको हुदा सम्बन्धित भुक्तानी भएका वषंको मूल्य अभिव.द्धि कर समायोजन वा मूल्य अभिव.द्धि कर तिरेको प्रमाण पेश हुनुपदर्छ ।

२७. **परामर्श सेवा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिन सकिने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ७२(१) अनुसार परामर्शदाताबाट लिखित रुपमा प्राविधिक वा आर्थिक प्रस्ताव माग गरी खरिद गर्नसक्ने व्यवस्था छ । आयोजनाले कार्यालयमा उपलव्ध जनशक्तिबाट काम हुन सक्ने नसक्ने विश्लेषण नगरी २३ परामर्शदाताबाट रु.१,१५,१२,०००।– हजारको परामर्श सेवा लिएको देखियो । उल्लेखित व्यहोरा अनुसार सेवा लिइ भुक्तानी दिँदा तोकिए अनुसारका प्रतिबेदन प्राप्त भए नभएको बिश्लेषण गरेको र अभिलेख जनाई राखेको देखिएन ।

२८. **एजविल्ट ड्रइङ्ग** : यस आयोजनाले ठेक्का सम्झौता गरेका निर्माण व्यवसायीले काम सम्पन्न गरेपछि तोकिए अनुसार एजविल्ट ड्रइङ्ग पेश गर्नुपर्ने अन्यथा ठेक्का सम्झौताको ०.०१ प्रतिशतले हुने रकम वा १ लाख जुन बढी हुन्छ रोक्का राखिने व्यवस्था ठेक्का सम्झौतामा उल्लेख छ । आयोजनाले पेश गरेको ठेक्का विवरण परिक्षण गर्दा ३८ व्यवसायीले सम्झौता अनुसार एजविल्ट ड्रइङ्ग पेश गरेको नदेखिएकोले सम्झौतामा तोकिए अनुसार हुने ३८ ठेक्काको एक लाख रुपैयाका दरले रु.३८ लाख रकम असुल गर्नुपर्दछ ।

२९. **चालु खर्च** : विभिन्न खर्च शीर्षकमा विनियोजित बजेट ती खर्च शीर्षकको व्याख्या अनुसार नै खर्च हुनुपर्दछ । आयोजनाले तलव खर्च शीर्षक (२११११) मा खर्च लेखाङ्कन गरेको रु.१,०५,१५,५२६/- मध्ये रु.७,६३,७४८/- सेवा करारका कर्मचारीलाई पारिश्रमिक दिएको पाइयो । सेवा करारकालाई अन्यसेवा

शुल्क खर्च शीर्षक (२२४१२) बाट खर्च गर्नुपर्नेमा तलव खर्च शीर्षकबाट खर्च गरेकोले नियमसम्मत् देखिएन ।

३०. **बढी खर्च** : आयोजनाले सेवा करारतर्फका ९ कर्मचारीलाई साउन, भदौ र असोजको पारिश्रमिक पे बिल अनुसार रु.४,००,५९०/- भुक्तानीको खर्च लेखांकन गर्नुपर्नेमा रु.४,०४,५९४/- खर्च जनाएको देखिएकोले बढी खर्च जनाएको रु.४,००४/- असुल हुनुपर्छ ।

३१. चैत्र महिनाको तलवबाट कट्टी गरेको नागरीक लगानी कोष रु.१,०१,७००/- दाखिला हुनुपर्नेमा रु.९०,७५२/- मात्र सम्बन्धित कोष दाखिला भएको भौचर श्रेस्ता साथ रहेको र गोश्वारा भौचरमा पनि सोही रकम दाखिला गरेको लेखाङ्कन भएकोले नागरीक लगानी कोषमा दाखिला हुन छुट रु.१०,९४८/- दाखिला भएको प्रमाण पेश हुनुपर्छ ।

३२. **राजस्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा प्रत्येक कार्यालयले राजस्व आम्दानी दाखिला गर्दा दोहोरो श्रेस्ताप्रणाली अनुसार राजस्व श्रेस्ताको लागि महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढाँचाामा लेखा अद्यावधिक गरिराख्नुपर्ने र लेखामा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने उल्लेख छ । आयोजनाको राजस्वको आर्थिक विवरण अनुसार रु.१,६३,९६,८९१/- राजस्व आम्दानी दाखिला देखाएकोमा आयोजनाले सो राजस्वको दैनिक अभिलेख खाता, राजस्वको बैंक नगदी किताव आदी श्रेस्ता र राजस्व लेखामा भिड्ने प्रमाणित कागजात लेखापरीक्षणको लागि पेश नगरेकोले राजस्वको आम्दानी दाखिला भिडान हुन सकेन । तसर्थ राजस्वको हिसाव स्पष्ट देखिने गरी श्रस्ता पेश हुनुपर्ने देखियो ।

३३. **फिल्ड निरीक्षण** : रुकुम जिल्लामा निर्माण कार्य गरेका विभिन्न ठेक्कामध्ये दुई निर्माण ठेक्काको स्थलगत निरीक्षण गर्दा निम्नानुसार देखियो :

३३.१. सेरी गाँउ मछामी हाँसीवाङ 0+000 देखि 12+200 सम्मको निर्माण ठेक्का ०७३।३।४ मा १५ महिनाभित्र सम्पन्न गर्ने गरी एक एक निर्माण व्यवसायीसँग रु.८६९७९०२६/- मा सम्झौता भएको थियो । सम्झौता भएको ३१ महिना वितिसक्दा पनि शुरु 0+000 देखि करिब ४.५ किलोमिटरसम्म बाटो खन्ने कार्य समेत भएको नपाइएको, तत्पश्चातका कार्यहरु हाल निर्माण हुँदैको अवस्थामा देखियो । स्ट्रक्चरको काम केही मात्र भएको देखिन्छ । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई समयमै सजग गराइ निर्माण सम्पन्न गराउनुपर्दछ ।

३३.२. सितल पोखरी खोपीचौर बाटो कालोपत्रे स्तर 0+000 देखि 14+140 सम्म निर्माण कार्य गर्न १४ जुन, २०१६ मा ३ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी रु.२०,७०,९३,५२५/- मा एक निर्माण व्यवसायीसँग सम्झौता भएको थियो । सम्झौता भएको ६ महिना वितिसकेको अवस्थामा निज निर्माण व्यवसायीले 0+000 देखि 5+200 सम्म अर्थात कुल १४.१४ किलोमिटरको बाटो खन्ने कार्य गरेको देखियो । बाटो खनेको माटो सफा गर्ने कार्य गरेको देखिएन । सो क्षेत्रमा रिटेनिङ स्ट्रक्चर पनि निर्माण गर्दै रहेको अवस्थामा देखियो । समयमै बाटो चक्ला बनाई कालोपत्रे गर्ने कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई सजग बनाउनुपर्ने देखिन्छ ।

३४. **मोबिलाइजेशन पेश्की** : आयोजनाले विभिन्न ४५ निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेश्की रु.६९,४०,६१,०००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्छ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला स्थित ८७ कार्यालयहरुमध्ये २ कार्यालयको जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट, ९ क्याम्पसहरुको विश्वविद्यालयको आन्तरिक लेखापरिक्षण शाखावाट, प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद अन्तर्गतको १ इकाई र राष्ट्रिय परिक्षा वोर्ड अन्तर्गतको १ इकाईको आन्तरिक लेखापरिक्षण सम्बन्धित केन्द्रिय निकायवाटै भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार ५३ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरीएका ३५ मध्ये निम्न ९ कार्यालयको रु.३,४२,७७४।- बेरुजू बाकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग कार्यालय | ३०७८०२४ | खर्च शीर्षक नमिलाई खर्च लेखेको | ३,४०,०००।- |
| २ | नेपाल संस्कृत विश्वविद्यालय जनता विद्यापीठ | - | १. धरौटी तथा दायित्व फरफारक नभएको, पेश्की बाँकी भएको ,वैंक हिसाव मिलान गर्नु पर्ने , पूजीगत सम्पत्तीको यथार्थ अभिलेख नभएको,तलव भत्ता खर्च नियम सम्मत नभएको बजेट भन्दा वढी खर्च भएको | सैद्धान्तिक, २७७४।- |
| ३ | नेपाल संस्कृत विश्वविद्यालय विश्वविद्यालय विद्यापीठ | - | १. धरौटी तथा दायित्व फरफारक नभएको<br>२. पेश्की बाँकी भएको | सैद्धान्तिक<br>,, |
| ४ | नेपाल संस्कृत विश्वविद्यालय परिक्षा नियन्त्रण कार्यालय | - | १. धरौटी तथा दायित्व फरफारक नभएको<br>२. पेश्की बाँकी भएको | सैद्धान्तिक |
| ५ | नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको कार्यालय ०७१।७२ | - | १. धरौटी तथा दायित्व फरफारक नभएको<br>२. पेश्की बाँकी भएको | सैद्धान्तिक |
| ६ | नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको कार्यालय ०७२।७३ | - | १. धरौटी तथा दायित्व फरफारक नभएको<br>२. पेश्की बाँकी भएको | सैद्धान्तिक<br>,, |
| ७ | नेपाल संस्कृत विश्वविद्यालय जनता संस्कृत उ.मा.वि. | - | १. धरौटी तथा दायित्व फरफारक नभएको<br>२. पेश्की बाँकी भएको ,वैंक हिसाव मिलान विवरण तयार गर्नुपर्ने लपूंजीगत सम्पत्तिको यथार्थता खुल्ने गरी अभिलेख नभएको ,भवन निर्माण गर्दा कोटेशन नलिइ निर्माण सामग्री खरिद गरेको | सैद्धान्तिक |
| ८ | राष्ट्रिय परीक्षा वोर्ड शाखा कार्यालय | - | १. आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोरा फछ्र्यौट नभएको , जिन्सी निरीक्षण प्रतिवेदन तयार नभएको ,वार्षिक खरिद योजना नवनाएको<br>२ आम्दानीको वैक हिसाव मिलान विवरण तयार गर्नुपर्ने | सैद्धान्तिक |
| ९ | राप्ती प्राविधिक शिक्षालय | - | १. आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोरा फछ्र्यौट नभएको, आम्दानी रकम एउटै खातामा जम्मा गर्नु पर्ने पान विलवाट भएको खरिद नियम सम्मत नभएको, कोटेशन नलिइ सिधै सामग्री खरिद गरेको खर्च हुने सामानको जिन्सी खाता एउटै राख्नुपर्ने | सैद्धान्तिक |
| | | | **जम्माः** | **३४२७७४** |

**(विश्वनाथ रेग्मी)**
**नायव महालेखापरीक्षक**

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधि: विस्तृत** (रु हजारमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | पुनरवेदन सरकारी वकिल कार्यालय | १९९६२ | ५३ | ४०६ | ० | २०४२१ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३५७७ | ० | ८ | ० | ३५८५ |
| ३. | आयुर्वेद अध्ययन संस्थान डिनको कार्यालय | ० | ० | ० | ४३५०६ | ४३५०६ |
| ४. | आन्तरिक राजस्व कार्यालय | १७२९४ | ७४१८६४ | ५२८२ | ३०००० | ७९४४४० |
| ५. | केन्द्रिय आयुर्वेद विद्यापिठ | ० | ० | ० | १५४९२ | १५४९२ |
| ६. | जिल्ला जनस्वास्थ्य कार्यालय | १५३८२५ | ३९४ | ५०६ | १४८१८ | १६९५४३ |
| ७. | जिल्ला प्राविधिक कार्यालय | १५११५१ | ३३८ | १०११८ | ० | १६१६०७ |
| ८. | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | १५२१९ | ८६५१२३ |
| ९. | जिल्ला शिक्षा कार्यालय | ११६४७३६ | २९३१० | ० | ६६०१ | १२००६४७ |
| १०. | नेपाल संस्कृत विश्वविद्यालय केन्द्रिय कार्यालय | ० | ० | ० | १००४२१८ | १००४२१८ |
| ११. | प्राथमिक स्वास्थ्य कार्यालय | १०३१५ | ० | ५० | ० | १०३६५ |
| १२. | महेन्द्र बहुमुखी क्याम्पस | ० | ० | ० | ४२४६८ | ४२४६८ |
| १३. | मालपोत कार्यालय, घोराही | १५०६९ | १३६३९९ | १३३१ | १६४७३० | ३१७५२९ |
| १४. | मालपोत कार्यालय, तुल्सीपुर | ५९४५ | ३४५९५ | ७६५९ | ९८८६९ | १४७०६८ |
| १५. | राप्ती अंचल अस्पताल | ५०७०१ | ११६ | २२५० | २१४१३ | ७४४८० |
| १६. | राप्ती उपक्षेत्रीय अस्पताल | ८२९८४ | ६६९ | २४५९ | ६८३४५ | १५४४५७ |
| १७. | रिपुमर्दन गण | २०६६८५ | ४५ | २०७५ | ० | २०८८०५ |
| १८. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | १७१९६ | १७१९६ |
| १९. | शाखा तथ्यांक कार्यालय | ६३०५ | ५ | ० | ० | ६३१० |
| २०. | शैक्षिक तालिम केन्द्र | ५७९९ | ४७४ | ० | ० | ६२७३ |
| २१. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १४६७ | १ | १४७ | ४१ | १६५६ |
| २२. | शहरी विकास तथा भवन निर्माण डिभिजन का. | ११५१ | ६ | १५७ | ० | १३१४ |
| २३. | जिल्ला हुलाक कार्यालय, | ३८३ | ३६ | ६ | ४३८ | ८६३ |
| २४. | जिल्ला वन कार्यालय | ९३९ | ८३ | २०७ | १६४ | १३९३ |
| २५. | जिल्ला भू-संरक्षण काया)लय | २९७ | ०.०२ | ०.१८ |  | २९७.२ |
| २६. | जिल्ला कृषि विकास कार्यालय, | ६०० | ३.०७ | ६.१२ | २.२ | ६११.३९ |
| २७. | जिल्ला पशु सेवा कार्यालय, | ४११ | १ | २ | ११ | ४२५ |
| २८. | भूमीगत सिंचाई व्यवस्थापन डिभिजन | ६४६ | ०.६ | १८ | ० | ६६४.६ |
| २९. | प्रगन्ना वड्कापथ सिंचाई व्यवस्थापन डिभिजन | ३८२ | १६ | ० | ० | ३९८ |
| ३०. | सिंचाइ विकास डिभिजन, | २३११ | ११ | २२३ | ० | २५४५ |
| ३१. | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, | २०७२ | ७ | १७३ | ० | २२५२ |
| ३२. | जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय, | ३०३१ | ३ | १८३ | ० | ३२१७ |
| ३३. | डिभिजन सडक कार्यालय | ५६३५ | १९७ | १०१७ | १६८७ | ८५३६ |
| ३४. | यान्त्रिक कार्यालय घोराही | ८९ | ९ | १२ | १० | १२० |
| ३५. | अञ्चल यातायात व्यवस्था कार्यालय | १०३ | १३५५ | १.०३ | ० | १४५९.०३ |
| ३६. | यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ | ३२ | १७५ | ० | ० | २०७ |
| ३७. | जिल्ला प्रहरी कार्यालय | १५२४ | ० | २४ | २५० | १७९८ |
| ३८. | सशस्त्र प्रहरी वल ज्वालामाई गण | २४२७ | ० | ० | ० | २४२७ |
| ३९. | सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय | ८६९ | ० | ८ | ० | ८७७ |
| ४०. | अंचल सशस्त्र प्रहरी गुल्म, | ३९२ | ० | ० | ० | ३९२ |
| ४१. | जिल्ला प्रशासन काया)लय | १६९ | २४१ | ६८ | १६५१ | २१२९ |
| ४२. | कारागार कार्यालय, घोराही | १०२ | ०.०१ | ० | ०.०३ | १०२.०४ |
| ४३. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ८७ | ० | ० | ० | ८७ |
| ४४. | इलाका प्रशासन कार्यालय, लमही | २२ | १०० | ० | ० | १२२ |

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ४५. | अंचल प्रहरी कार्यालय, राप्ती | २८५ | ०.९५ | ० | ० | २८५.९५ |
| ४६. | म.प.क्षे.प्र.आ.मा.बि | ८८ | ०.०२ | ० | ० | ८८.०२ |
| ४७. | कारागार कार्यालय,तल्सीपुर | १९४ | ०.०४ | ०.१६ | ० | १९४.२ |
| ४८. | वडा प्रहरी कार्यालय घोराही | २४४ | ०.०५ | ० | ० | २४४.०५ |
| ४९. | प्रगन्ना बड्कापथ सिंचाइ आयोजना | १९८९ | २ | ८१ | ० | २०७२ |
| ५०. | मध्यपहाडी लोकमार्ग योजना, पश्चिम खण्ड | १८२१६ | २६० | २१४७ | ० | २०६२३ |
| | जम्मा | १९४०५०५ | ९४६७६९ | ३६६२४ | १५४७१२९ | ५३२०९३२ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु.हजारमा)

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जनता संस्कृत मा.वि. बिजौरी | ० | ० | ० | ९९२६ | ९९२६ |
| २. | सेवा आयोगको कार्यालय (२०७१।०७२) | ० | ० | ० | ८०५७ | ८०५७ |
| ३. | सेवा आयोगको कार्यालय (२०७२।०७३) | ० | ० | ० | ६९४१ | ६९४१ |
| ४. | जनता विद्यापिठ, बिजौरी | ० | ० | ० | ४०८८५ | ४०८८५ |
| ५. | परिक्षा नियन्त्रण कार्यालय | ० | ० | ० | १३६१७ | १३६१७ |
| ६. | विश्वविद्यालय विद्यापिठ | ० | ० | ० | १६१९७ | १६१९७ |
| ७. | राष्ट्रिय परिक्षा वोर्ड शाखा कार्यालय | ० | ० | ० | ९२१३५ | ९२१३५ |
| ८. | राप्ती प्राविधिक शिक्षालय | ० | ० | ० | ७७११३ | ७७११३ |
| ९. | घरेलु तथा साना उद्योग कार्यालय, | ८१८० | १६५४१ | ३८१ | ० | २५१०२ |
| १०. | रोजगार सूचना केन्द्र | ९९९ | ० | ० | ० | ९९९ |
| ११. | राप्ती अञ्चल आयुर्वेद औषधालय | ७१२० | ० | ३२ | ० | ७१५२ |
| १२. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८६५५ | ५४ | ५०२ | ३२५ | ९५३६ |
| १३. | जिल्ला निर्वाचन कार्यालय | ५१९१ | ५३ | ५१ | ० | ५२९५ |
| १४. | पुनरावेदन अदालत | ३६२०६ | ५२२ | ३४६४ | ० | ४०१९२ |
| १५. | म.प. क्षेत्रिय आयुर्वेद चिकित्सालय | १४४४७ | २५ | १०७४ | १०१० | १६५५६ |
| १६. | देउखुरी जिल्ला अदालत | ३२८४५ | १२७७६ | २९५८७ | ३९४ | ७५६०२ |
| १७. | भुमिसुधार कार्यालय | ७९३२ | ४१ | १६१३ | ३८५ | ९९७१ |
| १८. | नापी कार्यालय, घोराही | १४२३५ | ३११२ | ० | २५० | १७५९७ |
| १९. | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र | १०५११ | ३९ | ६७ | ० | १०६१७ |
| २०. | लोक सेवा आयोग राप्ती अञ्चल कार्यालय | ९७१४ | ६५८० | ७१ | ० | १६३६५ |
| २१. | नापी कार्यालय, तुल्सीपुर | ७१४९ | १८५६ | ० | ६२० | ९६२५ |
| २२. | कोइलावास भन्सार कार्यालय | ३७२६ | २८० | ३६ | ६० | ४१०२ |
| २३. | १९ नं. वाहिनी अड्डा | १०३९१८ | ३४ | ११७९ | ० | १०५१३१ |
| २४. | १९ नं. फिल्ड एम्वुलेन्स गुल्म | १८६९८ | ० | ६४ | ० | १८७६२ |
| २५. | इलाका प्रशासन कार्यालय, तुल्सीपुर | ३८ | २१२ | ० | ० | २५० |
| २६. | वडा प्रहरी कार्यालय, लमही | २३८ | ० | ० | ० | २३८ |
| २७. | इलाका प्रहरी कार्यालय, तुल्सीपुर | ४९८ | ०.०२ | ० | ० | ४९८.०२ |
| २८. | इलाका प्रहरी कार्यालय, खिल्लतपुर | १८२ | ० | ० | ० | १८२ |
| २९. | इलाका प्रहरी कार्यालय, गढवा | ३९५ | ० | ० | ० | ३९५ |
| ३०. | इलाका प्रहरी कार्यालय, अमिलिया | १०५ | ० | ० | ० | १०५ |
| ३१. | इलाका प्रहरी कार्यालय, भालुवाङ | १२५ | ० | ० | ० | १२५ |
| ३२. | महिला तथा वालवालिका कार्यालय | २०९ | ० | ० | ० | २०९ |
| ३३. | जिल्ला बालकल्याण समिति, | २ | ० | ० | ० | २ |
| ३४. | डिभिजन सहकारी कार्यालय | ९१ | २.४७ | ०.१४ | ० | ९३.६१ |
| ३५. | भूमिगत जलस्रोत विकास समिति | १६५ | १ | २६ | ० | १९२ |
| | जम्मा: | २९१५७४ | ४२१२८ | ३८१४७ | २६७९१५ | ६३९७६४ |
| | कुल जम्मा: | २२३२०७९ | ९८८८९८ | ७४७७१ | १८१५०४४ | ५९६०६९७ |

अनुसूची २

# बेरुजूको स्थिति

*( रु हजारमा)*

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रियाबाट | जम्मा |
| १. | पुनरवेदन सरकारी वकिल कार्यालय | ४ | ० | ३ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३ | ११६ | १ | ० | २ | ० | ११६ | ० | ११६ | ० | ० | ० |
| ३. | आयुर्वेद अध्ययन संस्थान डिनको कार्यालय | १२ | १४ | ३ | ० | ९ | २ | १२ | ० | १४ | १३ | ० | १३ |
| ४. | आन्तरिक राजस्व कार्यालय | ४४ | ० | ३५ | ० | ९ | ० | ० | ० | ० | १४६ | ० | १४६ |
| ५. | केन्द्रिय आयुर्वेद विद्यापिठ | ११ | ८०१ | ० | ० | ११ | ३ | ७९८ | ० | ८०१ | ० | ० | ० |
| ६. | जिल्ला जनस्वास्थ्य कार्यालय | २५ | ३६४४ | ३ | ० | २२ | १६९ | २१३४ | १३४१ | ३६४४ | ० | ० | ० |
| ७. | जिल्ला प्राविधिक कार्यालय | १५ | २९०२१ | १ | ० | १४ | ७० | ३१२२ | २५८२९ | २९०२१ | ० | ० | ० |
| ८. | जिल्ला विकास समितिको कार्यालय | ७५ | १०४०९६ | ३३ | ० | ४२ | २८२२ | २०७६१ | ८०५१३ | १०४०९६ | ६ | ० | ६ |
| ९. | जिल्ला शिक्षा कार्यालय | १८ | १२७५ | ९ | ० | ९ | २१५ | १०६० | ० | १२७५ | ० | ० | ० |
| १०. | नेपाल संस्कृत विश्वविद्यालय केन्द्रिय कार्यालय | ३४ | ११४४४ | १९ | ० | १५ | ६६७ | १०७७७ | ० | ११४४४ | ० | ० | ० |
| ११. | प्राथमिक स्वास्थ्य केन्द्र | ५ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२. | महेन्द्र बहुमुखी क्याम्पस | १० | १७२१ | ४ | ० | ६ | १३ | १७०८ | ० | १७२१ | ४६ | ० | ४६ |
| १३. | मालपोत कार्यालय, घोराही | २२ | ५४८८ | १८ | ० | ४ | ३७९ | ५१०९ | ० | ५४८८ | ० | ० | ० |
| १४. | मालपोत कार्यालय, तुल्सीपुर | १४ | ५१५९० | ७ | ० | ७ | १७३ | ५१४१७ | ० | ५१५९० | ० | ० | ० |
| १५. | राप्ती अंचल अस्पताल | २० | १८२६ | ११ | ० | ९ | ११२० | ७०६ | ० | १८२६ | ० | ० | ० |
| १६. | राप्ती उपक्षेत्रीय अस्पताल | २२ | ९१९९ | ११ | ० | ११ | ९ | ८९६० | २३० | ९१९९ | ३० | ० | ३० |
| १७. | स्थानीय विकास कोषको सचिवालय | ६ | ३५४ | १ | ० | ५ | ० | ३५४ | ० | ३५४ | ३ | ० | ३ |
| १८. | शाखा तथ्यांक कार्यालय | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १९. | घरेलु तथा साना उद्योग कार्यालय, | ३ | ३४७ | २ | ७ | १ | ० | ३४० | ० | ३४० | ० | ७ | ७ |
| २०. | सेवा आयोगको कार्यालय२०७१।०७२) | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २१. | विश्वविद्यालय विद्यापिठ | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २२. | परिक्षा नियन्त्रण कार्यालय | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २३. | जनता विद्यापिठ, विजौरी | ७ | ३ | १ | ० | ६ | ० | ३ | ० | ३ | ० | ० | ० |
| २४. | सेवा आयोगको कार्यालय २०७२।०७३) | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २५. | जनता संस्कृत उ.मा. वि. विजौरी | ५ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| २६. | राष्ट्यि परिक्षा वोर्ड शाखा कार्यालय | ४ | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| २७. | राप्ती प्राविधिक शिक्षालय | ५ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ७ | ० | ७ |
| २८. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३७ | ३५२८७ | ९ | ० | २८ | २०२७ | २८४६७ | ४७९३ | ३५२८७ | ० | ० | ० |

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| २९. | शहरी विकास तथा भवन निर्माण डि. का. | २८ | २८९९६ | ३ | ० | २५ | ११५७ | ३८०७ | २४०३२ | २८९९६ | ० | ० | ० |
| ३०. | नगर विकास समिति घोराही | १५ | ३२२० | ४ | ० | ११ | ३१२० | ० | १०० | ३२२० | ० | ० | ० |
| ३१. | नगर विकास समिति लमही | २६ | १२००४ | ८ | ० | १८ | २७६३ | १९९७ | ७२४४ | १२००४ | ० | ० | ० |
| ३२. | जिल्ला हुलाक कार्यालय, | ४ | १९७ | ० | ० | ४ | १९७ | ० | ० | १९७ | ० | ० | ० |
| ३३. | जिल्ला वन कार्यालय | ३० | २९१३८ | ४ | ० | २६ | १०८९१ | १७९३४ | ३१३ | २९१३८ | ० | ० | ० |
| ३४. | जिल्ला भू-संरक्षण कार्यालय | १७ | २८४९ | ४ | ० | १३ | २७६ | २५७३ | ० | २८४९ | ० | ० | ० |
| ३५. | जिल्ला कृषि विकास कार्यालय | २२ | २२८२ | ६ | ० | १६ | ५९० | १६९२ | ० | २२८२ | ० | ० | ० |
| ३६. | जिल्ला पशु सेवा कार्यालय | १३ | ४०४२ | ३ | ० | १० | ५५४ | ३४८८ | ० | ४०४२ | ० | ० | ० |
| ३७. | भूमीगत सिंचाई व्यवस्थापन डिभिजन | १५ | ३९३६ | ६ | ० | ९ | ० | ३९३६ | ० | ३९३६ | ० | ० | ० |
| ३८. | प्रगन्ना वड्कापथ सिंचाई व्यवस्थापन डि. | १३ | १७१० | ४ | ० | ९ | ० | १७१० | ० | १७१० | ० | ० | ० |
| ३९. | सिंचाइ विकास डिभिजन नं. १ | २९ | १९२४७ | १५ | ० | १४ | ३७७ | १२८९१ | ५९७९ | १९२४७ | ० | ० | ० |
| ४०. | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, | २५ | ९०९८ | ६ | ० | १९ | १२० | ८९७८ | ० | ९०९८ | ० | ० | ० |
| ४१. | जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय | २१ | १२२७६१ | ६ | २५०३ | १५ | ० | ७८८५८ | ४१४०० | १२०२५८ | ० | ० | ० |
| ४२. | डिभिजन सडक कार्यालय | ५२ | ३४९८२४ | २१ | ० | ३१ | ४५९०७ | १३३५२५ | १७०३९२ | ३४९८२४ | ० | ० | ० |
| ४३. | यान्त्रिक कार्यालय घोराही | ६ | ० | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४४. | यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४५. | जिल्ला प्रहरी कार्यालय | ९ | २४६५ | ३ | ० | ६ | ९५८ | १५०७ | ० | २४६५ | ० | ० | ० |
| ४६. | अंचल प्रहरी कार्यालय, राप्ती | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ४७. | कारागार कार्यालय,तल्सीपुर | ५ | २६४७ | १ | ० | ४ | ० | ३३ | २६१४ | २६४७ | ० | ० | ० |
| ४८. | प्रगन्ना बड्कापथ सिंचाइ आयोजना, लमही | २३ | ६४२३४ | ८ | ० | १५ | ९९७३ | ११७६१ | ४२५०० | ६४२३४ | ० | ० | ० |
| ४९. | पुष्पलाल मध्यपहाडी लोकमार्ग योजना | ६१ | ८९८१२७ | २७ | ० | ३४ | ८३०२९ | १२१०३७ | ६९४०६१ | ८९८१२७ | ० | ० | ० |
| | **जम्माः** | **८२९** | **१८१३००३** | **३०८** | **२५१०** | **५२१** | **१६७५८१** | **५४१५७१** | **११०१३४१** | **१८१०४९३** | **२५१** | **७** | **२५८** |

**द्रष्टव्य :** • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची - ३

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि. नं | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | पुनरवेदन सरकारी वकिल कार्यालय | श्री खडग वहादुर खड्का | श्रीसोभाकर डांगी |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | श्री राजेश्वर अर्याल | श्री श्रीधर अधिकारी |
| ३. | आयुर्वद अध्ययन संस्थान डिनको कार्यालय | श्री सञ्जय पोखरेल | श्री टोप बहादुर डांगी |
| ४. | आन्तरिक राजस्व कार्यालय | श्री तुल्सीराम सेढांई | श्रीसम्भुराज आचार्य |
| ५. | केन्द्रिय आयुर्वेद विद्यापिठ | श्री श्याममणी अधिकारी | श्री गणेशराज पन्त |
| ६. | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री भुवन पौडेल | श्री राधा कुमारी न्यौपाने |
| ७. | जिल्ला प्राविधिक कार्यालय | श्री परशुराम बैदार | श्री हरि बहादुर वढाथोकी |
| ८. | जिल्ला विकास समितिको कार्यालय | श्री रमेश गौतम | श्री मेघराज शर्मा |
| ९. | जिल्ला शिक्षा कार्यालय | श्री रमेश प्रसाद मैनाली | श्रीसानु नारायण अधिकारी |
| १०. | नेपाल संस्कृत विश्वविद्यालय केन्द्रिय कार्यालय | श्री कार्तिक्ये झा | श्री लक्ष्मण पोखरेल |
| ११. | प्राथमिक स्वास्थ्य केन्द्र | श्री रितेश भण्डारी/इश्वरी खनाल | श्री खिम वहादुर सुवेदी |
| १२. | महेन्द्र बहुमुखी क्याम्पस | श्री विमल सुवेदी | श्री मनमन्तर शाह |
| १३. | मालपोत कार्यालय, घोराही | श्री लालमणी ओझा | श्री गोपाल प्रसाद पोखरेल |
| १४. | मालपोत कार्यालय, तुल्सीपुर | श्री हरिचन्द्र वुढा | श्रीसोभाकर डांगी |
| १५. | राप्ती अंचल अस्पताल | श्री भोलाराम श्रेष्ठ | श्री महेन्द्र बहादुर शाह |
| १६. | राप्ती उपक्षेत्रीय अस्पताल | श्री विकास देवकोटा/जनार्दन पन्थी | श्री विनोद दहाल |
| १७. | स्थानीय विकास कोषको सचिवालय | श्री मुक्तिराम सुवेदी | श्री विष्णुमणी आचार्य |
| १८. | शाखा तथ्यांक कार्यालय | श्री तुलसीराम पोखरेल | श्री मोहनलाल खड्का |
| १९. | जनता संस्कृत मा.वि. विजौरी | श्री पदम बहादुर रावत | श्री पदम बहादुर वली |
| २०. | सेवा आयोगको कार्यालय (२०७१।०७२) | श्री बेनीमाधव ढकाल | श्री विष्णु प्रसाद दाहाल |
| २१. | सेवा आयोगको कार्यालय (२०७२।०७३) | श्री बेनीमाधव ढकाल | श्री विष्णु प्रसाद दाहाल |
| २२. | जनता विद्यापिठ, विजौरी | श्री माधव अधिकारी | श्री हरि बहादुर डि.सी. |
| २३. | परिक्षा नियन्त्रण कार्यालय | श्री धनेश्वर नेपाल | श्री लालमणि पौडेल |
| २४. | विश्वविद्यालय विद्यापिठ | श्री बंसिधर आचार्य | श्री टोप बहादुर डाँगी |
| २५. | राष्ट्रिय परिक्षा वोर्ड शाखा कार्यालय | श्री रामजलम चौधरी | श्री मुलायम सिंह यादव |
| २६. | राप्ती प्राविधिक शिक्षालय | श्री राजेन्द्र प्रसाद चौधरी | श्री खेमराज गौतम |
| २७. | घरेलु तथा साना उद्योग कार्यालय, | श्री गंगामणी शर्मा/श्री उम ब.वली | श्री कुल बहादुर डांगी |
| २८. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री जगन्नाथ पुर्वे | श्री नारायण प्रसाद पोखेल |
| २९. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | श्री राजेन्द्र प्रसाद पाण्डे | श्री प्रेम प्रसाद गौतम |
| ३०. | नगर विकास समिति घोराही | श्री राजेन्द्र प्रसाद पाण्डे | श्री दुर्गा प्रसाद रिजाल |
| ३१. | नगर विकास समिति लमही | श्री राजेन्द्र प्रसाद पाण्डे | श्री प्रेम प्रसाद गौतम् |
| ३२. | जिल्ला हुलाक कार्यालय, | श्री पुष्पराज श्रेष्ठ | श्री श्याम एम सी |
| ३३. | जिल्ला वन कार्यालय | श्री नबराज काफ्ले<br>श्री सुयंकान्त सिग्देल | श्री घनश्याम नेपाल |
| ३४. | जिल्ला भू-संरक्षण कार्यालय | श्री शेषदत्त चौधरी<br>श्री शरदबाबु पंगेनी | श्री युवराज खड्का |
| ३५. | जिल्ला कृषि विकास कार्यालय, | श्री श्रीधर ज्ञवाली | श्री वामदेव गौतम |
| ३६. | जिल्ला पशु सेवा कार्यालय, | श्री जगतबहादुर सिम्खडा | श्री खुमानसिंह खड्का<br>श्री नारायण प्रसाद आचार्य |
| ३७. | भूमीगत सिंचाई व्यवस्थापन डिभिजन | श्री पुस्करनाथ घिमिरे | श्री खिम वहादुर सुवेदी |
| ३८. | प्रगन्ना वड्कापथ सिंचाई व्यवस्थापन डिभिजन | श्री रामकृष्ण घोरासैनी | श्री धनप्रसाद शर्मा |
| ३९. | सिंचाइ विकास डिभिजन, | श्री केदारकुमार श्रेष्ठ | श्री भरतराज रेग्मी |
| ४०. | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, | श्री वेदानन्द उपाध्याय<br>श्री शिव नन्दन प्रसाद साह | श्री तुकमान पुन मगर |
| ४१. | जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय, | श्री विनोद कुमार चापागाइ | श्री टिकावहादुर विश्वकमा |

| सि. नं | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| ४२. | डिभिजन सडक कार्यालय | श्री ज्ञानेन्द्रकुमार झा<br>श्री शिरबहादुर घिमिरे | श्री जयन्द्र पौडेल |
| ४३. | यान्त्रिक कार्यालय घोराही | श्री विजय कुमार शाह | श्री वलदेव पौडेल |
| ४४. | यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ | श्री यज्ञबहादुर वि.सी., श्री चेतलाल न्योपाने र श्री लिलाराम खत्री | श्री हरी बहादुर बढाथोकी र श्री लिलाराम खत्री |
| ४५. | जिल्ला प्रहरी कार्यालय | श्री कुवेर कठायत<br>श्री धिरज प्रताप सिंह | श्री राजिव चन्द |
| ४६. | अंचल सशस्त्र प्रहरी गुल्म, | श्री लाल बहादुर साउद | श्री क्षेत्र बहादुर थापा |
| ४७. | कारागार कार्यालय, घोराही | श्री विश्वराज आचार्य | श्री निमानन्द रिजाल |
| ४८. | प्रगन्ना बड्कापथ सिंचाइ आयोजना | श्री अमृत श्रेष्ठ | श्री चन्द्र बहादरु चामलिँ र श्री धना आचार्य |
| ४९. | मध्यपहाडी लोकमार्ग योजना, पश्चिम खण्ड | श्री सुर्यबहादुर भाट | श्री गंगाधर अर्याल |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np